CC-0. In Public Domain. Digitization by eGangotri

ने. २५१३

# पौराणिक कहानी

बदरीनाथ भट्टराई

9301
A

साझा प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. २५१३
वाल्मीकि क्याम्पस पुस्तकालय
त्रिभुवन विश्वविद्यालय
काठमाडौं

द. नं.- १२१४८

वाल्मीकि
क्याम्पस प्र०प०तह
द्वितीय वर्ष
प्रमाणपत्र
तह द्वि

दर्ता नं. १२१३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# पौराणिक कहानी

बदरीनाथ भट्टराई

त्रिभुवन विश्वविद्यालय वाल्मीकि
क्याम्पस पुस्तकालय

नं० ~~११८२~~
२५९३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

891·4930।
BHA

प्रकाशक : साझा प्रकाशन, काठमाडौं

साझा प्रकाशनबाट : चौथो पटक

छापिएको प्रति : २१००

सम्वत् : २०३८

मूल्य : ६।०५

मुद्रक : साझा प्रकाशनको छापाखाना,
पुलचोक, ललितपुर, नेपाल ।
फोन नं, ५१०२३

१२१९८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिभुवन विश्वविद्यालय
श्री वाल्मीकि विद्यापीठ
पुस्तकालय

## वक्तव्य

प्रबन्ध या नाटकमा जस्तै कहानीमा पनि भट्टराईजी सिद्धहस्त हुनुहुन्छ भन्ने कुरा यो संग्रहवाट छर्लङ्ग हुन्छ। यहाँ पुरानो चहक मात्र औंल्याइएको छैन वरु दर्शाइएको छ यथार्थ चित्रणका साथसाथै कलात्मकता र सुन्दरता।

पुराना कथामा पनि नवीनता, सरसता र मनोविज्ञानसमेत भरिएको हुँदा मीठो कथाको धारोले जनताको तृष्णा अवश्य मेटिनेछ, अतएव मुहान वनेका भट्टराईजीलाई धन्यवाद दिनु कर्तव्य ठहरिन्छ।

पौराणिक कहानीको अभाव जसरी पूर्ति गरिदिनुभयो उसै गरी ऐतिहासिक कहानीतिर पनि दृष्टि दिनुहोस् भनी भट्टराईजीलाई प्रार्थना गर्नु परिषद्को कर्तव्य नै हो।

२०१०

—भाषानुवाद-परिषद्

यो पुरानो चहक र यथार्थ चित्रण तथा कलात्मकता र सुन्दरताको समन्वयात्मक कथासंग्रह पुनरावृत्ति गर्न पाएकोमा साझा प्रकाशन गौरव वोध गर्दछ। भाषानुवाद परिषद्को प्रार्थनानुसार ऐतिहासिक कहानीको अभाव पनि वदरीनाथज्यूले धेरै मात्रामा पूर्ति गरिसक्नुभएको छ। यस्ता प्रतिभा-शाली भट्टराईज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु हाम्रो पनि कर्तव्य नै हो।

२०२४

—साझा प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# भीक

सामाजिकलाई त्यागेर पौराणिक कहानी किन भन्ने प्रश्न उठेकोमा कलम चलाउने कुतकुनीको फल हो भनी ओठे जवाफ दिने निधो गर्दै थिएँ तर बीचैमा एउटा साथीले उत्तर दिनुभयो–

"यसबाट त्यो बेलाको समाज देखिन्न र ? फेरि लक्ष्य उही हो, रूप उही हो, रसास्वाद उस्तै हो। अब बाँकी रह्यो यसबाट अहिलेको समाजलाई लाभ हुन्छ कि हुन्न भन्ने कुरा; त्यो त आफ्नै हातमा छ। हत्केलाको हीराले पनि कतिले जीवन निष्फल तुल्याएका छन् अनि कतिले चाहिं खानी खोतलेर पनि प्रशस्त लाभ उठाएका छन्।"

आदर्श कथामा नयाँ रङ भर्न खोज्दा स्वच्छ प्राचीन मूर्तिमा पालिश पोतिदिएजस्तै भयो कि ? त्यही हालतमा नपुगे पनि पुरानो ज्योति यहाँ त्यति देखियोइन, न त आधुनिक चहक राम्ररी झल्किएको होला। अझ कहीं छकल्ले टोपी लगाउनेले सूटबूट लगाए जस्तै देखिएला, अनि कतैचाहिं धोती उपर्नावालाले टोप लगाएजस्तै । जे होस्, यहाँ यथार्थतासँगको मुख्य सम्बन्ध छ ।

कहानी कलाका अन्तरङ्ग र बहिरङ्गमध्ये फलानो फुङ्ग उडेको छ कि अथवा ढिकानोको ढंग ठीक छैन कि इत्यादि तर्क वितर्क जरूर उब्जेका हुन्, तर त्यसमा पाठकहरूलाई नै परीक्षकको अभिभारा सुम्पिएर निष्पक्षपाती समालोचनाको भीक माग्दछु, जसबाट तुष्टिका साथसाथै हृष्टि र पुष्टिको पनि अनुभव हुनेछ ।

–लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# विषय-सूची


| विषय | पृष्ठ |
|---|---|
| साक्षात् देवता | १ |
| क्षमाको भीक | ६ |
| जवानीको जोश | १२ |
| मातृहत्या | १९ |
| धनको मोह | २६ |
| माहिलो छोरो आनामानी | ३३ |
| व्यभिचार | ४१ |
| घुस्माको क्षमा | ४६ |
| माझीकी छोरी रानी | ५३ |
| न्यायको पक्ष | ५८ |
| सैरन्ध्री | ६२ |
| पछुतो | ६८ |
| सीमन्तिनीको दैनन्दिनी | ७३ |
| जंगी उर्दी | ७९ |
| क्षत्रियाणी ज्वाला | ८६ |
| सौताको डाह | ९१ |
| तरुना जोगी | ९६ |
| साधु चोर | ९९ |
| पतन | १०४ |
| इनारको शरण | १०८ |
| चितामा आहुति | ११६ |


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# साक्षात् देवता

"हेरन के विधी सोंढ़ाएको, झण्डै सान्सानो हात्ती भनिदिए हुन्छ ए! दाज्यूहरूलाई लदाएर मजासंग खान पाइरहेको छ, कामका नाउँमा सिन्का भाँचिदैन, अनि नसोंढ़ाउनु पनि किन ? खाने वेलामा कसरी थुपुक्क आइपुगेको नि, मलाई त त्यही पो अचम्म लाग्छ। लाज पनि कसरी नलागेको। कस्ता हरिलठ्ठक !" भनेर फलाक्दै सौतेनी जेठी भाउज्यूले दुई चोइली रातो कनिकाको जाउलो सुकेको टपरीमा हालेर जडभरतका अगाडि फ्यात्त राखिदिइन् ।

निष्पट्ट बहिरो झैं सुन्या नसुन्यै गरी जडभरतले एक वचन बोलेनन् । जूनकीरीजस्तै झल्केका उनका आँखा टल्ल भइरहेका थिए। गहुँगोरो उनको मुखमा मलिनताले स्थान पाएकै थिएन वरु विशुद्ध रेखा टल्किरहेको थियो। सानो उपर्ना ओढेका भए तापनि उनले अभेद्य कवच लगाएका थिए, अनि भाउज्यूका विखालु वाणले छुनै सकेनन् । हिउँजस्तै चिसो त्यही चोइली फोरेर निस्तै कपाकप खान थाले। भान्साका दाल-तरकारीहरू न भाउज्यूले दिइन् न त जडभरतले मागे।

जडभरत भात खाँदै थिए। उनकी सहोदर वहिनी आइपुगिन् र दाज्यूको टपरी हेरेर आँसुले भरिएको आँखा चिमचिम गर्दै रुन्चे स्वरमा भनिन्, 'सान्दाइको त सबै थोक सिद्धिएछ, थपिदिनुहोस् न भाउज्यू।'

"यो चाहियो भनेर मागे पो दिनु, ईश्वरले बनाइदिएको मुख छँदै छ। नबोल्या किन हो ! अर्काको मनमा के छ, के छ, कसरी थाहा पाउनु। चाहिन्छ कि भनेर कहिले थपिदियो, त्यसै फ्याँकिएको हुन्छ अनि के गर्ने ?" (च्याँट्ठिएर भाउज्यूले भनिन् ।)

'यो चाहियो भनेर किन नमागेको सान्दाइ, तपाईं पनि यस्तै हुनु-हुन्छ र त सबैले हेला गर्छन् नि। आफूले मात्र ढाकछोप गरेर के गर्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



फलानाको दाज्यू यसरी हिँड्दछ भन्छन्, मलाई त लाजमर्नु भइसक्यो। अबदेखि यसो नगर्नोस् है दाइ।' (बहिनीले भनिन्।)

जडभरतले हुन्छ हुन्न केही भनेनन्। तिलको गेडोको शतांश जति पनि स्नेह बहिनीमाथि उनले देखाएनन्, न त भाउज्यूमाथि द्वेषको लेश मात्र पनि देखाए। भाउज्यूले दाल तरकारी थप्न ल्याउँदै थिइन्, तर उनी जुरुक्क उठे अनि चुठाएर सफा धोती उपर्ना फेर्न दिइन् र बहिनी चाहिं गइन्।

यत्तिकैमा जडभरतका माहिला दाज्यू आइपुगे। काँधको कोदाली राखेर उपर्नाको छेउले पसीना पुछ्दै उनले भने, 'यस्ता अर्धसिल्लीलाई खेत कुर्न राखेर के हुन्थ्यो, मैले त भनेकै हुँ नि। बस्न त आलीमा उभिरहेको रहेछ, तर के गर्नु ? परालकै मान्छेजस्तो न हो। बाली खान लागेका मृग, वनेल, साँढेहरूलाई 'हट्'सम्म पनि भन्नु छैन, टुलुटुलु हेरिरहने। अब यस्तालाई के भन्ने। त्यो चाल देख्नासाथ मलाई त रन्का छुटीहाल्यो, एक लोपुवा ख्वाइदिएँ। खै, गोज्याङ भनौं कि अल्छी भनौं कि धूर्त भनौं!! जहाँ गयो 'सानो भाइलाई किन त्यसरी छोड़िदिएका नि ?' भन्छन्। बडो फसाद। श्रँ, आज नयाँ धोती उपर्ना यसलाई कल्ले दिएछ नि ?'

जेठी भाउज्यू- उनैकी नङधरा बहिनीले। अहिले यहाँ आएर मेरो दाज्यूलाई हेला गर्‍यौ भनेर कति रुवाबासी मच्चाएर गइन्। मैले त जस्ता-लाई तस्तै ढिडालाई निस्तै भनिदिएँ, अनि सन्केर गइन्। रातोदिन जीउ खियाएर कमाइ गर्ने तपाईंहरू नौ भाइलाई जस्तै यिनलाई खान दिए हामीमा के विवेक रह्यो नि ?

माहिला दाज्यू—बासंग सती जांदा कान्छी आमाले लौ, सानु र सानी तिमीहरूकै पीछामा छोडेकी छु भन्नुभएको थियो। त्यसैले हाम्री आमा पनि लौ है भनेर खबरदारी गरिरहनुहुन्छ। फेरि जे भए पनि आफ्नो भाइ नै हो, मुख देख्दा माया लाग्छ। बेहोर देख्दा भने खपिसक्नु हुन्न !

जेठी भाउज्यू—' तपाईंहरू पिट्न सक्नुहुन्न, मनपेट दिइसक्नु भो, अनि कहाँको तर लाग्थे त ? अस्ति भात पस्केर अगिल्तिर राखिदिएँ, तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



के गर्नु, पलेंटी मारेर बसेका छन् छन्, खानुखुट्नु केही केही छैन, मलाई वाक्क लाग्यो, जतिसुकै बोलाए पनि सुन्ने होइनन्, अनि त अगुल्टो लगेर हातमा झोसिदिएँ, तव पो ब्संग भएर मलाई पुलुक्क हेरे, अनि भात खान थाले ।

यत्तिकैमा जनै लिएर आई 'ली, लाउनोस्' भनी वहिनीले जडभरतका हातमा दिइन्, उनीचाहिं जनै समाउँदैनसमाई जुरुक्क उठेर हिंडे ।

अनि वहिनीले माहिला दाज्यूलाई भनिन्, "तपाईहरूले यसरी के हेरिरहनुभएको हो ? मैले त केही वुझिनँ । जे भए पनि आफ्नो भाइलाई वाहुनको कर्म त राम्ररी गराउन लाउनुपर्छ ।" त्यसपछि कतैवाट केही आवाज आएन। वहिनीले खालि लामो सुस्केरा हालिन् ।

\+ + +

"म कहाँसम्मको मूर्ख ? साक्षात् परमेश्वरका काँधमा चढेर मन्दिरको वाटो सोद्धै हिड्ने । राजाभिमानको मैलो पर्दाले मेरा आँखा कसरी छोपिएका । तँ वल्दो आगो टेक्दा पनि म पोलिइनँ । अझ उल्टो अमृतको धारा पिउन पाएँ । धन्य ! महात्मा !" भन्दै पाल्कीवाट ओर्लिएका रहूगण जडभरतका पाउमा परे ।

छक्क परेका अरू डोलेहरू रहूगण र जडभरतलाई क्वाक्वार्ती हेर्न थाले । जडभरतको अन्तःस्थितिमा-न उन्मेष देखिन्थ्यो, न त निमेष। रहूगणको पत्थरिलो हृदयचाहिं पग्लँदै आँखावाट निस्किएर जडभरतको पाद्य वन्न थाल्यो, आफ्नो मैला पनि पखाल्न लाग्यो । हुँदाहुँदै जडभरतका मुखवाट निस्किएको दिव्य आलोकले रहूगणको अन्तःकरण चहकिलो भयो । यत्तिकैमा मुनि मेधा आइपुगे अनि एउटा डोले वीच वाटोमा विरामी हुँदा जडभरतलाई पक्री पक्री पाल्की वोक्न लगाएको र वेसरी गाली गरेको समेत कुराहरू सुनेपछि छिमेकी जडभरतलाई औंल्याएर उनले रहूगणसंग भने ।

"महाराज, यी उनै जडभरत हुन्, जसलाई डांकुहरूले भद्रकालीको मन्दिरमा लगेर वलि दिन आँटेका थिए । सिन्दूर र जपापुष्पको माला लगाइदिएर र आफ्नो घाँटी खुकुरीले रेट्न खोज्दा पनि यी रिसाएनन् न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



डराए, न त हत्याराको पाउमा परे। खालि क्षमाका आडमा अडिएका थिए। नजरहोस्, त्यही शक्तिको प्रयोगबाट यी विजयी भए। अन्त्यमा यिनलाई बलि बनाउन खोज्नेहरूले नै बलि बनेर यमलोकको बाटो तताउनु पर्‍यो, त्यो पनि फेरि एउटी आइमाईको हातबाट।

"यिनले जन्मभर कुनै आइमाईमाथि अत्याचार गरेनन्, पराईको धनमा कहिले आँखा लगाएनन्। विलासका साधनालाई घाँस बराबर तुच्छ सम्झे। हृदयको घाउमा लोभको धूलो पारेर उकुच पल्टाएनन् बरु सन्तोषको रसले धोएर दर्द हटाए। जिभ्रो तिखार्दै रसतिर फसेर यिनी नाठा बनेनन्, न त मृगजस्तै शब्दमा झुलेर शिकारी कुकुरका चोट खपे? कति बयान गरौं। असत्यका पर्दाभित्र छोपेर यिनले कसैलाई छकाएनन्। पराई ठानेर विश्वका कुनै प्राणीलाई द्वेषी दृष्टिले हेरेनन्, बरु आत्मभावले नै अँगाले, अनि भोका, दीन-दुःखीका निमित्त सर्वस्व सुम्पन्न किन गाह्रो मान्थे! कसैको विरुद्ध किन उजूर गरिरहन्थे, यिनले कसैलाई पनि कज्याएनन् भन्न त हुँदैन, किनभने ब्रह्मचर्यको सुनौला सिंहासनमा बसेर कामदेवलाई सधाएका प्रत्यक्षै छ। तर ताजुबको कुरा छ कि दुनियाँ यिनलाई जड भन्दछन्, यिनी-चाहिं दुनियाँलाई जड ठान्दा होलान्।

"धैर्यमय अमृत पिइराखेको हुँदा यिनलाई न मरुँला भन्ने डर छ, न त बूढो हुँला भन्ने। अरू चिन्ताले यिनलाई सताउने त कुरै भएन। यस्ता निर्भय व्यक्तिले स्वार्थको निमित्त अरूसँग पुकारा गर्ने र भोकप्यासमा रन्थनिने त कुरै छैन।

"बाबुको साथसाथै आमा पनि सती गइदिदा पुत्रस्नेहको रस यिनले राम्ररी चाख्नै पाएनन्। फेरि सौतेनी दाज्यू र भाउज्यूको बुहार्तन यिनले खप्नसम्म खपे। ओहो! उनीहरूले भनेमुताबिक यिनले दिनभर खन-जोत गरे, धान रोपे, पानी लाए, गोडे, काटे, दाउनी गरे, तर दाउनी गर्न मदत दिनेका मुखमा यिनले जाली लगाएनन्, फेरि आकाशे वृत्ति लिएका पशु पक्षी कीरा फटयाङ्ग्रा कसैलाई पनि यिनले धपाएनन्: नजरहोस्, बन्धुवर्गले यिनको यही चाललाई नै अपराध ठाने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



"हजारौं मुरी धान पनि एकला यिनी खेतबाट घरमा ओसार्थे, भकारी भरिदिन्थे, धान कुट्ने र केलाउने काममा पनि यिनी पछि हट्तैनथे, तर खाने वेलामा ढुटो मिसिएको कनिका र पिनासिवाय यिनले केही पाएनन्, तैपनि ती चूप लागेर नै बसे।

"बाटोमा हिंड्दा पनि गोठाले ठिटाहरूले यिनलाई निक्कै सताए, कतिले गोवरले हानिपठाए, कहिले गहुँत छ्यापिदिए; तर शान्तिको प्रवाह बगाएर यिनले उनीहरूलाई सुल्टाए, अनि दूध दही नौनीहरू ल्याएर उनी-हरू त यिनलाई चढाउने भए।

"मुख्य कुरा के हो भने यिनमा पूरा मानवता छ। सत्य र अहिंसाको आधारमा सुरेली खेल्दै यिनी चन्द्रसूर्यभन्दा पनि माथि पुगि-सकेका छन्। परोपकारका हजारौं विजयस्तम्भ यिनले ठाउँठाउँमा गाडेका छन्। अहंकारको ठूटो उखेलेर पर्याँकिसकेका हुँदा यिनमा समता पनि पर्याप्त छ, मैले त यिनलाई नै– साक्षात् देवता मानेको छु।"

मेधाको भाषण सिद्धिएपछि रहूगणले जडभरतलाई साष्टांग दण्डवत् गरे अनि उनलाई पाल्कीमा राखेर आफू नै डोले बनी स्वदेशतिर फर्के।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# क्षमाको भीक

वैशालिनीको साथमा यौटी बूढी धाईसिवाय कोही थिएन । हुनत साथमा वस्न पाऊँ भनेर सयौं सुसारेहरूले कराएका थिए, तर कोही पनि चाहिन्न भनी उनैले बाबुका दरवारमा नै त्यागेर आएकी थिइन् । 'यही दरवारमा नै वसेर ईश्वरको भजन गर' भनी आमावावुले करजोडी विन्ति गर्दा पनि नमानेकी वैशालिनीले सुसारेहरूको झंझट किन बोकिरहन्थिन् ? त्यही धाईलाई पनि कुटीभन्दा अलि पर छाप्रो वनाएर राखिदिएकी थिइन् । कामविशेषमा ऊ आउँथी, अनि फेरि उही छाप्रामा गएर वस्थी ।

पृथ्वीलाई न्यानो गराउँदै सूर्यले आधा वाटो हिँडिसकेका थिए । उनी ओरालो लाग्न लागेको देखेर हो कि किन हो हावाले अलि अलि पखेटा चलाउन लागेको थियो । जता हेर्‍यो उतै नवीनता देखिन्थ्यो । वैशालिनीको चाहिं भर्खर ध्यान सिद्धिएको थियो । त्यत्तिकैमा धाईले वाँसका पाँच छवटा खवटा लिएर आई र भनी, "हिजो दैत्यलाई मार्ने वीरले यो हजूरलाई पठाएका रे, उनी अगि नै आएका थिए, तर हजूर ध्यानमा राज भएकोले विन्ति गर्न सकिनँ ।"

एकछिन घोरिएर वैशालिनीले भनिन्, "त्यही मर्ने दैत्यका दाजु-भाइको छलकपट त हैन ?"

सुस्तसँग धाईले भनी "हैन" यो लिएर आउने मुनिकुमारलाई मैले चिनेकी छु । उनी यहीं नजीकैको पर्वताश्रमका देवल मुनिका छोरा हुन् । हिजोको दैत्यको त रङ्गढङ्ग नै भिन्नै थियो ।"

एक छिन टोल्हाएर वैशालिनीले भनिन्, "यो किन पठाएका रे त, फेरि उनी को रहेछन् ?"

भईंतिर हेरेर धाईले भनी, "सबै कुरा त्यसैमा लेखेको छ रे ।" धाईका हातबाट खवठा लिएर वैशालिनीले हेरिन् । त्यसमा यस्तो लेखिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



रहेछ–

"राजकुमारी, मजस्तो पापीको भाग्य खुल्नु गजबको कुरा हो, नत्र हिजो दर्शन कसरी पाउँथें ? हिजोसम्म धनुर्वाण लिएर हिंड्न पनि मलाई लाज लाग्थ्यो, तर हिजो राजकुमारीलाई हर्न लागेको त्यो दुष्टलाई मार्न पाउँदा शस्त्रको सदुपयोग भयो भनेजस्तो लाग्यो, मैले गरेको घोर पापको केही प्रायश्चित भयो कि पनि भन्ठानें ।

"राजकुमारीको आदर्श देखेर म चकित छु । आफ्नो सिद्धान्तमा यसरी जीवन बिताउन खोज्नु के अपूर्वको कुरा होइन ? विदेशी नरेशको दरवारमा सुखै सुखमा लहलहाएकी कुमारीले यो जङ्गलको गोता खानुपर्ने कारण त केही थिएन । तैपनि यो त्यागलाई म हजारौं धन्यवाद दिन्छु । बिनसित्ति यो कष्ट उठाएकोमा ज्यादै चिन्तित पनि छु ।

"हुनत मेरो नाम सुन्नासाथ रन्का छुट्ला तैपनि यस्ती तपस्विनी-सँग छलछाम गर्नु ठीक होइन । उसैले सबै कुरा खोल्दछु । सुन्नुहोस् ! स्वयंवरमा डटेका त्यत्तिका राजाहरूका अगाडि जसलाई तपाईंले वरण गर्न खोज्नुभो, फेरि अरू राजाहरू धुइरिंदा हारेर जो वन्धनमा पऱ्यो म उही पानीआन्द्रे हुँ । उनीहरूले मलाई पाता फर्काउन लाग्दा तपाईंले आँखाभरि आँसु लिएर मतिर पुलुक्क हेरेको दृश्य म कहिले बिर्सन सक्तिनँ । त्यस वखतमा वरु वीरगतिमा प्राप्त भएको भए हुन्थ्यो भनेजस्तो लाग्यो । यता यो वदनाम हुने थिएन, उता सूर्यमण्डल भेदन गरेर जान पाउँथें भन्ने पनि विचार गरें। पछि झ्यालखानामा लगेर यस्ता नामर्दले हाम्री वहिनी ताक्ने होइन के भनी राजकुमारीको दाज्यूले लात हानेपछि त म बेहोश भएँछु ।

"पछि अयोध्यावाट वुवा सवारी भई सारा राजालाई जितेर मलाई छुटाइवक्सेको कुरा राजकुमारलाई थाहै छ । त्यस वखतमा वुवाको चाउरी परिसकेको मुहार र आफ्नो चढ्दो जवानीतिर दृष्टि दिंदा म मरेजस्तै भएको थिएँ । झन् 'वीर करन्धमको छोरा साँच्चिकै नपुंसक रहेछ' भनी काने-खुसी गरेको वाक्यले तताएको मुइरोले कान घोचिदिएको भन्दा बढ्ता वाधा मलाई गरायो, अनि जीवन ज्यादै गह्रौं भारीजस्तो ठानी मृत्युलाई मैले मन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



मनै निता दिइरहेको थिएँ। त्यस बखतमा तीन पर्दाभित्रबाट मृत्युले मलाई भने– यो के तेरो क्षत्रियको जुनि होइन ? अनि यसरी तँले अकालमा बोलाउन हुन्छ ? हेर्, बेमौकामा आएर घचघच्याउनेलाई त घनघोरको कष्ट दिन्छु, बुझिस्।

"अब मृत्युलाई के जवाफ दिने ? भनी म घोत्लिरहेको थिएँ। त्यही वेला राजकुमारीको बुवा महाराज विशाल आउनुभो र भन्नुभो, 'कन्यादानको साइत भोलि विहानलाई रहेछ।' नाक काटिएको मैले उहाँको मुख हेर्न सकिनँ। बूढीऔंलाले भइँ खोत्र्दै बल्लतल्ल मैले भनें 'बहादुर वर खोजेर छोरी दिनोस्! मैले त विहे नगर्ने प्रतिज्ञा गरिसकें।' उहाँले फरि भन्नु भो 'सिंहकै बच्चा भए तापनि लाखौं हात्तीसंग भिडिनुपर्दा हार्नु स्वाभाविक हो। त्यसमा यस्तो ग्लानि किन ?' ढुङ्गाको मूर्तिजस्तै म हल न चल भइरहें। सचेष्टता त खालि आँखाका आँसुको भलमा थियो।

"अर्कोलाई वरण गर भनी बुवा, मुमा, दाज्यू, भाउज्यूहरूले करकाप गर्दा म वेश्ये होइन भन्ने जवाफ दिएर राजकुमारीले सारा विषय त्यागेका कुरा पछि सुनें, अनि त मन भतभती पोल्न थाल्यो, अरू कुनै वीर राजकुमारलाई वरण गर्दा राजकुमारीको जीवन सुखमय हुनेछ भन्ने पो मैले विचार गरेको थिएँ। इच्छाको प्रतिकूल हुन जाँदा मनमा राँको उठ्नु स्वाभाविकै हो। अझ मातृहत्याभन्दा पनि बढ्ता पाप आफूले गरेको जस्तो लाग्यो। त्यो दिन बल्लतल्ल वित्यो। राती निद्रा लाग्दै लागेन। खालि छटपट गर्दै पला गनिरहें। अन्तर्द्वन्द्व यति मच्चिए भनी गनी साध्य छैन।

"विहान सबेरै उठी मुनिकुमारको भेषमा म मुमाको खोपीमा गएँ, अनि तपस्या गर्न जान्छु भनी विदा मागें। मुमा एक छिन त वेहोश भइवक्स्यो। पछिबाट आँसु पुछ्दै उहाँले मर्जी भयो, 'पहिले मलाई विष खान देऊ, अनि जहाँ मन लाग्छ जाऊ। यदि त्यसै गयौ भने माता सरयूको गर्भमा यो देह विसाउनेछु।'

"त्यस बखतमा मुमाको जीवनदेखि पनि मलाई घृणा लाग्यो, तर के गरूँ त्यसै हच्किएँ। अनि आफ्नो कोठामा गएर कपाल दुख्यो भनी लडेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



लड्चैं भएँ ।

"अक्षय्य तृतीयाको दिन थियो । बिहान सबेरै मेरो कोठामा मुमा सवारी भयो र मर्जी भयो, 'नानी अवीक्षित, तिमीजस्ता छोरा पाउँदा पनि मैले कुनै महापुण्य गर्न नपाउनु किन ? लौ आज किमिच्छक (अर्कोले इच्छा गरेको कुरा दिने) व्रत गर्न आँटेकी छु। खालि तिम्रो भरमा व्रतको उठान मैले गरेकी हुँ । लौ हारगुहार गर।'

"अब आफ्नो इच्छा सिद्ध गर्ने मौका परेजस्तो मलाई लाग्यो। अरू माग्नेहरूको इच्छा पूर्ति गरिसकेपछि म पनि तपस्या गर्न जाने भीक मागुँला भन्ने विचार गरें, अनि भनें– 'हुन्छ मुमा, जसरी भए पनि हजूरको यो व्रत म पूर्ण गराउनेछु, नत्र छोरा भएको के सार भो र ? जो जे माग्दछ त्यो ठीक पार्ने भारा मेरो भो ।"

"उत्तिखेरै अन्न, कपडा, फलफूल, सुन, चांदी, रत्नहरू पनि मैले मुमाको अगाडि थुप्र्याइदिएँ र वुवासँग विन्ति गरी 'जसलाई जे चाहिन्छ माग्न आओ !' भनी सबै शहरमा झ्याली पिटाइदिएँ। त्यसपछि तुरुन्तै मानिसहरू धुइरिए । कसैले घर मागे, कसैले खेत । तर कसैलाई पनि विमुख फर्काइनँ । हुँदाहुँदै माग्नेहरूको लहरमा मिलेर वुवा सवारी भयो अनि 'नाति पाऊँ' भनी मागिवक्स्यो। मुमाले चाहिं पुलुक्क मेरो मुख नजर भयो, साँच्चिको जालमा फसें भन्ने मैले ठानें। आफ्नो जिब्रो टोकेर कोदेखि रिसाउनुजस्तो मलाई भयो। वुवाले मात्र मौका छोपेको हो कि अथवा यसमा मुमाको पनि संमति थियो, त्यो कुराचाहिं मैले थाहा पाइनँ । मेरो मनमा रनक, भनक, सनकहरू तँछाड् मछाड् गरेर उठे, तर मैले सबैलाई दवाएर टोहो थापें, 'राजकुमारी वैशालिनी पाए विहे गर्छु नत्र गर्दिनँ ।'

"वुवाले तुरुन्तै राजकुमारीको वुवाकहाँ खवर पठाइवक्स्यो, तर उतावाट चाहिं 'छोरी कहाँ छ, मलाई थाहा छैन' भन्ने जवाफ आयो । अगि मैले राजकुमारीको वुवाको प्रार्थना लत्याएको ऐले यो वदला लिएको हो, नत्र छोरी यहाँ छ भन्ने खास वावुलाई कसरी थाहा नहुनु भन्ने मैले ठानें । त्यसपछि राजकुमारीको खोजमा मेरा वुवाले हजारौं मानिस छोडिवक्स्यों।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



दुवै हातमा लड्डू छ भनेजस्तो मलाई लाग्यो, अर्थात् राजकुमारीको पत्ता लाग्यो भने पाउमा परेर माफी मागुँला, पत्ता नलागे तपस्या गरौंला भन्ने अठोट गरें।

'हुनत मैले शिकार छोडेको धेरै नै भइसकेको थियो, तैपनि शिकारको वहाना गरेर तपस्या गर्ने ठाउँ छान्नाको लागि म यहाँ आएकै हुँ। राजकुमारी पनि यतैतिर रे भन्ने हल्ला पनि घुइरो मैले सुनेको थिएँ। यौटाको हत्या गरेर अर्कोलाई शोकमा किन डुवाउनु, भालेपोथीको प्रेम सवैको उही त हो नि भनी यौटा पशु अथवा पक्षीलाई पनि वाण छोडिनँ। प्रकृतिमाताको सौन्दर्य हेर्दै खालि घुमिरहेको थिएँ, यत्तिकैमा राजकुमारीले गुहार मागेको शब्द कानमा पऱ्यो, सुन्दर तथा सुकुमारी फूललाई डस्न खोज्ने झुसिलकीरा झैं त्यो दैत्यलाई मैले देखें। त्यसपछि भएको सवै कुरा राजकुमारीलाई जाहेरै छ।

"राजकुमारीले हिजो मलाई नचिनेको हो कि चिनेको हो, त्यसको निश्चय मैले गर्न सकिनँ। नचाहिंदा परपुरुषको मुख किन हेर्नु भनी मतिर हेर्दै नहेरी धन्यवाद दिएर आएको हो कि अथवा चिनेर पनि यस्ता अधमको मुख के हेर्नु भनी उपेक्षा गरेको हो? आफूले चिन्न नसकेको भए पनि कहाँ को हौ? सोधूँ भन्ने सकसक मलाई त लागेको थियो। तर केले हो कुन्नि मेरो घाँटी क्याप्प समातिदियो, अनि वोल्नै सकिनँ। पछि पो यी मुनिकुमारसँग भेट भयो अनि सवै कुरा थाहा पाएँ, किन पाउमा परिनछु भन्ने पछुतो पनि लाग्यो। जहाँ तहाँ घाउ नै घाउ भएर स्वस्त भएको भए पनि मलाई यौटा गजवको उत्साह भयो। अनि त्यसले गर्दा दैत्यका वाणको चोटको वेदना मलाई स्वाट्ट हरायो। पत्रद्वारा सवै वृत्तान्त जाहेर गर्ने विचार गरें, तर कलम, मसी कहाँ पाऊँ। अन्त्यमा आफ्नो छातीमा गडेको वाणलाई कलम र धारा लागिरहेको रगतलाई मसी वनाई वाँसको घारीमनि झरेका यी खवटामा आद्योपान्त लेखें। लेख्दालेख्दै झमक्क साँझ पऱ्यो। खुट्टामा पनि वाण नलागेको भए यो गन्थन लेख्दै नलेखी म आफै हाजिर हुने थिएँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



अव राजकुमारीको तपस्याको समय खेर फाल्न म चाहन्नँ। खालि क्षमाको भीख मागेर प्रायश्चित्त गर्छु।"

**राजकुमारीको हृदयको काँडो 'अवीक्षित'**

चिठी वाँचिसकेपछि राजकुमारीले आँसु पुछिन्। त्यसपछि उनी तस्वीरमा लेखिएजस्तै वाल्ल परिन्।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# जवानीको जोश

"यस्तो त जन्मभर गर्दिनँ, फेरि यो त नगरी छोड्दिनँ भन्ने अठोट गरेको भए पनि जवान व्यक्ति यसो गर्छ यहाँ पुग्छ भन्ने के ठेगाना रहन्छ। वर्षाको वाढीले तीरको रूख कहाँ पुऱ्याउँछ के ठेगान ! हुन त यो मेरो कुरा भूल ठहरिन सक्छ, कामको पक्ष लिएर कुरा गरेजस्तो देखिन पनि सक्छ, प्रारब्ध-वादको सिद्धान्त पनि संझिन सकिन्छ, तैपनि आफ्नो अनुभव म बयान गर्छु चाहे जोसुकैले जेसुकै भनोस् ।

चन्द्रमा भनेको मै हुँ। पिताजी कश्यपले मलाई कुलपति वृहस्पति-कहाँ पढ्न पठाउनुभएको थियो । गुरुकै घरमा वसेर पढ्दथें, उसैले खानपीन उठवस सबै उहीं नै हुन्थ्यो । गुरुभन्दा अगाडि नै उठी स्नान संध्या सिध्याएर समिधा होमिसकेपछि भीक माग्न जानुपर्थ्यो, कहिले त पाठ पढेर फूल र समिधाहरू खोज्न वन जान्थें। सबभन्दा मुख्य कामचाहि गुरुको सेवा थियो। एक दिन त पाउ मिच्न लागेको वखतमा खूब प्यारो गरेर गुरुले भन्नुभयो, "वावु चन्द्र, ब्रह्मचर्य जस्तो ठूलो केही छैन । कुरा बुझिस् ? यही विचार गरेर त मैले तेरी गुरुमाको वास्तै गरेको छैन । नत्र यो बुढेसकालमा यस्तो रातोपीरो कहाँ हुन्थें र ? लौ जा सुत्, ब्रह्मचर्यको खूब ख्याल राख्नू हैं !" ओछ्यानमा गएर पल्टेपछि मैले पनि ब्रह्मचर्यमा रहने प्रतिज्ञा मनमनै गरें, किनभने गुरुको कुरा मलाई बहुतै ठीक लाग्यो ।

म गुरुआमाको वास्तै गर्दिनथें। एक दिन त मैले भनेको चन्द्रमा मान्दै मान्दैन भनेर गुरुमाले गुरुलाई कुरा लगाइदिइन् । गुरुमाले भनेको कुरामा गुरुलाई खूब पत्यार थियो । उसैले गुरुमाको यस्तो हेला किन ? आजदेखि उनले जे भने पनि मान्नू भनेर गुरुले मलाई हप्काउनुभो । त्यस दिनदेखि गुरुमाको सेवा मैले गर्न थालें । गुरुमाले पनि मेरो खूब माया गर्न थालिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



गुरुमाको नाउँ तारा हो। हिस्सी परेको गोरो मुख, गुलाफ-जामुना जस्ता गाला, कमल जस्ता आँखा, तिलको फूल जस्तो नाकहरूले उनको सौन्दर्य धिपिक्क बलेको थियो, एक त तारुण्य, उसमाथि सौन्दर्यले गर्दा उनको जुनसुकै अङ्ग पनि हरवखत हेरिरहूँ जस्तो लाग्थ्यो, तर खालि पापका डरले बीच-बीचमा छेक्दथ्यो।

एक दिन एकान्तमा डाकेर ताराले मलाई भनिन्, "ए बाटुला चन्द्रमा, तिमी त ज्यादै राम्रा छौ ए! ह्वैन यतिका चेलामा तिम्रो नै बढ्ता माया मलाई किन लागेको? एक छिन तिम्रो मुख देख्न पाइनँ कि मलाई त छटपटी हुन्छ। भोलिदेखि त वनमा जाँदा पनि सँगसँगै लंजाऊँ है!"

मैले हुन्छ या हुन्न केही भनिनँ। तर के गर्नु ताराले भनेको मान्नू भनेर गुरुले भन्नुभएको थियो, अनि लैजान करै लाग्यो। भोलिपल्ट त नलगी सुक्ख पाइनँ। खूब सिंगार-पटार गरेर उनी अगि-अगि लागिन्, म पछि-पछि गएँ। बीच वनमा पुगेपछि टुप्पाको गुलाफलाई औंल्याएर उनले भनिन्, 'लौ त्यो फूल टिप। म चुल्ठोमा घुसार्छु।'

'अलि होचो छु उसैले पुग्न सक्दिनँ' मैले भन्नासाथ 'म उचालिदिन्छु' भनेर उनले भनिन्। मैले नाइँ नाइँ गरेको देखेर कस्ता नपुंसक जस्ता रहेछौ भनी उनी हाँसिन्।

केहीपछि साँझमा अग्निशालातिर म जान लाग्दा पिल्पिलाउँदी ताराले ईशारा गरेर मलाई अलि पर डाकिन्। उनको मुख निन्याउरो थियो, पहेंला गाला थिए, गहभरि आँसु थियो। आँखा झिमझिम गर्दै आँसु छिपाएर उनले मसँग कानेखुशी गर्दै भनिन्, 'पेट त निकै ठूलो भइसक्यो, अगि त चल्यो पनि। अब के गर्ने?'

अलि झर्किएर मैले भनें, 'तिम्रा पति वृहस्पति छँदै छन्, अब केको डर भो त?'

ता०– उहाँसँग बसउठ नभएको झण्डै डेढ वर्ष भइसक्यो अनि के नि?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



म०– मेरो होइन भन्दा उनैलाई लाज हुन्छ अनि नाकका चालले मेरो हो भनेर मञ्जूर गर्नेछन् ।

ता०– लातका लात पाइयो भने के गर्ने ? नाइँ, म त अब यहाँ वस्न सक्तिनँ ।

म०– उसोभए मजस्ता तिम्रा अरू पनि त होलान् नि । यौटासँग जाऊ न । यदि ममा सच्चा प्रेम छ भने मेरो नाउँ अवश्य लिनेछैनौ ।

रातो मुख लाएर आँसु झारी, थररर काँप्दै ताराले भनिन् 'यत्तिका निर्दयी होला जस्तो मलाई लागेको थिएन । मैले अमृतका खानी ठानेको थिएँ तर तिम्रो हृदय कालकूट विषले बनेको रहेछ । भैगो, उसोभए म आजै राती आत्महत्या गरिदिन्छु ।'

त्यतिञ्जेल मैले उनको मुख हेरिरहेको थिएँ । कुरा सुन्दा सुन्दैं मेरो मन ज्यादै पग्लियो, अनि पछ्यौराले आँसु पुछिदिदै मैले भनें, 'तारा, धन्दा नमान । तिमी के भन्दिरहिछौ भनेर मैले तिम्रो मन जाँचेको पो त । म छँदा छँदै तिमीलाई केको डर ? हिंड, मेरो घरमा गएर वसौं । गर्भको वारेमा यौटा बन्दोवस्त गरौंला ।'

वाटामा आउँदा मैले मनमनै विचार गरें, मलाई यो के घाँडो लाग्यो । भोलि विहानै आश्रममा हल्ला भइहाल्छ । एक त परस्त्री, उस-माथि गुरुमा, अब दुनियाँले कस्तो कामी रहेछ भन्दै मलाई थुक्नेछ । अरू देवताका अगाडि मैले कसरी मुख देखाउने ?

सात आठ दिनपछि तारालाई खोज्दै वृहस्पतिका अर्का चेला अर्ष्टि मकहाँ आइपुगे । उनी केही सुइँको पाएर आएकोजस्तो मलाई लाग्यो । उसैले आँगनैबाट तारा यहाँ छैनन् मलाई पनि सञ्चो छैन भनेर मैले फर्काइदिएँ ।

एक दिन वायु देवता सरासर म र तारा वसेको कोठामा आइपुगे, मैले आनेकाने केही गर्न पाइनँ । उनी पनि वृहस्पतिकै सन्देश लिएर आएका रहेछन् । आकाश पाताल देखाएर उनले मलाई भने, 'संगी चन्द्रमा, तपाईंको हित चिताएर म आएको हुँ । जसवाट तपाईंको आँखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



खुले उनैको पत्नीमाथि यस्तो किसिमको बलजफ्ती गर्नु के देवतालाई सुहाउने कुरा हो र ! तपाईं बुद्धिमान् हुनुहुन्छ, मैले भन्नुपर्ने कुरा केही छैन । भैगो, एकपल्ट बिराइहाले तापनि गुरुका पाउमा पर्नोस्, गुरुमालाई पनि लगेर बुझाउनोस् ।'

भइँतिर आँखा लगाएर मैले भनें, घिसारेर यिनलाई ल्याएको होइन, नआऊ नआऊ भन्दा पनि यी यहाँ आफै आएकी । जान्छिन्भने तपाईंकै साथमा लैजानुहोस्, गुरुकहाँ पुऱ्याइदिनुहोस् ।

त्यसो कैले हुन्थ्यो, आफै पुऱ्याउन जानुपर्छ, भन्ने जवाफ मलाई दिएर तारालाई वायुले भने, 'इन्द्राणीहरू जस्ताकी गुरुमा भएर पनि तपाईंले यस्तो काम गर्न हुन्छ ? लौ अहिले नै हिंड्नोस् ।'

ताराले जवाफ दिइन्, "मैले दुई चार दिन यहाँ वस्तैमा के भो र ? वृहस्पतिले एक वर्षसम्म पनि मलाई घरमा एक्लै छाडेर यज्ञ गराउन, तीर्थ गर्न जानुहुन्थ्यो, मैले सहेरै वसेकी थिएँ । अव पन्ध्र वीस दिन उहाँले चूप लागेर वस्न नहुने किन ? ऐले त म काटे पनि जान्नँ, मेरो मन लाग्या दिन आउँला ।'

"बुझ्यौ चन्द्रमा, वातले नहुनेलाई लात । अव तिम्रो सवै कुरा इन्द्र महाराजलाई गएर विन्ती गर्छु । लडाइँको सवै तयारी भइसकेको छ । वज्र आएर टाउकोमा लाग्दा गुरुमा हरेको स्वादको स्वाद थाहा पाउला । अव यो तिम्रो कलंक केही गरे पनि मेटिने छैन" भनेर वायु गए । म पनि सरासर शुक्राचार्यकहाँ गएर शरण परें । उनले पनि दैत्यहरूलाई डाकेर भने, 'जाओ, शरणको मरण गर्न हुन्न, फौज लिएर गई यी चन्द्रमालाई मदद देओ । त्यो वृहस्पतिको शेखी झार्नै पर्छ ।"

दैत्यको लावालश्कर लिएर आई चन्द्रव्यूह मैले वनाएँ । अनि घर गएर तारासँग मैले भनें, 'समुद्रजस्तै अथाह फौज देखिहाल्यौ । अव तिमीलाई केको डर ? अझ यत्तिले पनि पुगेन भने शिवजीका गणसमेत मागेर ल्याउँला ।'

कवच लगाई हातहतियार भिरेर म निस्कनासाथ देवताको फौज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पनि आइपुग्यो । भेरी र मृदंगहरू बज्न थाले। महारथीहरूले शंखध्वनि फिराए। उता 'जय इन्द्र !', भन्ने र यता 'जय चन्द्र !', भन्ने आवाजले आकाश घन्कियो। झन् धनुको टङ्कारले कान खाइरहेको थियो । मलाई भने एक किसिमको दैन्य लाग्यो, अनि त्यसै घोत्लिएर विचार गरें, 'मैले यो के नकाम गरेको हुँला । एक त गुरुको अनादर, अझ गुरुमामाथि कामी विचार, झन् उसमाथि चोरको डाँको ठूलो झैं गरेर विजातिसँग मिली सजातिसँग लडाइँ गर्नं ? अब लैड्दिनँ भनेर पनि के नाकले भनौं? यस्तै तर्क-वितर्कमा लाग्दा त आफ्नो अगाडि ब्रह्मा आइपुग्नुभएको पनि मैले देखिनँ । क्या हो चन्द्रमा, हिंड घर जाऔं भनेर उहाँले भन्दा पो झसङ्ग भएँ ।

लडाइँ अहिले थाम्नू भनेर हामी दुवै घरमा गयौं । बाटामा ब्रह्माले मलाई धेरै संझाउनुभयो, तर म केही पनि बोल्दै बोलिनँ खालि सुनिरहें, अनि, अंगिरा, वशिष्ठ, मनुहरूलाई डाकेर ब्रह्माले पञ्च राख्नुभयो। शुद्ध गराएर तारालाई वृहस्पतिले लिन हुन्छ कि लिन हुन्न भन्ने प्रस्ताव रह्यो। स्त्रीजातिको एकपटकको अपराध क्षम्य छ, वरु शुद्धिका निम्ति प्रायश्चित्त नगराई हुँदैन भन्ने निर्णय भयो। सभा विसर्जन हुनासाथ ब्रह्माले तारालाई संझाउन अरुन्धतीलाई पठाउनुभयो, अनि नजीकै गएर उनले भनिन् "—तारादेवी, तपाई जस्ती ब्राह्मणीले पनि यस्तो गर्न हुन्छ ? जो बाटो देखाउने उही बाटोमा हग्ने ? यो के धर्म हो, यो के सभ्यता हो, यो के स्वतन्त्रता हो ? यस्तो उच्छृङ्खल चलनबाट हामी स्त्रीजातिको उन्नति हुने होइन । अब पनि पतिव्रता धर्मलाई लत्याएर यसरी व्यभिचारमा भुल्नुहुन्छ भने हाम्रो समाजबाट तपाईं बाहिरपाटो लाग्नुहुनेछ । हो, तपाईंमाथि वृहस्पतिले अत्याचार गरेका भए तपाईंका निति हामी खूबसँग लड्नेथियौं, भिडिनेथियौं आफ्नो शक्ति देखाउनेथियौं। अहिले त तपाईंले गर्दा स्त्री मात्रको नाक काटिएको बखत छ ।

"मलाई त मुख देखाउन पनि लाज भइसक्यो। यस्ता आइमाईबाट कुलको उन्नति कसरी होला ? आफ्ना पुरुखाहरूको यस्तो कुचाल सुनेपछि भावी सन्तानहरूले के भन्लान्, के गर्लान् त्यो कुराको याद राख्या खै ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



अहिले संसारभर सबभन्दा बुद्धिमान् वृहस्पति ठहरिनुभएको हुनुहुन्छ। त्यस्तो पति पाउनु त ठूलो सौभाग्यको कुरा हो। अझ उहाँजस्तै सबभन्दा बुद्धिमानी हुन सके सुनमा सुगन्ध हुने थियो। त्यो त कहाँ गो कहाँ झन् उल्टो राक्षसी कुबाटोतिर लागेर छोरासमान चेलाको जिन्दगी बिगारिदिने ?

'गृहस्थजीवन सहयोगका लागि हो भन्ने कुरा सत्य छ। विलास त एउटा फाल्तू कुरा हो। उसमा न केही सार छ, न त ध्येय छ। हामी स्त्रीजातिले कर्तव्यको लागि आफ्ना पतिदेवलाई मान्नुपर्छ, ढोग्नुपर्छ, पुज्नुपर्छ। त्यतबाट हामी अनन्त लाभ उठाउन सक्छौं।

"हामी स्त्री हौं, हाम्रो बल बुद्धि केही पनि छैन भन्ने कुरा होइन। हामीमा प्रशस्त बल छ, प्रशस्त बुद्धि छ। उपयोग गर्न जानिएन भने त हीरामा कीरा लाग्छ। उच्च आदर्शको बाटो लाग्यौं भने उन्नतिको शिखरमा पुग्न के गाह्रो ? कुरा बुझ्नु भो, संसारमा स्त्रीजातिको महत्त्व ठूलो छ, किन्तु हामीले कर्तव्यबाट एक पाइला डग्नहुँदैन। यसैमा हाम्रो कल्याण छ, उच्चता छ, आदर्श छ। हामी जस्ता भयौं सन्तान उस्तै हुन्छन् भन्ने कुरा निश्चय छ। भैगो, एक पटक भूल भइहाले तापनि अब तपाईंले वृहस्पतिकै सेवा गरेर बस्नुपर्छ। उठिहाल्नोस्।"

"तपाईंले मेरो आँखाको जालो झिकिदिनु भो। अब एक पला पनि म यहाँ बस्दिनँ। तपाईंसंगै जान्छु, पतिदेवको पाउ परेर माफी माग्छु। आजदेखि बाँचुन्जेल परपुरुषको मुख हेर्नेछैन, ज्यान दिएर पतिदेवको सेवा गर्नेछु, स्त्रीको कर्तव्यबाट डेग चल्नेछैन।" यति भनेर आँसु बगाउँदै तारा जुरुक्क उठिन् र अरुन्धतीका साथसाथै गइन्।

त्यसपछि पो म कस्याँग भएँ। स्वप्नदोष भयोभने त ब्रह्मचारीले अवकीर्णिव्रत गर्नुपर्छ भने यत्रो अपराधको प्रायश्चित्त के होलाजस्तो लाग्यो। पुरुष भएर पनि भविष्यको विचार गरिनछु भनी भतभती मन पोल्न थाल्यो। अनि खप्नै नसक्दा कतै नहेरी सरासर गएर गुरुको पाउमा परें। भनें 'गुरुदेव, तपाईंलाई यथार्थ थाहा छ। उसैले एकपटकको भूलमा माफ पाऊं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



मरणको मरण नहोओस् । हुनत मलाई बिगार्ने इच्छा गर्नु भएको भए उहिले सराप दिनुहुन्थ्यो, मेरो पतन भइसक्थ्यो। तपाईं जस्ता योगीले गर्न नसक्ने कुरा के थियो र ! यो केवल म माथिको अनुग्रह हो, करुणा हो । अब जुन प्रायश्चित्त गर भन्ने आज्ञा हुन्छ त्यही गर्दछु।' अनि जा, बाह्र वर्षसम्म तपस्या गरेर वस्, फलफूल र कन्दमूल मात्र खानू, ब्रह्मचर्यमा रहनू, भुइँमा सुत्नू, रुखमनि बस्नू भन्ने आज्ञा पाएपछि म तुरुन्तै फर्केर तपस्या गर्न थालें ।

\+ \+ \+

केही महीनापछि आर्ष्टिले एउटा दिव्य बालक ल्याएर मलाई भने, 'ओसुकैले बीउ रोपोस्, तर खेतधनीको नै बालीमा हक हुन्छ भनेर ऋषि-हरूले भनेका थिए, तर अरू देवीहरूले तारालाई सोद्धा लाजले भुतुक्क भई गर्भ त चन्द्रमाकै हो भनिन्, अनि गुरुले चन्द्रमाकहाँ नै लगिदेऊ भन्नुभो र यहाँ ल्याइदिएको छु । लौ, आफ्ना छोरालाई राम्ररी पाल ।'

उज्यालो छोरा देख्ता म ज्यादै गद्गद् भएँ । नाक, आँखा खाने मुख जे हेर्छु सबै ताराकै रहेछन् । मैले त ताराकै नकल सम्झें । मैले 'तारावांजी बाबा, तारावाबाजी' भनेर थपडी मारेको त ऊ मुमुक्क हाँस्यो । अनि झन् मलाई मायाले छोप्यो। मैले उसको नाउँ बुध राखें । उसैबाट हाँगिएको मेरो वंश पृथ्वीमा अझ छँदैछ ।

सारा दुनियाँका अगाडि पाप प्रकट गर्नु प्रायश्चित्त हो भन्ने मेरो सिद्धान्त छ । किनभने त्यसबाट यो नकाम रहेछ भन्ने सबैलाई- थाहा हुन्छ अनि योटा मात्र व्यक्ति नकाममा फसेनभने पनि त्यसको त उद्धार भयो कि ! जवानीको जोशमा उच्छृङ्खल भएर जो नकाम गरें, खालि त्यसैको विवरण गरेको हुँ। यो मेरो विवरण सुनेर जवानहरू जरूरै होशियार होलान् भन्ने मलाई पूरा विश्वास छ। नत्र त वर्षाको बाढीभन्दा पनि दश-गुना उर्लेर आएको कामदेवलाई टप्प रोक्न सक्ने को ? कामदेवका पाँचै वाण त के, एउटै पनि पुरुषलाई अन्धो तुल्याइदिंदो रहेछ। अनुभवीहरूलाई यसको रहस्य थाहा नहोला ?

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# मातृहत्या

एक आफूलाई पोलेर डाहा भइरहेको वखत, उसमाथि झमक्क साँझ पर्न लाग्दा पनि रेणुका नआइपुगेको देखेर जमदग्निको मनमा किसिम किसिमको भाव उब्जियो। मध्याह्नमा नुहाउन गएकी स्वास्नी ऐलेसम्म आउँदिन, कहाँसम्मकी वदमाश्नी भनेर एक मन कनक्क कन्किए। वनको एकान्तको बाटो एक्लै गएकी हुँदा बाघ भालुले लुछेछ कि भन्ने शङ्का पनि उनले गरे। कहिले पनि यस्तो गर्दिनथी, आज के पऱ्यो त भनी उनी घोरिएर बसे।

आश्रमनेर आइपुगेपछि आँगनभन्दा पश्चिमपट्टि पिप्पलको रुखमनि चौतारोमा धुम्मिएर बाघको छालामा बसेका, अगाडि कमण्डलु राखेका जमदग्निलाई देख्नासाथ रेणुका थरहरी भइन्। पहेंला घाम टल्किरहेका उनका जटालाई रेणुकाले सिंहको जगरजस्तै देखिन्। तीनै मुजामा विभूत लगाउँदा पनि निधारमा गाँठो परेको देख्नासाथ आगो बल्ने सूचना रेणुकाले पाइन्। आकाशे आँखाले आफूलाई हेरेका छन् कि छैनन् भन्ने निधो भने उनले पाइनन्। वरु जमदग्निका घाँटीमा रुद्राक्षमालामा उनलाई सर्पको भान भयो, अनि त्यतातिर आँखा लगाउनै सकिनन्। उसै त प्रचंड जमदग्नि, उसमाथि आज मेरो पनि निक्कै ठूलो अपराध छ भन्ने उनको मनमा लाग्यो। दिसा पिसाव गरेपछि ननुहाई श्राद्धको अन्न पकाउन नभएकोले झट्ट नुहाएर आउँछु र श्राद्धको सबै सरदाम तयार पार्छु भनी म नदीतिर आएकी थिएँ। नके ऐलेसम्म श्राद्ध गरेकै हुँ नहोला। अव के गर्ने, वडो फसाद पऱ्यो भनेर लगलगी खुट्टा कमाउँदै विरालाका चालले रेणुका आइन्। पसीनाले तर भएको उनको मुख ज्यादै निन्याउरो थियो। सकी नसकी घैंटोमा पानी बोकेर उनले ल्याएकी थिइन्।

अलि नजीकै पुग्नासाथ साहिला छोरा विश्वावसुले दगुर्दै आएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



भने, 'आज के गर्नुभएको आमा तपाईंले ? यस्तो पनि कहीं गर्न हुन्छ ? कहाँ जानुभो तपाईं ? हेर्नोस्, हामीहरू फूल, मह तिल लिन भनी गएका थियौं । ब्राह्मण-भोजनका निति कालशाक पकाउन लाग्दा पिताजीले तेल तातेको भाँडो चूलोमा नै राखेर ओइरन लाग्नुभएछ । अनि त एकदम ज्वाला छुटेर आएछ । उ खरको छानु त भुसुक्क ! लौ त्यो त भोलि बनाउँला नाइँ । पिताजीको दाहिने हात डढेर पो फसाद पाऱ्यो । फोका उठेर जलजलाउँदो भइरहेछ ।'

रेणुकाको मुटुले झण्डै ठाउँ छोडेको थियो । बल्लतल्ल उनी आकाश छ्याङ्ग देखिने पर्णशालामा पुगिन् । गग्रेटोमा घैंटो राखेर दैलोमा रेणुका आइपुग्नासाथ जेठा छोरा रुमण्वान्ले 'उः आमा आइपुग्नुभो' भने ।

एक छिनसम्म खूवसंग मुख निहारेर राताराता आँखा पारी आश्रम थर्काउँदै जमदग्निले भने, यो कुन चाला हो, कहाँ गइस्. के आज श्राद्ध भन्ने तँलाई थाहा थिएन ? यसरी बेर लगाउनाको कारण के ?

दाहिने खुट्टाको औंलाले भइँ कोर्दै रेणुकाले जवाफ नदिएकी देखेर जमदग्निको बाघ-झटाइ फेरि शुरू भयो, 'हेरन ! गजक्क परिरहेकी, श्राद्धको सरदाम त तयार पारेर जानुपर्छ कि, निम्त्याएका आत्रेयलाई समेत भोजन गराउन पाइएन, केही सीप नलागी भर्खर उनी भोकै गए । बदमाश कहींकी ! नहाएर मात्र आएकी भए यस्तो बेर कहीं लाग्छ ? किन बेर लाइन्, चाँडो भन् ।'

कपाल कन्याउँदै सानो स्वरमा रेणुकाले भनिन्, 'एकपल्ट नुहाएर फर्किसकेको थिएँ । बीच बाटोमा उडिरहेको कागले आफ्नो विष्टा मेरो घाँटीमा नै पाऱ्यो अनि फेरि सर्पले बाटो काटिदियो, त्यसपछि गङ्गामा नुहाएर आउँदा बेर भयो ।

ज०– सातचोटि ओहोरदोर गर्ने बेला भैसक्यो । म त्यहाँसम्मको अन्धो छैन । मैले तेरो एक एक कुरा थाहा पाइसकेको छु । जस्ताको तस्तो भन् ।

रे०– अरू कुरा केही होइन । राजा चित्ररथ जलक्रीडा ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



लागेका रहेछन्, दम्पतीको जलविहारमा किन विघ्न पारिदिऊँ भन्दा एक छिन वेर भयो ।

ज०– यसरी कुरा छोटयाएर मलाई छकाउन पाइँदैन । भए-भरको कुरा भन् ।

रे०– म यतावाट जाँदा राजा र रानी छ्यापाछ्याप गरेर चलिरहेका रेछन् । लोग्ने स्वास्नी जिस्किरहेको ठाउँमा जानु छैन भनी यौटा तीरका रूखले छेकिएर वसें । पछि गहिरोतिर नजाऔं भनेर रानीले राजाको हात तानिन् । के हुन्छ, लाछी कहाँकी, हिंड भनेर राजाले रानीका गाला समाते । छिः के गरेको भनेर अलि पर सर्न लाग्दा रानीलाई सिङ्गे माछासंग ठक्कर लागेछ । अनि त आत्तिदै 'लौन महाराजा !' भनेर रानीले राजालाई अँगालो हालिन् । राजाले पनि रानीलाई अँगालो हाले । त्यो चाल देख्ता आङ जुरुङ्ग भयो, अनि मैले हेर्नै सकिनँ ।

ज०– अँ त्यसपछि के भो ?

रे०– एक छिनपछि हातेमालो गरेर राजा र रानी तीरमा उत्रे । राजाले रानीको आङ पुछिदिए, रानीले चाहिं राजाको । यसै गरी राजाले रानींलाई लुगा गहना लगाइदिए, रानीले चाहिं राजालाई । रानीलाई सिंगार्न लाग्दा तिम्रो गालामा यो के दाग, खै खै भनेर राजाले आफ्नो मुख रानीको गालानेर लगे । रानीले चाहिं 'नाइँ नाइँ भनेर मन्टो हल्लाइन् अनि म थचक्क भइँमा वसें । केही वेरपछि यसो हेर्दा पो राजा र रानी दुवै रहेनछन्, अनि वल्लतल्ल नुहाएर आएँ ।

ज०– राजालाई देखेर तेरो मन विग्रेछ । ल, होइन भन् ।

रे०– तपाईंजस्ता योगीलाई ढाँटेर के लाभ ? सुन्नुहोस् । हिस्सी परेको त्यो गोरो मुख, ठूल्ठूला आँखा, दिव्य कुण्डल लगाएका लामा लामा कान, मुगाजस्ता ती ओठ, घुँडासम्म पुग्ने सफा हात, कमलजस्ता फुलेका दुई पाउ, त्यो राजसी पोशाक, त्यो दिव्य शिरपेच, ती मणिमय अरू गहना देखेर कुन स्त्रीको मन नविग्रला । अरू त के तपाईं नै स्त्री हुनुभएको भए पनि मन थाम्न सक्नुहुन्नथ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



'वेश्ये कहाँकी' भनेर जेठा छोरा रुमण्वान्तिर फर्केर जमदग्निले भने, 'ए जेठा, कुरा सुनिहालिस्, के हेरिरन्छस् यस्ती वेश्या आमाको मुख हेर्नुभन्दा त बरु दुई टुक्रा पारिदिनु धेरै वेश। जुन हृदयले व्यभिचार गऱ्यो त्यहीं छुरी रोपिदे। म त यस्ती व्यभिचारिणी स्त्रीको मुख हेर्न सक्तिनँ।'

अलि गंभीर भएर रुमण्वान्ले भने, 'पिताजी, के कुरा गर्नुभएको यो ? तातो रिसले आफैंलाई पोल्छ। राम्ररी कुरै नबुझी म त आफ्नी जननीलाई मार्न सक्दिनँ, यदि मार्ने नै ईच्छा छ भने आफैं छुरी चलाउनु होस्।'

माहिला, साहिला, काहिला छोराले पनि जेठाकै जस्ता जवाफ दिएपछि त जमदग्नि आगो भइहाले, अनि हातमा कमण्डलुको जल लिएर भने, 'मजस्तो वावुको आदर नगर्ने तिमीहरूजस्ता छोरालाई चाँडै नै ठूलो दुःख परोस् !

वावुको वाक्य टुङ्गिंदा नटुङ्गिंदैमा कान्छा छोरा परशुराम आइपुगे। दाज्यूहरूलाई वावुले त्यस्तो कडा वाक्य भनेको सुनेर परशुराम झसङ्ग भए। दाज्यूहरूले त्यस्तो उपद्रो के गरेछन्, यस्तो क्रूर वचन त पिताजीको मुखवाट कहिले पनि निस्किएको थिएन। आज के भयो ? श्राद्धकाल सिद्धिसकेपछि गैंडाको के काम भनेर मदेखि पनि पिताजी रिसाउने हुन् कि ? यिनैलाई खुशी तुल्याऊँ भनी त्यत्रो खाल्टो खनेर त्यसभित्र यो गैंडालाई पारी यो वंचरोले थिलो थिलो पार्न लाग्दा अपराह्न भइहाल्यो, मरेपछि पिण्डपानी दिएर तृप्त गराउन खोज्नुभन्दा ज्यूँदै छँदा पितृलाई प्रसन्न पार्नु धेरै वेश हो भन्ने सम्झी यो कष्ट गरेको हुँ, अहिलेसम्म एक घुट्को पानी पनि खाएको छैन इत्यादि कुरा खेलाउँदै गैंडा दायांपट्टि चौतारोमा विसाएर उनले वावुलाई साष्टाङ्ग प्रणाम गरे।

भुर्खर जुङ्गाको रेखी बसेको, जुल्फीवाल, लामा लामा कान भएका, अग्ला, लालगाले, ढोकाका फग्लेटोजस्तो छातीमा उत्साह, वीरता र तपस्याका चिह्नजस्तो तीनडोरे जनै लगाएका, सेतो धोती कसेका छोरालाई देखेर जमदग्निको आशा पलायो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



'तँ पनि कुन डयाङको मूला होस् र जा, मलाई छोरा स्वास्नी कोही चाहिँदैन' भनेर बावु कड्किएपछि हात जोरेर परशुरामले भने, 'पिताजी मेरो अर्को शरण कोही छैन। बावु भने पनि गुरु भने पनि मेरो आँखा खुलाइदिने तपाईं नै। अरूजस्तो चानचुने बावु तपाईं हुनुहुन्न। यत्रा तपस्वी तथा योगिराज बावुबाट जन्म पाउनु मेरो ठूलो भाग्य हो। योग-शक्तिको प्रभाव खालि मुखले बयान गरेर केही फाइदा छैन। तपाईंले आँट्नुभो भने असंभव कुरा के छ र? यौटा तपाईंलाई खुशी तुल्याउन सकें भने ब्रह्मा, विष्णु, महेश्वर सबै देवता प्रसन्न हुन्छन् भन्ने मलाई निश्चय छ। उसैले जसरी भए पनि तपाईंको आज्ञा पालन गर्छु।'

ज०– गर्छस् त ?

प०– पक्का गर्छु।

ज०– पक्का गर्छस् ?

प०– पक्का गर्छु।

"३

ज०– गरिनस्भने।

प०– यही बन्चरोले मेरो टाउकोमा हान्नू।

ज०– यही बन्चरोले कि तेरी आमालाई मार् कि त मलाई।

परशुराम रनभुल्ल परे। यो बोल्ने, यो गर्ने भन्ने उनको मनले केही निधो गरिसकेको थिएन। यही समयमा दैलोनेर उभिएकी रेणुकाले भनिन्, "बुझिस् कान्छा, तँ कस्तो लठेब्रो! त्यसरी पनि तीन वाचा बाँन्नु हुन्छ? बाबुले भने भन्दैमा जे पनि कहीं गर्न होला? हो, बाबुआमाले भनेको मान्नु बेश हो। रिसले बौह्लाएको बाबुको कुरामा लागेर तँजस्तो लाठे मनुष्यले मातृहत्या गर्न कहीं हतियार उठाउनु ठीक पर्ला? बरु सक्छस् भने बाबुलाई सह्माल्। हेर्, म पनि महाराज प्रसेनजित्की छोरी पो हुँ। उहिले तेरो बाबु खास आफै मलाई माग्न जानुभएको थियो, अनि त्यस वखतमा के गर्ने भनी बुवाले मुमालाई र मलाई सोध्निबक्स्यो। यस्ती सुकुमारी तथा सुन्दरी छोरीलाई त्यो छाप्रोको बुहार्तन कटाउन हुन्न भनेर मुमाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



आज्ञा हुँदाहुँदै पनि मेंगो ऋषिलाई विमुख नफर्काइबस्स्योस् भनेर मैले बुबालाई विन्ति गरें। दरवारको त्यत्रो सुख त्यागेर तेरो बावुको पछि म पैदल हिंडेर आएँ। आएका दिनदेखि मैले जूठोचूल्हो गरें, भाँडा माझें, पानी ल्याएँ, कति भनौं, यावत् काम गरें। विहान पांचघडी रात बाँकीदेखि रातको दश घडी वितुञ्जेलसम्म एक पला पनि त्यसै बसिनँ। खालि तेरो बाबुको टहल गरेर विताएँ। खालि तिमीहरू पाउँदा दश दिन मैले काम गरिनँ, नत्र जोतिएकी जोतियै छु। सुत्केरी हुँदाको गोता मलाई नै थाहा छ। कर्दम ऋषिबाट देवहूतिले पाएजस्तै सुख म पनि पाउँला कि भन्ने ठूलो आस थियो, खै, तेरो बाबुको योगशक्तिले के नैठ्यो? यो आश्रमभित्र पसेदेखि सुख भन्या कुन चराको नाम हो मलाई थाहा भएन। त्यसरी मरेर आफ्नो सेवा गरेको देखेपछि अरू सुख दिन नसके पनि क्यावात, खूब गरिस् तेरो जय होस् त भन्नुपर्छ कि, अहँ छैन; खालि झर्केको र फन्केको सिवाय मैले केही सुनिनँ, केही देखिनँ। मैले दुःख भोगेको त तैंले पनि देखेकै छस्।"

"वुझिस् कान्छा, तँलाई फस्ल्याङफुस्लुङ पार्न खोज्छे। कहाँसम्मकी धूर्त! तेरी आमालाई अध्यात्मका सुखमय शिखरमा पुऱ्याउँला भन्ठानेको थिएँ, तर यस्तालाई कसरी? हेर्! आज चित्ररथ राजालाई देखेर मोह भइछ। उसका मुखैले सव कुरा वताउंछे" भनेर परशुरामलाई भनी जुरुक्क उठेर राता-राता आँखा लगाई दाह्रा किट्दै रेणुकातिर फर्केर जमदग्निले भने, 'कति कुरा जानेकी कहाँसम्मकी बेस्से, आज गरेको कुरा किन भनिनस् नि। वुझिस्, जन्मदेखि दूध दहि खुवाएर जीउ पोसे पनि अन्त्यमा एक दिन विष खाइदियो भने अगि पोसेको सवै व्यर्थ हुन्छ। हो, त्यसै गरी तैंले आजसम्म गरेको मेरो सेवा आजको अत्याचारवाट स्वाहा पारिस्। अब तँजस्ती दुष्टको मुख म हेर्दिनँ।'

आँसु पुछ्दै अलि स्वर वढाएर रेणुकाले भनिन् "कस्तो कुरा! तिल जत्रो अपराधलाई पहाड वनाउन के लाज लाग्दैन? स्वास्नीलाई जे मन लाग्यो उही गर्नु भन्ने शास्त्रमा लेखिएको छ र? यसको वल छैन, बुद्धि छैन अनि यसले के गर्न सक्छे र! भनेर तपाईंले हेप्नुभएको होला। तर बुवाले मलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



राम्ररी शिक्षा दिनुभएको छ । लोग्ने यो हो स्वास्नी यो हो भन्ने र उनीहरूका परस्परको सम्बन्ध यस्तो हुनुपर्छ भन्ने मलाई थाहा छ । बरु स्वास्नी यो हो, ऊसंग यस्तो व्यवहार गर्नु पर्छ भनेर तपाईंलाई थाहा रहेनछ । बुझ्नुभो, यज्ञका पशुलाईजस्तै स्वास्नीलाई जे गरे पनि हुन्छ भनेर नसंझनोस्, म त मानिस हुँ, उसमाथि क्षत्रियकी छोरी ! मैले पनि हतियार चलाउन जानेकी छु । राजकुमारले मात्र ह्वैन राजकुमारीले पनि शास्त्रविद्या सिक्नुपर्छ भनेर बुवाले हरेक हतियार चलाउन मलाई सिकाइबक्सेको छ । यो कान्छालाई यो धनुर्विद्यातिर प्रवृत्त गराउने पनि म नै हुँ । तपाईंलाई त के पत्तो छ र । तपाईंलाई न कामविद्याको रस थाहा छ, न अर्थविद्याको ।"

थरथर काम्दै परशुरामले भने, 'स्त्रीजाति भएर बढ्ता नबोल्नोस् । आफ्ना पतिदेवसंग पनि यसरी मुख लाग्ने !'

'कहिलेकहीं मन कसको बिग्रँदैन । छोरी सरस्वतीलाई देखेर ब्रह्माजी मुग्ध हुनुभो, खै ब्रह्माजीलाई कसैले क्यै गर्‍यो ? 'मानसिक अपराधमा शारीरिक दण्ड !' भनी रेणुकाले पिलिक्क आँखा पल्टाएर परशुरामलाई हेरिन् ।

'जो चोर उसैको डाँको ठूलो भनेको यही हो कान्छा ! तँ के हेरिरहन्छस् म त अब तेरी आमाको मुख हेर्दिनँ । तँलाई आमाको माया लाग्छभने भैगो मलाई मार् ! यदि त्यसो पनि गर्दैनस् भने म आफैं देह त्याग गरिदिन्छु' भनी थचक्क बसेर जमदग्निले पद्मासन बाँधे ।

बाबुले नाभिस्थानदेखि प्राण माथिमाथि खिच्दै ल्याएका देखेर 'तपाईं देहत्याग नगर्नोस, म तपाईंको आज्ञामुताबिक चल्छु' भनेर चिच्याएर परशुरामले बञ्चरो उठाए, तर उनको सारा अङ्ग लगलगी काम्न थाल्यो ।

★

१२१६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# धनको मोह

'तातोपानीले बेसरी घाट धोइदेऊन। कान्छाको गोडा निको भैहाल्छ नि, सित्तै वैद्य घरमा किन डाकिरहने ? अब त कुरा बुझ्यौ कि चपला !'

'तातोपानीले मात्र निको हुने भए अरू ओखती किन चाहिन्थ्यो ? उही पनि चिसो लागेको भए यौटा कुरा।'

'जुनसुकै रोग लागोसन। तातोपानी रामबाण छ बुझ्यौ ? मैले भनेबमोजिम चल्नू, सके कहिल्यै रोग लागोइन, लागे पनि तुरुन्त निको हुन्छ।'

'खै के कुरा गरूँ ! जुत्ता किनिदिनोस् भन्दा नाङ्गो खुट्टा हिंडे पो फाइदा हुन्छ भन्नुभो। बाबुको आज्ञा मान्दा काँढा बिझेर उसको यो गति भैरहेछ।'

'आँखाले निहारेर हिंडेन, अब त्यो दोष पनि मेरै टाउकोमा !'

'मुखभरी जवाफ दिन त जानेकी थिएँ, तर पतिदेवलाई कसरी !' भनेर चपला निहुरिन्।

'तिमी कुरै बुझ्दिनौ हेर ! चपला, मैले यो धोती र उपर्ना पनि फ्याँकेर यौटा कौपिन मात्र लाउने विचार गरेको छु, किनभने यसबाट प्रशस्त फाइदा होलाजस्तो लाग्छ। खै, पशुपक्षीलाई लुगा लाउनु पर्दैन, उनीहरू पुष्ट छँदैछन्। मानिसमै पनि ऋषि मुनिहरू नाङ्गै बस्नुहुन्छ। अब हामीलाई मात्र यो ढाँचा किन ? यदि लुगा नभई नहुनेभए प्रकृतिले नै हाम्रो आंगमा टाँसिदिन्थ्यो !' भनेर कदर्यले ओढेको उपर्ना झिकेर भईमा राखे।

'तपाईं अरूको कुरा सुन्दै सुन्नुहुन्न'— आँखाभरी आँसु गरेर चपलाले भनिन्– 'इष्टमित्र, छरछिमेकीले तपाईंलाई भनेको सुन्दा मेरा कान बहिरा भइसके। अब झन् नाङ्गै हिंड्न लाग्नु भो भने त यी कान फुट्न कति बेर ! छोरा बुहारीहरूसमेत तपाईं देखि लाजित भइरहेछन्। यस्तो गरेर तपाईंलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



के फ़ाइदा !'

'अरू जेसुकै भनून्, त्यसको केही वास्ता छैन। म त आफ्नो आयस्ता हेर्छु, अनि त्यही बमोजिम खर्च गर्छु। आफ्ना सन्तानले दुःख नपाउन् भनेर नै यत्रो कष्ट गरिरहेको छु। आफ्नो घाँटी हेरेर मात्र हाड निल्नुपर्छ भन्ने छोरा बुहारीलाई थाहा रहेनछ ! वास्तवमा धन यो हो भनेर उनीहरूले चिनेकै रहेनछन्'– भनेर कदर्यले ठाडा जुँगा मुसारे।

आँसु पुछेर चपलाले भनिन्, 'आफ्नो लिंडेढिपी छोड्दै छोड्नु हुन्न अनि के भनूँ। रात दिन पसीना चुहाएर तपाईंले धन कमाएको केका निति? के खालि थुप्र्याइराख्न हो र ? आधा पेटसिवाय जहानहरू कहिले खान पाउँदैनन्। फू: गर्दा ढल्लान्जस्ता सबै भइसके !'

अलि झर्केर कदर्यले भने, 'के कुरा गर्छ्यौ तिमी ! धेरै खानेलाई जस्तो थोरै खानेलाई कहीं रोग लाग्छ ? वास्तवमा रोगको मूल कारण अपच नै हो। बेसरी घिउसिउ खाने गरेको भए म उहिले मरिसक्ने थिएँ। हो, म दुब्लो छु, त्यसले के भयो र ! उहाँ ऋषिमुनिहरू महीनौंसम्म नखाँदा पनि कस्ता तगडा हुन्छन्। बरु यौटा कुरा तिमीलाई थाहा छैनहोला। हिमालयतिर यौटा बूटी पाइन्छ रे। त्यो खाएपछि महीना निनसम्म भोक लाग्दैन रे। फेरि ताकत पनि गल्दैन रे। त्यो बूटी ल्याउन पाए त ढुकुटी कति चाँडो भरिंदो हो।'

मुसुक्क हाँसेर चपलाले भनिन् 'त्यसो होभने बूटी लिन जानुभए भइहाल्छ नि।'

निधारमा गाँठो पारेर कदर्यले विचार गरे, 'म गएपछि ढुकुटीमा हात हालौंला भन्ने यसको विचार होला। यहाँबाट निस्कें कि यिनीहरूले ढुकुटी रित्याइहाल्छन्। ३।४ महीनाअघि बाहिरबाट आउँदा यो र छोराहरू मिलेर साँचो मिलाउन लागेको कुरा मैले कहाँ बिर्सेको छु र ! त्यस दिनदेखि म बाहिर पनि त निस्केको छैन नि। घरका जहानसमेत यस्ता भएपछि धन जोगाउने कसरी ?'

स्वाँ स्वाँ गर्दै माहिला छोरा आइपुगेर भने, 'घाँस काट्न जानु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



भएकी जेठी भाउज्यूलाई कालो सर्पले टोकेर भुतुक्कै हुनुभएछ अब के गर्ने।'

'हरे शिव !' भनेर चपला रुन लागिन्। कदर्यले पनि आँखाभरी आँसु गरेर भने, 'साँझ पर्न लागिसक्यो। अब बेर गर्न हुँदैन। दाज्यूको मन पनि त राखिदिनुपर्छ नि, तिमीहरू नै बोकेर लैजाओ। आधा आधी दाह भइसकेपछि हाडसाड सिप्रामा लगर हुरेल्दिनू। कुरा बुझिस्, लौ जा।'

कदर्यले मनमनै विचार गरे, 'म जति कम खर्च गर्छु भन्छु उति बढ्ता खर्च हुने घटना पर्छ यो के गजब ! अब यसको अन्त्यक्रिया नगराऊँ भने भएन ! गराऊँ भने पनि कसरी !

\+ \+ \+

रातभरी बूढा कदर्यलाई निद्रा लागेन। बल्लतल्ल अरुणोदय हुने वेलामा उनी झकाएका मात्र थिए। त्यतिकैमा आफ्नो आँगननेर छिक्का गरेको उनले सुने। मानिस हिँडेका पैतालाको आवाज र स्याउँ स्याउँ कानेखुशी गरेजस्तो पनि उनलाई लाग्यो। छोराहरू सागरबाट आइपुगे छन् भन्ने उनले ठाने, अनि एक छिनसम्म कान थापेर उनी बसिरहे, तर चालचुल केही सुनिएन। क्या हो ए ! चोर हो कि भनेर आँगनमा आउँदा त एउटा सेतो पोको देखियो। कदर्यले दुःख पायो भनेर कसैले धनको पोको ल्याएर राखिदिएको त हैन भन्ठानेर उनले पोको फुकाए, त्यहाँ मरेको बालक पो रहेछ। यो कसको काम हो भनेर उनी रुसंग भए। अनि उनले विचार गरे, आफ्नो आँगनमा यस्तो किन राखिछोड्नु ? बरु ऐले नै पर लगेर फालेर आउँछु।'

कदर्य ३०।४० पाइला हिँडेका मात्र थिए। ठ्वाक्क देवशर्मासित जंकाभेट भयो। अनि उनले निहारेर भने, 'ओहो, तपाईं कहाँ जान लाग्नु भएको ? सिप्रामा नुहाउन जानु हुने भए हिँड्नोस् सँगसँगै जाऔं।'

लकपकाएर कदर्यले भने, 'होइन, ऐले जान्नँ।' देवशर्मा सिप्रातिर लागेपछि पोको एकातिर मिल्काएर कदर्य घरमा आए।

\+ \+ \+

२ घडी दिन बितिसकेको हुँदो हो। सिपाहीहरू आएर एक्कासि कदर्यलाई समातेर लगे। अड्डामा पुगेपछि हाकिमले कदर्यलाई भने, 'गए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



राती तपाईंको गाउँमा कसले सालनालसहितको बालक फ्याँकेको हुँ ?

कदर्य निलाकाला भइहाले, गललगी खुट्टा कँपाउँदै उनले भने, 'कुन्नि कसले हो मलाई थाहा छैन ।'

गंभीर स्वरमा हाकिमले भने, 'तपाईंलाई पक्का थाहा छ, भन्नोस् ।'

पसीना पुछ्दै लकपकाएर कदर्यले भने, 'जेठी बुहारी स्वर्ग भई, म त उसैको अफसोसमा थिएँ । केही पनि पत्तो पाइन ।'

अलि कड्किएर हाकिमले भने– आफैले फ्याँकेर पत्ता पांइनँ भन्न लाज लाग्दैन ? साँचो कुरा गर्नोस्, सरजमीन बकाउँदा खास तपाईंले पोको बोकेर ल्याएको देखेको हुँ भन्ने मानिस खडा छन् ।

कदर्य थरथर कामि मात्र रहे । उनको सर्वाङ्ग पसीनाले तर भयो । त्यो देखेर हाकिमले भने, वरु साँचो कुरा भनेको खण्डमा केही दण्ड हुँदैन ।'

हात जोडेर कदर्यले भने, 'जस्ताको तस्तो भन्छु, सुन्नोस्– राती मेरो आँगनमा कल्ले ल्याएर फालेको रेछ, अनि मैले परतिर लगेर फ्यांकेको मात्र हुँ । अरू मलाई केही थाहा छैन ।'

कदर्यलाई औंल्याएर अड्डाका अरू अधिकारीतिर फर्की हाकिमले भने, 'लौ सुन्यौ यिनका कुरा, यो काममा पक्का पंनि यिनैंको हात छ । अगि थाहा नै छैन भन्ये, अहिले चाहिं अलि पर लगेर फ्याँकिदिएको मात्र भन्न लागे । यसो भनेर यिनले कहीं सुख पाउलान् ? कि फ्याँक्ने फलानो हो भनेर यिनले देखाउन सक्नुपर्छ, कि त सजाँ भोग्नुपर्छ ।'

सबैंले सही थापेको देखेर रुन्चे स्वरमा कदर्यले भने, 'दाह्री जुङ्गा फुलिसकेको व्यक्तिले यस्तो काम कहीं गर्ला ? यो त तपाईंहरूले आफैं विचार गर्नुपर्ने कुरा हो । बरु हाम्रो गाउँमा कसको घरमा कुनचाहिं स्त्री सुत्केरीजस्ती छ त्यो कुरा अड्डाबाट बुझियोस् ।'

'खास फ्याँक्ने मानिस साबीत भैसकेपछि अड्डालाई अरूसंग खोजिनीति गर्ने आवश्यक छैन । यहाँ त खालि तिमीले निलिराखेको पापलाई ओकल्न लाउनुपरेको छ । कुरा बुझ्यौ ?' भनेर हाकिमले जुङ्गा मुसारे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



हाकिमलाई हात जोरेर कदर्यले भने, 'न्यायको तरवार हातमा लिएर अन्यायको पर्दा फार्नु हुनेछ भन्ने मलाई पूर्ण विश्वास छ, शरणको मरण नहोस् !'

'यो मत्तिको कंजूस छ भन्ने थाहा छ। सके कुनै धनीले यो पर्यांकेको बापतमा यति धन दिउँला भनेको होला तर कुरा खोल्दैन। वाहिर हेर्दा सोझो होलाजस्तो छ, तर भित्रभने यो जत्तिको जाली कोही छैन। हेरन ऐले मेरो गोडामा परेको !' इत्यादि मनमनै विचार गरी हाकिमले भने, "शरण पऱ्यो भन्दैमा अपराधीलाई छोड्न होला ?"

धन अगाडि राखिदिएपछि नहुने कुरा केही छैन। कालो सेतो बन्छ, फेरि सेतोचाहिं कालो। यदि उसको भुंडी भरिनँभने म अवश्य बिग्रन्छु भन्ने मनमा गुनेर हाकिमको नजीकै गई कदर्यले कानेखुशी गरे।

'पेटमा कालो पक्का छ नत्र यस्तो कुरा किन गर्थ्यो। सके मलाई बिगार्ने जुक्ति निकालेको होला। अब यसलाई छोड्नु हुन्न भन्ने विचार गरी हाकिमले सिपाहीहरूलाई भने, 'यो बदमाश हो। जहाँसम्म सबै कुरा खुलस्त-सँग बताउँदैन तहाँसम्म थुनिराख।'

\+ \+ \+

प्रदोष भएकोले महाकालेश्वरको दर्शन गर्न मानिसहरू धुइरिएका थिए। वाहिर ढोकादेखि नै धक्का खाँदै कदर्यका वालसंगाती सोदर्यले पनि वल्लतल्ल दर्शन गरे। उनी तीर्थयात्रा गर्दै बद्री पुगेर अगिल्लो दिन मात्र आइपुगेका थिए। धेरै महीनापछि देखेको हुँदा आफ्नो जन्मस्थल नै भए पनि उज्जैन उनलाई नौलोजस्तो लागेको थियो। बिस्तार बिस्तार दायाँ बायाँ दुवैतिर हेर्दै जाँदा सिप्राको तीरैको पाटीमा भित्तातिर फर्केर बसेको यौटा कौपीन मात्र लाएको मानिस र अलि पर उसलाई हा हा गर्ने दश बाह्र जना केटाकेटीलाई उनले देखे। हुदाहुँदै यौटा ठिटोले पछाडिबाट गएर नाङ्गो आँगमा पिच्च थुकिदियो, अर्कोले गएर डिका लगायो, पैसा सिद्धिएपछि जो पनि साधु बन्दो रहेछ भनेर तेस्रोचाहिंले त्वार्र मुतिदियो, तर नाङ्गो व्यक्तिले हलचल गरेन, ढुङ्गो मूढोजस्तै भएर बसिरह्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



'यो को हो ? हेर, विचरालाई दुःख दिएका ? कहांसम्मका बदमास यिनीहरू, जाओ' भनेर सोदर्यले भन्नासाथ केटाकेटीहरूले भने, "यो किरन्टोकी के साँच्चिकै साधु हो र ? कमाएको धन सबै वेपत्ता भयो, छोरा बुहारीले घरवाट निकालिदिए अनि बडो सज्जन बनेर बसिरहेछ। यज्ञदत्तक, बाजे यो कदर्यलाई तपाईंले चिन्नुभएको छैन र ?"

सोदर्य प्रसन्न भए, अनि नजीकै गएर मुख हेरी उनले भने, 'ओहो ! मित्र, तपाईं पो हुनुहुँदो रेछ। के भो किन यहां आएर यसरी वस्नु भो ?'

क०—त्यसै।

सो०—के मलाई पनि फचक्री ठान्नुभेको ?

क०—हैन।

सो०—उसोभए किन नभन्नुभेको त ? अथवा मलाई भनेर तपाईंको काम विग्रन्छ कि कसो ?

क०—विग्रन्न।

सो०—भन्नोस् त।

क०—भनूँ भन्छु, तर ... ... ...

सो०—तर भन्नाको मतलव ?

क०—भक्कानो फुटेर आउँदा घाँटी मस्किन्छ, अनि हुँदैहुँदैन।

क०—मलाई भन्न पनि किन त्यसरी गाह्रो मान्नुभेको ? लौ भैगो यसको रहस्य थाहा नपाउञ्जेल आज एक छिन के दशौं दिन पनि यसै वसिरहन्छु।

आँसु पुछेर मन्द स्वरमा कदर्यले भने, 'सुन्नोस् त यौटा फजूलको मुद्दामा सय असर्फी दण्ड नलिई अड्डाले मलाई छोडेन अनि माहिलालाई ढुकुटीको साँचो दिएर असर्फी लिन पठाएँ तर ऊ फर्कँदै फर्केन अनि दण्डका निति म दुई महीना क्यालखान परें। पछि घर जाँदा त वूढी स्वर्ग भइसकेकी रहिछ, ढुकुटीचाहिं रित्तो ! के भो भनेर छोराहरूलाई सोद्धा भित्ता फोरेर चोरले लग्यो भन्ने जवाफ पाएँ। त्यसपछि गाडेको धन छ कि छैन भनी ढोका लाएर खन्दा सावुत देखियो अनि अव यहाँ राख्नुभएन भनी लिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



निस्कनै आँटेको थिएँ त्यतिकैमा छोराहरू आएर वाटो छेकी भने, 'यो के रखौटी आमालाई दिन लगेको ? हामीलाई मारेर यस्तो गर्न पाइँदैन ।'

तिमीहरूको आमावाहेक अरू स्त्रीलाई आजसम्म मैले छोएकै छैन वावा ! भनेर शपथ खाँदा पनि उनीहरूले पत्याएनन् । अन्त्यमा त्यो धन पनि सबै उनीहरूले नै खोसेर लिए । झुटो अपवाद लगाएकामा मलाई पनि साह्रै जङ चल्यो । भन्नु नभन्नु भनिदिएँ । त्यसपछि त छोरा, बुहारी, नाति नातिनी सबै मिलेर मनपरी भनेर मलाई घोक्र्याइदिए । अनि मेरो मनमा लाग्यो–तिनीहरूकै रक्षा गरुँला भनेर जुन धन पसीना काढेर मैले जोडेको थिएँ आज त्यसैले मेरो पाटीको वास गरायो । भैगो, संसार यस्तै स्वार्थी रहेछ । वरु यतिञ्जेल परमेश्वरको भजन गरेको भए कति हुन्थ्यो । तर यो पनि भगवानको अनुग्रह हो । नमर्दै मैले चेतना पाएँ–' भनेर पद्मासन कसी मेरुदण्ड सोझो पारेर नाकको टुप्पातिर कदर्यले आँखा लगाए ।

आँखाभरी आँसु गरी सोदर्यले भने, 'हरे शिव ! छोरा बुहारीले समेत तपाईंलाई यसरी दुःख दिएछन् त्यसो होभने हिंड्नोस् मेरो घर जाऔं ।'

कदर्यले गुनगुनाएर भने, 'अव म कहीं जान्नँ, फेरि कसैले कसैलाई दुःख दिएको पनि हैन । वास्तवमा दुःखको कारण आफ्नै मन हो ।'

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# माहिलो छोरो आनामानी

चारैतिर एकनाससँग तेज फिँज्नुपऱ्यो भनेर 'हो कि, सूर्य आकाशको बीचमा पुगिसकेका थिए। पृथ्वीका दुनियाँको भने पुलुक्क घाम हेर्ने साहससमेत थिएन। मध्यान्ह-स्नान सिध्याएर कति मुनि गुफा पसिसकेका थिए। खसखसका पर्दाले टन्न भएका धनीका महलमा भने सूर्यको एउटा किरण पनि पस्न सकेको थिएन। यस्तो वखतमा पनि अजीगर्तको छाप्रो व्हाङ्ङ थियो। माटोको कमण्डलु हातमा लिएकी उनकी पत्नीचाहिं वाटोतिर आँखा तानेर सँघारमा उभिएकी थिइन्। भिक्षा लिएर कहिले पतिदेव आउलान् र छोराहरूको पेट भरिदिउँला भन्ने उनको विचार थियो। खाजा दिनुहोस् भनेर रोइरहेका माहिला र कान्छा छोरालाई देखेर उनको मन विव्हल भइरहेको थियो, यत्तिकैमा पछिल्तिरवाट आएको जेठोले भन्यो, 'आमा, भोक लाग्यो।'

आमा--तेरो बाबा भिक्षा माग्न जानुभएको थाहा नै छ, अनि कराएको किन ? भाइहरूलाई फुल्याउनु त कहाँ हो कहाँ ! जेठो बाठो भएर पनि झन् आफै चिच्याउँदो रहेछ ए ! जा न, एकै छिन भाइहरूलाई खेला।

जे० छो--शुनःशेफ मान्दैन। कान्छुको त झन् कुरै छैन। 'पापा ले !' भनेर रोइरहन्छ। अनि कल्लाई खेलाउने ? (झर्केर जेठोले भन्यो)

आमा--('माहिलातिर फर्की') ए शुनःशेफ, एकैछिन दाइसँग खेल्न जा न।

शुनःशेफ-- पेटभरी खान दिनोस् है त। पालो मेरै हो आज। हिजो कान्छुले खाएको न हो ?

आमा--अँ, कान्छुको पेट खोक्रो राखेर तँलाई दिनपर्ला अव।

शुनःशेफ--कहिले दाइको पालो रे कहिले भने कान्छुको रे। मलाई भने कहिले पनि अघाउन्जेल खान दिनुहुन्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



आमा—तेरो बाबाले र मैले पानी मात्र खाएको आज सात दिन भइसक्यो, थाहा छ ? लौ, जे भए पनि भाइलाई खेलाउन लगिस्‌भने अलिकति बढ्ता दिउँला, जा ।

वाहिरी र भित्री गर्मीमा पुटपाक भएका अजीगर्त वल्लतल्ल घर आइपुगे । आकारवाट नै उनको भित्री दर्द र नैराश्य पत्ता लागिहाल्यो । पत्नीले चाहिं तुरुन्तै पतिदेवको पाउ धोइन्, अनि भित्रपट्टि कुशासनमा राखेर पछ्यौराले पसीना पुछिदिइन् अनि भनिन्– के आज भिक्षा कसैले पनि दिएन ?

अजीगर्त—एकदिन व्हैन, दुईदिन व्हैन सधैं कसले दिन्थ्यो ? जहाँ गयो यो कस्तो गृहस्थ रहेछ, दिनहुं माग्न आउँछ भन्छन् । मलाई भने मरेजत्तिकै लाग्छ, के गरूँ !!

पत्नी—साथी भनाउँदा शाण्डिल्यले पनि दिएनन् त ?

अजी०—सधैं माग्न आउनेलाई माटो पनि दिएर साध्य हुन्न, अन्नको त के कुरा ? भने—

पत्नी—आफूसंग भएदेखि त दिनको तीनपल्ट पनि दिन्थें ।

अजी०—नहुँदा र हुँदाको कुरो भिन्दै हुन्छ, वुझ्यौ ? फेरि उनी हामीजस्तै त हुन् नि ।

पत्नी—हो, उनीसँग तपोवल छैन । अस्ति मात्र राजाकहांबाट प्रशस्त दान पाएका शाकल्यले त दिनुपर्ने कि ! उनले पनि छैन भने त ?

अजी०—त्यसै देऊ भन्न लाज लाग्यो र उनीसँग मैले सापट मागें । अनि कुटीभित्र पसेर उनले खासखुस गरे । कुकुरलाई पैंचो दिएजस्तै त हो नि भनेर उनकी पत्नीले भनेका झट्का मेरा कानमा पऱ्यो । अनि म चाहिं उनीसँग भेटै नगरी फर्कें । उनलाई भन्ने कुरा पनि केही छैन, किनभने पहिलोपटकको पनि तिर्न सकिएको छैन ।

पत्नी—आफूसँग भई-भई नतिरेको व्हैन । त्यसो भएपछि हामीलाई के दोष ? कोही घिचले थिच हुने र कसैको भने पेटमा आगो बलिरहने ? यो त हुनै नसक्ने कुरा । के उनी मर्दाखेरि पनि त्यो धन छातीमा राखेर लैजान्छन् रे ? कस्तो गजव ! त्यसै हो भने तपाईं पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



वशिष्ठकहाँ गएर दान दिलाईदेऊ भन्नुहोस् न त ।

अजी०--राजाको हातबाट दान लिनु ज्यादै खराब छ। हरेक किसिमबाट जम्मा गरेको पैसा फलामभन्दा पनि साह्रो हुन्छ भन्ने शास्त्रको वचन छ।

पत्नी--वशिष्ठजस्ताले त लिइरहेछन् भने हामीले लिन नहुने किन ?

अजी०—उनमा राजस्व पचाउने शक्ति पनि त छ नि ।

पत्नी—हामीमा झन् छ। थुप्र्याएर राखे पो नपच्ला भन्ने डर। ल्याएकै दिनदेखि बलिरहेको पेटमा हामी होम गर्छौं, त्यो पनि पञ्चयज्ञ गरेर। अनि के ?

अजी०—शिला खोजेर खानु, अथवा अजिंगरजस्तै मुखमा आइपरेको खानु अमृत थियो। तर के गर्नु, निर्वाह नहुने ! ... ... ...

... ... लालाबाला यतिका छन् । यिनका पेटमा चारा नहाल्दिई भएन। अकेलो भए त के थियो र ? कन्दमूलैले पनि निर्वाह चलाउँथें।

पत्नी--यहाँलाई यसरी सताउने वास्तवमा यही अभागिनी नै हो, नत्रभने यत्रो कष्ट पर्ने नै थिएन। आफ्ना पतिदेवलाई यसरी कष्ट दिने पत्नीले बाँच्नु मर्नु नै हो।

अजी०—तिमीलाई पो मैले यस्तो कष्ट दिइरहेको छु। कहाँ तिम्रो रूप, शील, फेरि कहाँको यो मेरो दरिद्र-कुल। साँच्चिकै भनौंभने यसरी बेजोडाको मेल गराउनै नहुने। हुनत विधाताले ममाथि ठूलो निगाहा गरेका हुन्। नत्र यो शील र सौन्दर्यको रस म कहाँ पाउँथें। वास्तवमा तिम्रो पातिव्रत्यले मलाई खडा गराएको छ, अमृत-वाणीले जीवनी दिएको छ, सौन्दर्यले स्वर्गीय सुख लुटाएको छ। तिमीजस्ती गुणकी खानी पत्नी पाएर नै मैले जन्मेको सार संझेको छु, अझ भाग्यमानीसमेत ठानेको छु।

पत्नी—हजूरजस्तो सज्जन पतिदेव पाएकीले नै मलाई पनि अरू दिदी बहिनीका अगाडि आत्माभिमान छ। सौताका मर्मबाण बिझ्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



भने महलमा बसेर रेशमी पोशाक लगाएर मात्र के गर्नु ? भित्रभित्रै घाउ डढिरहेछ, अब बाहिर मलहमपट्टी लगाएर के फाइदा ? अहा, मलाई कसैको जालपेच सुन्नुपर्दैन, पतिदेवका हृदयकी पटमहारानी खालि म नै छु। यही छाप्रोको राज्यमा मलाई आनन्द छ। पतिदेवको एकमात्र प्रेमपात्र बन्नु नै मेरो सौभाग्य हो। विलासका साधनलाई त म घृणाको दृष्टिले हेर्दछु।

अजी०—यस्तै सरस र सारवान् वचन सुन्न पाउँदा त यो दारिद्रयको भुरतालमा पर्दा पनि मलाई सुख र शान्ति छ। धन्य हो तिमीजस्ती पत्नी पाउनु।

× × ×

दिनभर फिलिङ्गो छरेर उधूम मच्चाएका भकुण्डाजस्ता सूर्यलाई पृथ्वीले पश्चिमी समुद्रतिर हुत्याइसकेकी थिइन्। अब चन्द्रमासँग रूपौला चाँदनी मागुँला र जीउभरी घसेर शान्ति लिउँला भन्ने पृथ्वीको विचार थियो। तर आफू ताक्छु मुढो बन्चरो ताक्छ घुँडो झैं भयो। औंसीको रात भनेर चन्द्रमा देखै परेनन्। अझ दिनभन्दा बढता सितारा भरेको घुंटी हालेका भए तापनि पृथ्वीको मुख झन् झन् अँध्यारो हुँदै गएको थियो। यही वेला अजीगर्तका आँगनमा चार पाँच जना मानिसहरू आइपुगे, अनि उनीहरूले भने 'आज एक रात यहाँ वास बस्न पाइन्छ कि ?'

झोक्रिएर पिंडीमा बसेका अजीगर्तले उनीहरू आएको पत्तै पाएका थिएनन्। अकस्मात् त्यो आवाज सुन्दा उनी झसंग भए, पछिबाट समालिएर उनले भने—ओहो, आउनुहोस् एक रात त के महीना दिनसम्म बस्नुहोस्।

पाहुनाहरू—रातभरी बस्ने फुर्सद त छैन। के गर्नुहुन्छ, अर्काको नोकरी गरेपछि आफ्नो मजामा हिंडडुल गर्न पाइँदो रहेनछ। महीना दिनभित्रैमा यो काम पटचाएर आऊ भन्ने महामन्त्रीको आज्ञा छ, तर अट्ठाईस दिन भइसक्यो, अत्तोपत्तो केही छैन।

अजी०—कस्तो काम हो कुन्नि ? गर्न सकिने रहेछ भने हामी पनि मदत गरौंला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पाहुनाहरू—महाराज हरिश्चन्द्रका निति एउटा बटुक ब्राह्मण किनेर ल्याउनू भन्ने आज्ञा भएको थियो। त्यसका निमित्त यी ५००० अशरफी पनि बोकेर ल्याएका छौं, तर आजसम्म कहीं पाइएनन्। नलिईकन त्यसै जाऔंभने पनि महामन्त्रीले के भन्ने हुन्। यतातिर त्यस्ता ज्यादै गरीब को छन् ? यहाँलाई सबै थाहा होला, भन्नुहोस्न।

अजीगर्तको चेष्टा उत्तिखेरै बदलियो। एक छिनसम्म उनी गहिरो विचारमा डुबेजस्ता देखिए। सरसल्लाह गरेर भोलि विहान जवाफ दिउँला भनी अन्त्यमा उनी भित्रतिर पसे।

चारैतिर चकमन्न भए तापनि अजीगर्तका मनमा छोरा बेचौं कि नबेचौं भन्ने संकल्प विकल्पको लडाइँ मच्चिरहेको थियो। एक त खाली पेट उसमाथि बाहिर पाहुनाहरू घुरेको आवाजले अजीगर्तकी पत्नीलाई यो आधा रातसम्म निद्रा परेको थिएन, उनको लामो सुस्केराबाट पत्नी निदाएकी छैनन् भन्ने थाहा पाई अजीगर्तले भने, 'तिमीले पाहुनाको कुरा सुनिहाल्यौ, अब के गर्ने त।'

पत्नी—खै, आफ्नो कलेजो चटक्क चुँडालेर अर्काको हातमा कसरी सुम्पिने ?

अजी०—तीनौटैले सधैं हाँ हाँ गरेको पनि कसरी हेरिरहने ? यिनीहरूले बाबा ! भनेर बोलाउँदा पनि म त लाजले भुतुक्क हुन्छु। हरे शिव ! बाबु भएर के गर्नु ? न खान दिन सक्नु छ न त लाउन दिन। कस्ता गरीबका कोखमा जन्म लिन आएछन् यिनीहरू।

पत्नी—अब तपाईंको विचार के त ?

अजी०—अरू के हुन्थ्यो। कुनैको मुखमा रगत छैन, सुक्दै गइसके, यसरी कालको मुखमा तीनौटैको होम गर्नुभन्दा त एउटा चाहिं राजालाई दिएर दुइटाको पालन-पोषण गर्नु बेश होला कि भन्ने हो।

पत्नी—खै, कल्लाई बेच्ने ?

अजी०—जेठोबाठोलाई त कसरी बेच्नु, अरू दुइटामा तिमी जल्लाई भन्छ्यौ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पत्नी--भर्खर तोते बोली फुटेको कान्छुलाई त म छोड्नै सक्तिनँ।
अजी०—उसो भए के माहिलोलाई त ?
पत्नी—त्यो पनि कसरी ? पहिले यतावाट छुट्टिँदैमा त्यल्ले डाँको छोड्नेछ। कन् मालिकचाहिँको अधीनमा पर्नुपर्दा त्यसको मनले के भन्ला ?
अजी०—शत्रुलाई पनि यस्तो अवस्था नपरोस् भनेर म त ईश्वरसँग प्रार्थना गर्छु।
पत्नी--मलाई पनि त्यस्तै लाग्छ।
अजी०—खै, के भनौं, मेरो चारैतिर घनघोर अन्धकारले छोप्दै आएको छ। देख्नु सुन्नु केही छैन। कतैबाट उज्यालाको लेश आउने आश पनि छैन। लट्ठी भने पनि, सहारा भने पनि, आधार भने पनि तिमी यौटी छचौ। उसैले तिमी जुन गोरेटोवाट लैजान्छचौ त्यतै लान्छु।
पत्नी—हामीजस्तो दुःखी त यो राज्यभरमा नै कोही छैन कि ?
अजी०--भए अट्ठाईस दिनसम्म पाहुनाहरूले खोज्दा किन पाइँदैनथ्यो ?
पत्नी—हरे शिव !

× × ×

सरयूका किनारमा धूमधामसँग यज्ञ हुन लागिरहेको थियो। बलेको अग्निको ज्वाला प्रदक्षिणा गर्दै आकाशतिर लागेको थियो, जलोदरले ग्रस्त भएका हरिश्चन्द्र दीक्षितको आसनमा वल्लतल्ल बसेका थिए। उनको व्यथा झन्झन् चर्किंदै गएको थियो। अँ, अय्या र उहूकोवीचवीचमा ईश्वरको नाम पनि उनी लिन्थे। यता मौलोमा बाँधिएका हाडछाले बटुकको आँखा-वाट व्रलीन्द्रधारा आँसु बगिरहेको थियो।

'म कुन देवताको राम्रो नाउँ उच्चारण गरूँ! मौलोबाट छुटाएर यो विशाल संसारमा मलाई कसले फुक्का गरिदेला जसबाट आमावाबुको मुख म फेरि देख्न पाउँछु ! हे देवता, मेरो माथितिरको पाशो माथितिरैवाट फुकाइदिनोस् अनि वीचको वीचैवाट र तलको चाहिं तलैवाट, इत्यादि विलौना गर्दै उनी चिच्याइरहेका थिए, तर तिनको आर्तनाद ऋषिहरूका मुखवाट निस्केको चार वेदको ध्वनिमा विलाइरहेको थियो। सवै आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



आफ्ना काममा व्यस्त थिए ।

शुनःशेफको पुकार कसो कसो गरेर विश्वामित्रका कानमा पुग्न गयो, अलि अनि नजीकै गएर उनले भने, 'बाबु ! नरोऊ, जसले बलिका निमित्त छोरालाई बेच्यो, त्यस्ता बाबुआमालाई फेरि किन संझन्छौ ? बरु, एउटा मन्त्र सुनाउँछु, वरुणको ध्यान गर्दै त्यही जप, तिम्रो कल्याण हुनेछ।'

शुनःशेफलाई मन्त्रदान दिई राजाको नजीक गएर विश्वामित्रले भने, 'महाराज, यो कस्तो अन्याय, एकपल्ट मौलोतिर नजर होस् । बलि बनेका बटुकको कुन हालत छ। यो करुण दृश्य देख्ता पनि हजूरको मन पग्लँदैनभने के बिन्ती गरूँ ! हजूरजस्ता सत्ययुगी र सूर्यवंशी राजाको चाल यही हो त ? बटुक ब्राह्मणको मुटु झिकेर आफू बच्न खोज्ने ? यो कुन धर्म हो ? कस्तो न्याय हो ? यस्तो कुकर्ममा दीक्षित बनेर बस्न हजूरलाई लाज लाग्दैन ? बरु वरुणको अरू नै ध्यान जप पाठ इत्यादि उपासना गरिबक्स्योस् । बलि नभई वरुण प्रसन्न हुँदैनन् भन्ने कुरामा मलाई बिलकुल पत्यार लाग्दैन। उनी त खास सात्विक देवता हुन् । हो, तमोगुणी राक्षस भए अर्कै कुरा। यदि तपाईंलाई बलि दिने नै प्रबल इच्छा छ र सक्नुहुन्छभने रोहितलाई नै ल्याएर दिनुहोस्, न्हैनभने यो के कुरा ? वास्तवमा 'भावमिच्छन्ति देवताः' भन्ने कुरा सत्य हो । उसैले पीठोको बलि दिए पनि हाम्रो मतलब सिद्ध भइहाल्छ भने यो कुकर्ममा लागिपर्ने किन ?

हरि०—मलाई व्यथाले अहिले ज्यादै सताइरहेछ, उसैले जे गर्नुपर्ने कुरा गुरु वशिष्ठसँग गर्नुहोस् । उहाँले आज्ञा भएको कुरामा मेरो मञ्जुरी छ ।

त्यसपछि सरासर वशिष्ठकहाँ गएर विश्वामित्रले भने, 'मुनि, मैले भन्नुपर्ने कुरा त हैन, तपाईं आफैं बुद्धिमान् हुनुहुन्छ तैपनि सकसके मुख भएकोले अगि सरेको हुँ । हेर्नोस्, मौलोमा बाँधिएको बटुकको दुर्गति । तिनको उद्धारमा तपाईंजस्ता ब्रह्मज्ञानीले किन मन नदिनुभएको हो, केही बुझिनँ । सजातीयं ब्राह्मणको यस्तो दीनदशा टुलुटुलु हेरी यतिका ब्रह्मर्षिहरूमा एउटाले पनि चुँक्क नबोल्नुभएको देख्ता मलाई अचम्म लागिरहेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



के यही हो त कृत्य ? क्षत्रियका लागि ब्राह्मणले ब्राह्मणको हत्या गर्ने ? म त भन्छु सकभर विश्वलाई नै बन्धु संझनुपर्छ । त्यो कक्षामा पुग्न नसक्नेले स्वदेशीलाई बन्धु मान्नुपर्छ, त्यति] भएनभने पनि स्वजातिलाई त अँगालो हाल्नैपर्छ, नत्र त्यस्ता जातिको उन्नति आकाशको फूल हो ।

वशिष्ठ--तपाईंको कुरा ठीक हो, तर यस वेलासम्म के हेरिरहनुभएको थियो ? मैंले त यो काम असल व्हैन भनेर उठानैमा भनिदिएको थिएँ । तर मन्त्रीहरूले ज्यादै जिद्दी गरे । अब यो विधिको परिभ्राट् उठाइसकेपछि अन्त्यको समयमा नगर भन्न गएँ भने सबैले मलाई के भन्लान् ? तपाईं नै विचार गर्नुहोस् । फेरि यो स्वजाति हो भनेर पक्षपात गर्नु आफ्नो कमजोरी हो । प्राणी मात्रको कल्याण मनुष्यले चाहनुपर्छ । मैंले त राजा र बटुक दुवैको भलाइको लागि वरुणसँग प्रार्थना गरिराखेको छु ।

एक वचन नबोली विश्वामित्र फरक्क फर्के । उनको मनमा क्रोध र करुणाको भेल झन् बढ्दै आयो । आफ्नो वचनको यसरी वास्ता नगरेकोमा हरिश्चन्द्रलाई तीतो फल चखाउने संकल्पसमेत उनको मनमा उठ्यो ।

यता वरुणजी पाल्नु भो भनेर होता कराए, अनि त 'जय वरुण' भन्ने शव्दले आकाश घन्कियो । तर वरुण भने सरासर मौलोतिर गए, अनि शुनःशेफको बन्धन काटिदिएर भन्न थाले, 'बाबु शुनःशेफ, तिम्रो एकाग्रतादेखि म प्रसन्न भएँ, जीवनदान दिएको छु, जहाँ जान मन लाग्छ, जाऊ । तिम्रो कल्याण होस् ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# व्यभिचार

मही,

चिनेको थिएँ भनौं, कि अथवा थिइनँ भनौं तर हिजोदेखि राम्ररी चिनें। हुनत अब मैले तपाईं भन्नुपर्ने हो तर भन्दिनँ। त्यसको कारण तिमी आफैं पत्ता लगाऊ। धेरै दिनदेखिको तिमी भन्ने अभ्यासचाहि सहकारी कारण हो भन्ने पनि बुझ।

आजदेखि तिम्रो घरमा म कहिल्यै आउन्नँ। फेरि बाटामा भेटिए पनि तिम्रो मुख म हेर्दिनँ। मीठो मदिरा भन्ठानिरहेको थिएँ तर तिमी पीप पो रहिछौ। तिमीमाथि मेरो हृदयमा दया-मायाको लेश पनि छैन, बरु बगि-रहेको छ घृणाको खोलो। मैले तँ जस्ता कतिलाई ठगिसकें, अब तँ नआए के त भनौली, तर त्यो होइन। वास्तवमा तिमी आफैं पनि ठगिएकी छौ। के यसै गर्दा नारीको जीवन सबल हुन्छ र ? विचार गर।

ज्यान नजाउञ्जेल आपसको प्रेम बढाउँदै जाने भनी हामी दुवैले प्रतिज्ञा गरेको खै त भनौली, त्यसको जवाफ यो पत्र पढिसकेपछि स्वतः थाहा हुनेछ। उसैले कस्तो बेइमान रहेछ भन्ने नठान। पूरा ईमानदार नभएको भए यसरी पत्र लेख्ने मतलवै थिएन।

एक त बालविधवा, उसमाथि अशिक्षित हुँदा तिमीलाई मात्र म दोष दिन्नँ, फेरि यसमा मेरो पनि ठूलो अपराध छ। अरूलाई परस्त्रीको मुखै नहेर्नू भनी उपदेश दिने, आफूचाहि तिमीजस्ती कामिनीमा आसक्त हुने। म कहाँसम्मको धूर्त, कहाँसम्मको जाली। लाटागाँडाका आँखामा छारो हालेर जानी जानी पाप गर्ने बिरालोभन्दा खराब हो।

मुखैले भनिदिऊँ भनी म आज विहान फेरि आएको थिएँ तर तिमी नुहाउन आँटेकी रहिछौ। छेकिएर च्याउँदा पो साँचीको अनुहार मैले देखें। चाया र चाउरी परेको मुख र अलि अलि कपाल देखिएपछि तिमी होइनौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



कि पनि भन्ठानें । पहिले त म मेरो उमेरसँगसँगैकी होउली भन्ठानेको थिएँ तर ह्वँन रेछ । बाह्य श्रृंगारले नै कृत्रिम सौन्दर्य भरेकी रहिछौ भन्ने निधो गरेपछि चाहिं मोहलाई पश्चात्तापले जित्यो, अनि फरक्क फर्कें ।

पहिले आदिदेखिका कुरा सुन, हुनत केही तिमीलाई पनि थाहा होला । तथापि तिमीलाई पूरापूर थाहा होस् भन्ने उद्देश्यले र अर्को कुनै आन्तरिक प्रेरणा भएकोले पनि कुरा छर्लङ्ग खोल्दछु ।

चन्द्रग्रहंण भएकोले धौतपाप तीर्थमा स्नान गरी फर्कन लाग्दा म छलिएँ । गुरु गालव र अरु साथीहरू कता लागे कता । आश्रमतिर जाने बाटो नदेखेकोले म ता शहरतिर पो लागेछु । त्यसै अलमलिइरहेको वखतमा छमछम पाउजेव वजेको आवाज मेरो कानमा पऱ्यो । त्यसपछि चहकिलो बत्ती लिएर हिंड्ने यौटा मानिसको पछाडि गुलाफी चीनीयाँ सारी लगाएकी दायाँ हात छिकेर बायाँ काँधमा रहेको छड्के हारले चहकिएकी तिम्रो औधी राम्रो मुखका अगाडि बीचको तेज स्वाट्ट खिचिएको सुनौलो चन्द्रमाको घेरा हो कि भने जस्तो जडाउ नत्थ लगाएकी तिमीलाई मैले देखें । यौटी बुढी र अर्को अधबैंसे पुरुषचाहिं तिम्रो पछिपछि लागेका थिए । स्वर्गकी उर्वशी पृथ्वीमा आएकी हो कि भने जस्तो मलाई लाग्यो । पछिपछि गएर तिम्रो घर पत्ता लगाई बाटो सोद्धै सोद्धै म आश्रमतिर गएँ ।

त्यस दिनदेखि पढ्न मन लाग्दै लागेन । राती निद्रा पनि लाग्न छोडयो । विहा नभएको रहेछ भने तिमी नै संग विहे गर्छु भन्ने अठोट गरें, अनि तुरुन्तै गुरुदक्षिणा दिई यही जनस्थानमा आई वसें । वेद तथा वेदाङ्ग पढेर आएको स्नातक भनेर राजाले पनि मेरो ठूलो मान गरे । केही पैसा मैले कमाएँ । त्यस वखतमा धेरैले मलाई कन्या दिन आएका थिए, तर कहाँ तिम्रो छनकमनक कहाँ ती कन्याहरूको सरलता । हीरा छोडेर पत्थर को लिन्थ्यो ? उसै हुँदा मैले तिनीहरूको वास्तै गरिनें ।

सायं सन्ध्या सिध्याएर म सधैं तिम्रो घरको बाटो ओहोरदोहोर गर्थें । झ्यालमा वसिरहेकी तिमीलाई बराबर देख्थें, जान्थें । एक दिन त साहसका साथ धनी सेठको छोराको ढाँचा गरेर म आएँ, फिजिएको फीज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



जस्तो ओछ्यान हातले देखाएर तिमीले राजहोस् भन्यौ। म वस्नासाथ पानबट्टा लिएर आई तिमी छेउमा वस्यौ। अगिल्तिर पुलुक्क हेर्दा भित्तामा टाँसेको ठूलो ऐनामा आफ्नो प्रतिबिम्ब देखेर लक्ष्मीका साथै शेषमा वसेका विष्णुको नकल गरेजस्तै मलाई लाग्यो । मोतीजस्ता दाँत खिसिक्क देखाएर तिमीले भन्यौ, "आज कताबाट वाटो बिराउनुभो ?"

के जवाफ दिने हो इत्यादि प्रश्न मेरो मनमा तँछाड मछाड गरेर उठे, चारै कुनामा त्यसरी बलिरहेका पानसको चहकमा पनि किन हो कुन्नि अँध्यारो गुफामा वसेजस्तै मलाई लाग्यो। को हुनु हो, घर कहाँ हो इत्यादि सवाल गरी मेरो आन्द्राभुँडी लिन तिमीले खोज्यौ, अनि मचाहिं मुसुमुसु हाँसी मात्र रहें। अरू कसैले थाहा पाउँछन् भनेर हो कि किन हो मेरो मुटु भटयाकभटयाक गर्न थाल्यो । एक दुइवटा कुरा गरेर फर्किहालें । 'आगो लिन गएजस्तै गरी किन त्यति चाँडै आएँ हुँला, तिमीले के भन्ठान्यौ होली' इत्यादि तर्कवितर्क पछि उठचो ।

तिमीमा यौटा गजवको जादु रहेछ। चुम्बकले फलाम ताने झैं तिमीलें मलाई खिच्यौ । भोलिपल्टदेखि दिनहुं म आउन लागें, हिमचिम बढ्दै गयो। एक दिन तिमीसँग कुरा गरिरहेको वखतमा तल अर्को मानिस आएको छ भनेर हो कि किन हो ढोकेले तिमीलाई इशारा गऱ्यो। त्यो लख काटेर मलाई साह्रै नरिको लाग्यो, अनि जाऊँ है भनी उठ्दा मेरो हात समात्यौ र तिमीले वसाल्यौ, अनि ढोकेलाई आँखा तऱ्यौ । ढोके गएपछि हात जोरेर तिमीले भन्यौ– 'मैले यो जिन्दगी तपाईंलाई नै चढाइसकें, अब कुनै पुरुषको मुख म हेर्दिनँ । मेरो प्रेमी भने पनि, पति भने पनि, देवता भने पनि सबै तपाई नै हुनु हो।'

तिम्रो कुरालाई समर्थन गर्दै भनें, 'यो कुरा मैले नै भन्न आँटेको थिएँ, तर तिम्रो मनसाय राम्ररी नबुझेकोले प्रकट गर्न सकेको थिइनँ । हो, ठीक भन्यौ, यस्तो वृत्ति विषको लहरा हो, यदि त्यो फल्यो फुल्यो भने हामी-जस्ता नर नारीको मात्र ह्वैन किन्तु देशको पतन हुन्छ ।' हुनत यी कुरा तिमीले विर्सिसक्यौ ह्वोली, तर मलाई बिलकुल संझना छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



रातदिन यहीं बस्ने गर कि त मलाई पनि डेरामा लैजाऊ भनी तिमीले निकै जोर गरेकी थियौ । त्यस बारेमा कहिले रसिला र कहिले राता आँखा पा-यौ, सन्कियौ दन्कियौ तर मौनव्रत लिएर आफ्नो अठोटबाट म डेग चलिनँ । यस्ता अरू चूक पनि मेरा कति होलान् त्यसको बदलामा अब जे मन पर्छ गर ।

अरूले देख्ता म ज्यादै कर्मिष्ठ थिएँ । राजाको सभामा शास्त्रचर्चा हुँदा मेरो सामुन्ने कोही टिक्न सक्तैनथ्यो । मेरो प्रतिभा र प्रतिष्ठा देखेर अरूहरू मुर्मुरिन्थे । संपत्ति भने मेरो हातमा अड्दै अड्दैनथ्यो, किनभने कमाएजति तिमीलाई नै सुम्पन्थें तैपनि सब पाउँदिनँ कि भन्ने शंका तिम्रा मनमा बराबर उब्जेजस्तो मलाई लाग्थ्यो । त्यसका निमित्त मैले धेरै उपाय गरें, तर सबै निष्फल ।

पहिले भेटमा तिमीले गरेको प्रश्नलाई हाँसेर नउडाइदिएको भए मलाई यस्तो धोका पर्ने रहेनछ । के गर्नु, उ बेलामा बुद्धि पुगेन । फेरि तिमीलें पनि त्यो बेलामा म धृतव्रत ब्राह्मणकी पत्नी हुँ मात्र भनिदिएको भए पनि यो महापापमा हामी जाकिने थिएनौं । गर्भ रहेजस्तो छ अब के गर्ने भनेर तिमीले हिजो भनेपछि पो गर्भको जाति छुट्ट्याउनाको निमित्त तिमी को हौ भनेर मैले सोधें । तेह्रै वर्षमा गर्भिणी भएकी म ब्राह्मणी हुँ । छोरो जन्मेको पन्ध्रै दिनका दिन विधवा भएँ, त्यसपछि घरमा टिक्नै सकिनँ, गालव मुनिका आश्रममा छोरा सनज्जातलाई च्वाट्टै छोडेर आएँ इत्यादि तिम्रो वाक्य सुनेपछिचाहिं म छानाबाट खसेजस्तै भएँ । भतभती मन पोल्यो । होश आएपछि आँखा पुलुक्क हेर्दा सुँक्क २ रुँदै पछ्यौराले मलाई हंकिरहेकी रहिछौ । त्यो चाल देखेर मलाई झन् रन्का छुट्यो, अनि भनभनाउँदै उठेर हिंडिहालें । त्यस बखतमा चिच्याउँदै तिमी पछिपछि आएजस्तो लागेको थियो तर वास्तै नराखी सुइँकुच्चा ठोकें । सके गर्भवती हुँदा छोडेको होला भन्ने तिमीले अडकल गऱ्यौहोली तर त्यसो होइन ।

पढ्दाखेरि पंचमहापातकको गणनामा गुरुस्त्रीगमनलाई पनि गनेको देखेर यो पनि हुन सक्ला र भन्ने ठानेको थिएँ । तर असम्भव केही पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



रहेनछ । यस्तो कुरा परिआउँछ भनेर को भन्न सक्ने ?

हिजो त्यहाँबाट म सरासर गुरु गालवकहाँ गएँ । उहाँको अगाडि मैले सारा पाप बताएँ, रोएँ कराएँ पाउमा परें अनि उहाँले भन्नुभयो कि राजाकहाँ जाहेर गरी आगोजस्तै रातो फलामे स्त्रीमूर्तिलाई अँगाल, कि त १२ वर्षसम्म नियममुताबिक धौतपाप तीर्थको सेवा गर । मैले चाहिं पछिल्लैलाई अपनाउने विचार गरेको छु । अब एउटा सानो कुरा सुन, आश्रमका आत्रेयी, जाबाली, दृषद्वतीहरूलाई मैले देखें, अनि उनीहरूलाई थुनबाट निस्केको दूध र तिमीलाई वमन गरेको रगत संझें । पतिव्रत र पत्नीव्रतको रहस्य पनि मलाई थाहा भयो । यसमा मलाई कत्ति पनि अचम्म लागेन किनभने शहरियाभन्दा हरियो हावा शुद्ध हुनु आवश्यकै हो ।

शास्त्रीय नियमको त्यागलाई उदारता र वेश्याको सेवालाई तपस्या संझी मैले यस्तो २ कुकर्म गरें भनी साध्य छैन । सत्यव्रतजस्ता ब्रह्मज्ञानीको नाति भएर वेद, वेदाङ्ग पढ्दा पनि म यस्तो दुराचारी हुनाको यौटा कारण मातृगत दोष नै हो । दुनियाँले जतिसुकै थुके तापनि एक क्रिसिमले अहिले मलाई खुशी लागेको छ, किनभने अब मेरा आँखा खुले । आफू भासमा परेको मैले थाहा पाएँ, अनि उक्ने चेष्टा गर्न पनि थालिहालें । तिम्रो निति-चाहिं यसो गर भनेर म आज्ञा दिन सक्तिनँ, किन भने आफूखुशी बसिरहेको प्राणी अर्काको करकापमा कोही पनि बस्न सक्तैन तथापि मानवता छोडेर दानवी नबन भनी प्रार्थना गर्छु ।

अब लाज नमानी आफ्नो परिचय दिन्छु । पूज्य पिता धृतव्रतको छोरा सनज्जात मै हुँ । तथापि ब्राह्मण ठानी त्यागदछौ कि भन्ने डरले सेठ शिवदासको छोरा चन्दनदास हुँ भनी तिमीलाई ढाँटेको थिएँ । सानैमा म टुहुरो भएँ । गुरु गालबकी पत्नीको काखमा म हुर्कें । आश्रममा नै मेरो समावर्तनसम्मका संस्कार भए । तथापि नागरिक गुण्डा बनें, अब यो क्षणदेखि मातृगमनको प्रायश्चित्तको उठान पनि गरें ।

—व्यभिचारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# घुस्माको क्षमा

'म यौटा कुरा विन्ति गर्छु है ?'

'पत्नीले पतिसँग भन्न पनि सोध्नुपर्छ र ?'

'विन्ति लाग्नेभए भनूँ, नत्र किन, भन्ने मेरो विचार हो ।'

'तिमीले भनेको कुरामा मैले के नाइँनास्ति गरेको छ र ?'

'त्यसो हो भने अर्को विहे गर्नोस् ।'

'तिमीजस्ती असल पत्नी छँदाछँदै त्यस्तो अत्याचार गर्ने म के कुकुर हुँ र ? नदुखेको कपाल कोही डोरी लगाएर दुखाउला ?'

'उसोभए पितृहरू पिण्डपानी नपाउने भए, फेरि हामीचाहिं नरकमा पर्ने भयौं । कुरा यही न हो ?'

'आफ्नो घरमा झगडालाई बोलाएर यहीं नै नरकको यातना भोग्नुभन्दा त बरु त्यही वेश । पुलुक्क एक पटक मात्र नरक हेरेर जाउँला । त्यतिले के हुन्छ र ?

मुसुक्क हाँसेर सुदेहाले भनिन्, 'के सौतासंग झगडा गरेर यल्ले राडो मच्चाउँछे, भन्ठान्नुभेको ? यस्तो शङ्का गर्नु पर्दैन । वहिनीको भन्दा बढता माया म सौताको गर्नेछु, फेरि उसका छोराछोरीलाई म आफ्नो प्राणभन्दा प्यारो गर्नेछु वालखले मुसुक्क हाँसेको, वामे सरेको, तोतेवोली वोलेको हेर्ने मलाई ज्यादै रहर छ ।'

लामो सुस्केरा हालेर सुधर्माले भने, 'तिमी हुनै नसक्ने कुरा गर्छ्यौ। हेर, दैवले दिने रहेछ भने तिमी नै गर्भवती हुन्छ्यौ, होइन भने यो झंझटमा म छैनँ ।'

गहभरी आँसु गरी हात जोरेर सुदेहाले भनिन्, 'जनी गर्नोस् । मेरी वहिनी घुस्मालाई तपाईंले देख्नुभएकै छ । अव उसको जीउडाल यस्तो छ भनेर भन्नैपर्दैन । स्वभावका हकमा आँखामा हाले पनि उ बिझाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



होइन । स्वर फेरि गजबको छ, अस्ति नै उसले शिवजीको भजन गाएको सुन्दा म त छक्क परें ।'

जवाफ दिने कुरो नपाएर हो कि किन हो सुधर्मा एक छिनसम्म टोलाएर बसिरहे, अनि सुदेहाको ज्यादै निन्याउरो मुख पुलुक्क हेरेर उनले भने 'उनी के रातदिन भजन गरिरहन्छिन् ?'

'घरेलु धन्धामा उ झन् सिपालु छ, अचेल आमाको सारा काम उही गरिदिन्छे । फेरि काम गर्दा सफाइ उत्तिकै, अनि छिटो उत्तिकै । उसको अगाडि म त बोधी, जुम्सी देखिन्छु । काम गर्नुपर्‍यो भनेर कहिले झर्कन् छैन, सधैं हँसिलो मुख छ, छ । यता पनि बहिनी, उता पनि बहिनी, अनि मलाई कति सुख हुँदो हो ।' —मुसुक्क हाँसेर सुदेहाले भनिन् ।

निधारमा गाँठो पारेर सुधर्माले भने, 'तिमी कहाँसम्मकी स्वार्थी । आफ्नो सुखका निमित्त बहिनीको जीवन बिगार्न चाहन्छ्यौ, हैन के ? एक त म अर्घो, उसमाथि तिमी साक्षात् दिदी सौता । हेर, सौता भनेपछि नौनी पनि काँढो बन्छ, बुझ्यौ, तिम्री दिदीले तिम्रा भिनाज्यूसँग यसै गरी बिहे गरिदिएको भए तिमी नै दिदीलाई सराप्थ्यौ । जस्तो अरूलाई उस्तै पराइ-लाई हैन ? आजदेखि मसँग यस्तो कुरा गर्‍यौ भने म निको मान्नेछैन ।'

सुधर्मा अलि रन्केको देखेर सुदेहा बाहिर त चूप लागिन् तर उनको मनमा भने एक किसिमको हुरी आयो । सुधर्माचाहिं जुरुक्क उठेर गए ।

एक छिनपछि बाहिरबाट सुधर्मा घर आउँदा सुदेहा त कोठामा बसेर रोइरहेकी रहिछन् । उनको त्यो चाल देखेर सुधर्माले आत्तिएर भने, 'किन रोयौ ? अस्तिकै जस्तै शूल भयो कि कसो ?'

सुदेहाले आवोचावो केही गरिनन् । अनि फेरि हडबडाएर सुधर्माले भने, 'अरू नै रोग लागेको भए पनि म वैद्य डाकेर आउँछु । भन, के भो ?'

'केही भएको छैन' भनेर सुदेहाले आँसु पुछिन् ।

'कस्तो कुरा । पत्नीले पतिसँग गाभ राख्नु के ठीक कुरा हो र ?' भनी सुधर्माले अलि रातो मुख लाए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



सुदे० —यौटै कुरा कतिपल्ट दोह्रोऱ्याइरहूँ ? मैले अगि नै विन्ति गरिसकें आज विहान जोगीले भिक्षा नलिएर फर्केदेखि त मलाई खालि रुन मात्र मन लाग्छ ।

सुध० —फर्कनाको कारण के ?

सुदे० —मलाई देख्नासाथ बाँझीका हातबाट म भीक लिन्नँ भने ।

सुध० —तिम्रा सन्तान छैनन् भन्ने कुरा जोगीले कसरी थाहा पाए ?

सुदे० —खै, कसरी ? 'भिक्षां देहि !' भनेर उनले कराउँदा म पूजासामा गर्न लागेकी थिएँ । एक छिनपछि जाँदा उनी ढोकामा कुह्लि- रहेका रहेछन् । मूठी दिन लाग्नासाथ फरक्क फर्केर गए । अनि पो तपाइँसँग अगि मैले विन्ति गरेकी ।

सुध० —म के गरुँ ? हेर, यो प्रस्ताव उठाउनासाथ दुनियाँले कत्तिको थपडी मार्ला । तिम्रै बा आमाले पनि मलाई के भन्नुहोला ?

सुदे० —के भन्नुहुन्थ्यो ? आमाले त अझ अस्ति नै यो कुरा उठाइसक्नु- भएको छ । यसमा तपाईंले कसैसँग केही वोल्नु पर्दैन । खालि तपाईं 'हुन्छ' भनेर मन्टो हल्लाइदिनोस्, जम्मै कुरा म नै मिला- उँछु ।

सुधर्मा त्यसै घोरिएर वसिरहे । सुदेहाचाहिं लगत्तै माइततिर गइन् ।

\+ \+ \+

'एकपल्ट आँखा उघारेर हेर त पूर्वदिशाको गर्भवाट जन्मन लागेको सूर्यको शोभा' भनेर हो कि किन हो गौंथलीहरूले चाँचा चींचीं मच्चाइरहेका थिए । म पनि के कम छु त भने झैं त्यसै वखतमा घुस्मा पनि पहिलो पाला सुत्केरी भइन् । वालक भुइंमा झर्नासाथ सुदेहाचाहिं दगुर्दै अग्निशालामा गएर सुधर्मालाई भनिन्, 'छोरा पाइन् छोरा, घडी पंला टिप्नोस् ।'

सुधर्माले प्रातहोम सिध्याएका मात्र थिए, अनि मुसुक्क हाँसी आचमन गरेर भने, 'भर्खरै सूर्योदय भयो, अव घडी थाप्नै परेन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



'नक्षत्र कस्तो छ नि ?' सुदेहाले भनिन्।

'पूर्वभाद्रको दोस्रो पाउ पर्‍यो 'वेशै छ' भन्नासाथ सुदेहाले भनिन्, "अब मलाई हर्षवडाइँ के दिनुहुन्छ त ?'

सुध०— यो सारा सर्वस्व तिम्रै हो, जे लिन्छ्यौ उही दिन्छु ।

सुदे०— त्यस्तो निर्जीव चीज लिएर के काम ? मलाई ता यही छोरा नै दिनुहोस् । माहिला साहिलाचाहिं तपाईं र घुस्मालाई ।

सुध०— हुन्छ ।

सुदेहा सरासर सुत्केरी-कोठामा गइन् र पतिसँग भएका कुरा वताइन् अनि घुस्मासंग पनि छोरा नै मागिन् । दिदीको मन प्रसन्न गराउनाको लागि घुस्माले भनिन्, 'हुन्छ दिदी, तपाईं जे मन गर्नु होस्, जहाँ लैजाने मन लाग्छ यसलाई लैजानुहोस् । म केही भन्नेछैन । हुन पनि यो तपाईंकै छोरो हो ।'

घुस्मालाई प्रतिज्ञा गराएर सुदेहाले जातकर्म गर्ने सरादाम तैयार पारिन्, वालखलाई सफा सुग्घर गराइन्, अनि सुत्केरी हेर्न आउने छिमेकिनी-हरूसँग उनले भनिन, 'ए वहिनी ? हेर ! मरेपछि मेरो काजक्रिया कसले गर्ला भन्ने पीर वल्ल हरायो । मेरो पुकार दैवको कानमा पुगेछ । मेरै छोरो हो भन्ठानेर तिमीहरू पनि यसको हेरचाह गर्नू !'

'हुन्छ, किन नगर्नु !' भनी छिमेकिनीहरू मुसुक्क हाँसे, अनि आपसमा उनीहरूले खासखुस गरे, 'के गजव ! जेठी आमाको यत्रो फुर्कर किन ?'

एघारौं दिनको दिन छोराको नाउँ सोमश्रवा रह्यो । त्यस दिन-देखि छोरालाई दूध चुसाउनुबाहेक घुस्माले केही गर्नु परेन । खुवाउनु, सुताउनु, तेल लगाउनु, सेक्नु, इत्यादि सारा काम सुदेहा नै गर्दथिन्, फेरि सारा घरकाज पनि उनकै हातमा थियो घुस्माचाहिं शिवको भजन र पतिको सेवा मात्र गरेर वस्थिन् ।

सोमश्रवाको वाललीलाको रस सुदेहाले नै लिइन् । सोमश्रवा सुदेहालाई नै आमा भन्थे । उनलाई एक छिन पनि छोड्दैनथे । घुस्मा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



लाई त सोमश्रवा बहिनी भनी बोलाउँथे । सके उनले सुदेहाको बोली टिपेका होलान् ।

उपनयन भएपछि सोमश्रवाले वेद, वेदाङ्ग सबै पढे । यता सुदेहालाई बुहारी ल्याउने उत्सुकता प्रतिदिन बढ्दै गयो । उनी कन्याको तलाशमा लागिन् । तीर्थ गर्ने बहाना गरेर उनी आश्रम आश्रम घुम्न थालिन् । धर्माश्रममा सुब्रह्मण्यकी छोरी लोलाका भुक्कभुक्क परेका गुलाफजामुने गाला तथा ठूल्ठूला आँखा र जीउडाल देखेर सुदेहाले तिनैलाई बुहारी तुल्याउने अठोट मनले गरिन् । अनेक युक्ति गरीकन तिनैसँग सोमश्रवाको बिहे पनि गराइन् । बुहारी भित्र्याएपछि त सुदेहाको भइँमा खुट्टा नै रहेन ।

सुदेहा जति बूढी हुँदै गइन्, उति कर्कशा हुँदै गइन् । सानो कुरामा पनि उनले आगो बाल्न थालिन् । त्यो चाल देखेर सुधर्मा र घुस्माले उनीसँग बोल्न छोडिदिए ।

बिहान उठेदेखि बेलुकी सुत्ने बेला नहुञ्जेल लोलालाई सुदेहा करकर गरिरहन्थिन् । कहिले नुहाइदे भन्थिन्, कहिले ठुङ्मार् भन्थिन्, कहिले कपाल कोर्दे भन्थिन्, कुनै दिन तेल लगाइदे भन्थिन्, फेरि कुनै बेला खुट्टा मिचाउन लाउँथिन् । फेरि पाँच घडीसम्म मिचिरहे पनि भो भन्ने बानी सुदेहाको थिएन । यसै गरी एक पला पनि उनी लोलालाई सुविस्ता दिन्नथिन् । लोला न आफ्नी सासूको सेवा गर्न पाउँथिन्, न त पतिको ।

'अति सर्वत्र वर्जयेत्' भन्ने उक्तिको लेश पनि सुदेहालाई थाहा थिएन । त्यही अज्ञानको फलस्वरूप उनले लोलाबाट मुखभरी जवाफ पाउन लागेको केही दिन भइसकेको थियो । एक दिन त कडा जवाफ लगाएको रन्कामा सुदेहाले लोलाको कपाल बेसरी लुछिन् । 'मरें बाबा' भनेर लोलाले चिच्याएको सुन्नासाथ सोमश्रवा दगुर्दै आए । त्यो चाल देखेर उनले भने, 'क्याहो आमा, मलाई त आमा भन्न पनि लाज लाग्ने भइसक्यो । यो बुढेसकालमा यस्तो राक्षसी चाल ! रगत चुसिसक्नुभो, अब हाड र छाला लुछ्न लाग्नुभो हुँन के ?'

दुगुना स्वर बढाएर सुदेहा गर्जिन्, 'यो कहाँसम्मको जोइटिंग्रे,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



यस्तै वैगुनी होलास् भन्ठानेको भए म त्यसरी स्याहार्दी हुँ त ? ज्यूँदै यसो गर्ने कृतघ्नका हातवाट मरेपछि मेरो काजक्रिया असम्भव ! यो सब तेरी आमाको पेच न हो । लोग्नेकी मन परेकी छु भन्ने उसलाई ठूलो शेखी छ। तिमीहरूले यसलाई मेरो टाउकोमा टेकाएकी पक्का उसैले हो । भैगो, अब तेरो पनि केही काम छैन । जा घस्की ।'

तपाईं नै जानोस्‌न, म त आफ्नो वावु, घरवार छोडेर कहाँ जाऊँ" भनी सोमश्रवाले सुदेहाको वाघपञ्जावाट लोलालाई फुत्काए।

'तँलाई कालले कुतकुत्याएको हो वुझिस्' भनेर सुदेहाले घर थर्काइन् ।

'रछानलाई चलायो मुखभरी छिटा' भन्दै सोमश्रवा गए। लोला पनि उनको पछिपछि लागिन्।

\+ \+ \+

सोमश्रवा ओछ्यानमा सुतिरहेका थिए । उनको घाँटीमा पट्टी लगाएको थियो, उनी हलचल केही गर्न सक्तैनथे । उनको सिराननेर घुस्मा वसेकी थिइन्। उनका आँखावाट वीचवीचमा पग्लेका मोतीका दाना वर्वर्र खस्थे, तर सोमश्रवाले देखलान् भनी उनी वीचवीचमा पछ्यौरामा गुटमुट्याउँथिन् !

एक्कासि सोमश्रवाले विस्तारै 'वहिनी' भने, अनि अलि आत्तिएर घुस्माले भनिन्, 'किन वा किन ?'

सोम०— त्यो चण्डाल्नीलाई त्यसै छोड्ने त ?

घु०— अव तिनलाई के गर्नु र वावु ?

सोम०— पञ्च वोलाएर उजूर नगर्ने ?

घु०— आफ्नो आङ कन्याएर छारो उडाउनु किन ?

सोम०— उसोभए यो घरवाट तिनलाई निकालिदिनोस् !

घु०— त्यसो गर्दा पनि अरूले हामीलाई नै थुक्छन् । उनको दोष कसलाई थाहा छ र ? अस्ति तिमीलाई उनले छुरा चलाएको कुरा कसैले पत्याउँदैन । के गर्छौ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



सोम०— त्यही बखतमा बेसरी चिच्याएर तपाईंले गुहार माग्नुभएको भए यो आश्रमका वासिन्दाहरू दगुर्दै आइपुग्थे, अनि त पत्यार परिहाल्थ्यो नि ।

घु०— तिम्रो घाँटीबाट रगतको धारा बगेको देख्ता म बेहोश भइहालें । पछिचाहिं जे भए पनि दिदी हुन्, अब तिनलाई बिगारेर के फाइदा भनेजस्तो लाग्यो ।

सोम०— त्यस्तीलाई नबिगारे कस्तीलाई बिगार्नु ? हेर्नोस्, निदाएको मात्र थिएँ अचानक छुरी रेट्दा पो बिउँझें अनि तपाईंलाई बोलाऊँ भन्दा त मुख पो थुनिदिइन् ए । फेरि कस्ती बलियी नि । तिनको हात पन्छाऊँ भन्दा सक्दै सकिनँ ।

घु०— आफू सट्ट भागेर बुहारीलाई दोष लाउने उनको विचार रहेछ । भैगो बाबु, अब त्यो कुरा चटक्कै बिर्सिदेऊ ।

सोम०— अब तिनको भएपछि त म यो घरमा बस्दिनँ ।

घु०— कहाँ जाने त बाबु ?

सोम०— बरु सत्तलमा गएर बस्छु । हेर्नोस् ती वैद्य त्यो बेला ट्वाक्क नआएका भए म उतिखेरै मर्थें ।

घु०— ती त खास शिवजी नै हुन् ! उनकै अनुग्रहबाट तिमी बाँचेका हौ । नत्रभने द्रोणाचलमा हुने बूटीहरू तिनी यहाँ कसरी पाउँथे । तिनले ओखती लाइदिनासाथ रगत टप्प थामिइहाल्यो ।

अचानक ढोकाबाट फुत्त पसी घुस्मालाई हात जोरेर सुदेहाले भनिन्, 'मैले तिमीहरूका सबै कुरा सुनें । बहिनी, तिमी साँच्चिकै देवी रहिछौ । यो पापिनीमाथि क्षमा गर ! क्षमा !!'

घुस्मा वाल्ल परिरहिन्, अनि सोमश्रवातिर फर्केर सुदेहाले भनिन् 'दाबु अब तिमीले अन्त जानुपर्दैन, बरु मचाहिं गङ्गाको किनारमा बसेर प्रायश्चित्त गर्छु ।'

त्यसपछि सुदेहा कहाँ गइन् केही पत्तो भएन ।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# माझीकी छोरी रानी

माछोजस्तै गन्हाउने हुनाले माझीकी छोरीको नाउँ मत्स्यगन्धा रहेको थियो। नगन्हाउन् पनि किन ? माछैबाट उनी हुर्केकी थिइन्, फेरि ६ वर्षकै उमेरदेखि उनले माछा छोप्न थालेकी थिइन्। माछा छोप्ने शौक पनि उनलाई खूब थियो। दिनहुँको अभ्यासले गर्दा बाबुआमाभन्दा पनि माछा छोप्ने कलामा सिपालु भइन्। अनि त त्यो काम उनकै जिम्मा लाग्यो। कानो गोरुलाई कुन पूर्णिमा, कुन औंसी, जुनसुकै दिन पनि उनी जुरुक्क उठ्थिन् र गंगाको किनारमा पुग्थिन्। अनि जाल पानीमा छोडिदिन्थिन्। यदि कुनै दिन किनारमा माछा परेनन् भने नाउ अलिअलि खियाउँदै चलाउँथिन् र गंगाको बीच धारमा पुगी जाल फिज्दथिन्। उसै हुँदा उनको जालमा कम्ती पनि ५०।६० माछा नपरेको दिन हुँदै हुँदैनथ्यो।

मत्स्यगन्धाको सँगिनीको नाउँ जमुना थियो। उनी पनि धेरैजसो मत्स्यगन्धाकै साथमा हुन्थिन्। तर जमुनालाई यो कुराको ज्ञान थिएन। उनी खालि जालबाट माछा झिकेर सुइरोले रोप्दै कप्टेरामा उन्थिन्। उनलाई जमीनमा माछा छटपटाएको हेर्न खूब मन लाग्थ्यो, तर मत्स्यगन्धालाई मन नपर्ने हुनाले उनको आँखा छली छली यिनी त्यो काम गर्थिन्।

एक दिन सधैंको जस्तो मत्स्यगन्धा माछा मारिरहेकी थिइन्। यत्तिकैमा 'ए मत्सी' भनेर आमाचाहिँले बोलाइन्। पूरा नाम भन्न असजिलो लागेको हुनाले हो कि प्यारो गरेर हो कि किन हो बाबुआमा उनलाई 'मत्सी' भनेर बोलाउँथे। बीचैमा काम छोड्न उनले गाह्रो मानेकी थिइन्, तर आमाचाहिँको चिच्याइ झन्-झन् बढ्दै गयो, अनि विवश भएर उनी आइन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



सेतो धोती लगाएका र उस्तै उपर्ना ओढेका अन्दाजी २५।२६ वर्षका व्यक्ति किनारमा उभिरहेका मत्सीले देखिन् । उनको एक हातमा कमण्डलु र अर्कोमा लठ्ठी थियो । तिनैलाई औंल्याएर आमाचाहिंले भनिन् 'उ पराशर ऋषि उभिइरहनुभेको ऐले हो । लौ झट्ट उहाँलाई पारी पुऱ्याएर आ ।'

'एकछिनमा पुऱ्याए हुन्न ? त्यसो भए वा पनि आइपुग्नुहोला, पारी जान्ने अरू मानिस पनि जम्मा हुनेछन्' भनेर मत्सीले मन्टो निहुराइन् । आमाचाहिंलाई उछिनेर पराशरले भने, 'व्हमक्क साँझ परिसक्यो । उः तारा पनि एक दुइटा देखिइसके । गङ्गा पारभन्दा पनि अझ एक कोस पर मेरो आश्रम छ। उसैले सन्ध्या त हतार हतारमा गरें ।'

आमाले भनिन्, 'ऋषिले भन्नुभेको ठीकै त हो नि ! फेरि माछा बेचेर लखतरान भएर आएका बाबुको माया तँलाई लाग्दैन ? जा झट्टै पुऱ्याएर आइज ।'

'उसोभए जमुनालाई पनि लिएर जान्छु ।'

अलि संकोच मानेर मत्सीले भनिन् ।

'अर्काकी छोरीलाई लिएर जाँदा बाबुआमा के भन्ने हुन्, कसो भन्ने हुन् सित्तैं किन लैजानु ?'

(आमाले झर्किएर भनिन् ।)

ऋषि चढेर एकापट्टि बसेपछि किनारमा बाँधिरहेको नाउको डोरी मत्सीले फुकाइन् र उनैको सोझारी छेउमा बसेर डाँडी खियाइन्, सर्प बगेजस्तै गरेर नाउ बिस्तार-बिस्तार चल्यो । अलि पर पुगेपछि ऋषिको र मत्सीको आँखा जुध्यो; हिसी परेको मुख, गुलाबजस्ता गाला मोहनी छर्ने आँखा सुन्दर अरू अङ्ग देखेर हो कि ऋषि तस्वीरमा लेखेजस्तै भए । जवानीको ढोकामा पाइला राखेकी मत्सीले चाहिं धोतीको घुंटो हालिन् ।

नाउ बीचमा पुग्यो । यताउति अरू कुनै नाउ चलेको देखिंदैनथ्यो, बरु किनार नजीकैका कुनै घरमा बत्ती बलेको देखिन थाल्यो । रूपीला तपक जहाँतहीं लाउँदै चन्द्रमा उदाउनै आँटेका थिए । अलि-अलि पखेटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



चलाउँदै स्वच्छ हावाले मत्सीको निधारको पसीना पुछिरहेको थियो।

नजानिदो गरेर काँप्दै पराशरले भने, 'मत्सी, तिम्रो नाउँ किन त्यस्तो नराम्रो राखेको हँ ?

म०— तपाईंलाई के भो त ?

प०— बरु मै अर्को नाउँ राखिदिऊँ है ?

म०— पर्दैन !

प०— हैन, तिमी यति राम्री कसरी भएकी हँ ?

म०— म के थाहा पाऊँ ?

प०— तिमीले नभनेर हुन्छ र ? तिम्रो आमाले मलाई अगि नै सबै कुरा भनिसकेकी छन् । तिमी यिनको पेटबाट जन्मेकी हैनौ रे ।

म०— त्यसले तपाईंलाई के भो त ?

प०— हुनत क्यै पनि भएन । यसो हेर्दा राजकुमारीको जस्तो अनुहार तिम्रो देखेर मलाई अचम्म लाग्यो । रानीहरूकै जस्तो सिंगार-पटार तिमीले गर्‍यौभने त स्वर्गका अप्सरा पनि तिम्रो पाउमा बाँध्न सुहाउँदैनन् ।

म०— खिसी गर्नुपर्दैन ।

प०— मैले साँच्ची भनेको, बरु यसरी खेवा चलाउँदा नौनीजस्ता तिम्रा हात थाकिसके होलान् । यौटा म चलाइदिन्छु ल्याऊ ।

मन्टो बटारेर मत्सीले भनिन् 'पर्दैन। रावण मार्ने राम, जस पाउने ढेडुवा।'

'मलाई जस चाहिन्न' भनेर खितिक्क हाँसी पराशर अलि नजीकै गए ।

'वर नआउनोस्, माछाको गन्ध सहन सक्नुहुनेछैन ।' भनी मत्सी अलि पर हटिन् ।

'म तिमीलाई बास्ना आउने तुल्याइदिन्छु ।' भन्दै पराशर झन् नजीकै गए, अनि उनको हातबाट यौटा खेवा खोसी आफू पनि नाउ खियाउन थाले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



\+ \+ \+

पारी पुगेपछि नाउबाट पराशर उत्रे । अनि गङ्गाजलले अभिषेक गरे । छुट्टिने बेलामा दुवैका रसिला आँखा जुधे । 'तिम्रो कल्याण हुनेछ' भनेर मत्सीलाई आशीर्वाद दिई पराशर बाटो लागे, तर किन हो कुन्नि उनको मनमा केही दैन्य प्रकट भयो, अलि पर पुगेपछि फरक्क फर्केर पराशरले मत्सीतिर हेरे । उनीले खेवा खियाउन शुरू गर्न आंटेकी मात्र रहिछन् ।

\+ \+ \+

राजा शन्तनुले बिहे गरेपछि मत्स्यगन्धाको नाउँ सत्यवती भन्ने प्रख्यात भयो । पटरानी भएर किसिम किसिमको बिहार गर्न थालिन् । उनका दुई छोरा जन्मे । अनि माछा मारेका कुराहरू उनलाई सपनासरि भए ।

एकदिन एक्कासि पराशर ऋषि आए । साथमा छोरा द्वैपायनलाई पनि लिएर आएका थिए । राजा, रानीले पाद्य र अर्घ्यका साथ ऋषि र ऋषिकुमारको ठूलो पूजा गरे ।

कुशल-प्रश्न सिद्धिएपछि राजाले भने, 'आज मेरो घर किन पवित्र पार्नुभो ?'

ऋषिलाई उछिनेर द्वैपायनलाई औंल्याई रानीले भनिन्, 'उहाँ के ऋषिकै छोरा !'

मन्टो निहुराएर एकछिन घोरिई पराशरले भने, 'हो ।'

पराशर र व्यास दुवैको मुख हेरेर शन्तनुले भने, 'त्यति गोरो बाबुका छोराको किन श्यामवर्ण नि हँ ? वरु खाने मुख र आँखा यही विचित्रवीर्यकै जस्तो रहेछ हगि ।'

किन हो कुन्नि पराशर र सत्यवती दुवैले मन्टो निहुराए । अर्काको मनको कुरा कल्ले जान्न सक्छ र अनि शन्तनु राजाले मात्र त्यस्ता कुरा कसरी थाहा पाऊन् ? द्वैपायनले चाहिं टुलुटुलु राजाले शिरमा लगाएका मणिमय मुकुट हेरिरहे । एकछिन सन्नाटा छायो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



केबाट कुरा उठाऊँ जस्तो लागेर हो कि राजाले भने, 'छोराको नाउँ के राख्नुभएको छ नि ऋषि ?'

ऋ०— द्वैपायन ।

रा०— त्यस्तो नाउँ राख्नाको मतलव के नि ?

ऋ०— मेरो आश्रमनेर द्वीपजस्तो निक्कै अग्लो यौटा ठाउँ छ । त्यहीं पाएको हुनाले द्वैपायन राखें ।

सत्यवतीको मुख किन हो कुन्नि नीलो कालो भयो । अनि पराशरले कुरा अर्कैतिर बंग्याएर भने, 'यसको बाहिर शरीर मात्र होइन किन्तु वुद्धि पनि गजवको छ । नजर होस् महाराज, यति सानैमा यसले चार वेद पढिसक्यो । स्मृतिशक्ति ज्यादै बढ्ता छ । एकपल्ट सुनेको कुरा कहिल्यै विर्सदैन । फेरि वेदान्तको विषयमा यो ज्यादै चाख मान्दछ ।'

राजाले भने, 'पूर्व जन्मको संस्कारले होला नत्र त अहिले नै यस्तो कसरी हुनु ।'

प०—कहाँ भन्नुहुन्छ, ऐले नै मभन्दा वढ्ता भैसक्यो । पछि त कस्तो होला ।

जान भनेर उठेपछि सत्यवतीले रसिला आँखा तुल्याएर स्वर विगारी द्वैपायनलाई भनिन्, 'तपाईं कहिलेकहीं आउँदै गर्नुहोला ।'

पराशरले नीलो कालो मुख लगाए । राजा शन्तनु वाल्ल परे, अनि मन्दहास्यको रेखा छरेर तीखो स्वरमा द्वैपायनले भने, 'सम्झना राख्नु भयोभने आउनेछु ।'

पराशरसँग नाउमा गरेको विलासको सपना फलेफुलेजस्तो सत्यवतीलाई लाग्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# न्यायको पक्ष

सरस्वती नदीको किनारा प्रकृतिको भँडार भने हुन्छ । एक त लहलहाउँदो काम्यक वनको अपूर्व शोभा, उसमाथि चराचुरुँगीको मीठो तान, झन् त्यसमाथि बहिरहेको स्वच्छ पानीको कुलकुलले स्वर्गलाई समेत गिज्याइरहेको थियो ।

पाण्डवका पुरोहित धौम्य ऋषि पनि मध्याह्न स्नान गर्न भनेर त्यहाँ आइपुगे । विधिमुताबिक नुहाएर धोती फेर्न लाग्दा उनले खूब लंकदै आएका विदुरलाई देखे । 'यस्तो शान्त स्थानमा आएर पनि यिनी किन हडबडाए जस्ता छन् ए !' भन्ने धौम्यको मनमा लाग्यो । राजनीतिको गहिर्याइसम्म पत्ता लगाइसकेको यस्ता गम्भीर मानिस यौटा कारण नपरी किन यसरी हाम्फाल्दै आउँथे भन्ठानी 'ए विदुरजी, यता ! यता !' धौम्यले बोलाए, हातले इशारा पनि गरे ।

हस्याङ फस्याङ गर्दै अलि वर आएर विदुरले भने, 'ओहो ? ढुङ्गा खोज्दा देउता भेट्टाएँ । तपाईंकै आश्रम नभेट्टाएर घुम्दा घुम्दा कत्रो हैरान ! खै, पाण्डवहरू कहाँ छन् ?'

धौ०—उनीहरू त आश्रममा नै छन् । एकै छिन बसेर पसीना ओबाउनोस्? अनि सँगसँगै जाऔंला ।

वि०—व्हैन मलाई ज्यादै हतपत छ । बरु बाटो बताइदिनोस्, हिंडिहाल्छु ।

धौ०—तपाईंजस्तो धीर मानिस आज यसरी आत्तिएको देख्ता अचम्म लाग्यो । फेरि मुख पनि ज्यादै निन्याउरो छ, के भयो ? भन्न हुनेभए भन्नोस् ।

वि०—म त द्वापर युग अझ बाँकी नै छ भन्ठान्थें, तर कलियुगले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



छोपिसकेछ बुझ्नुभो ?

धौ०—किन, के भो र ?

वि०—यहाँभन्दा हुनु के ?

धौ०—धृतराष्ट्रले के पछुतो मानेनन् ? पाण्डवहरूलाई लिन तपाईंलाई पठाएका हुन् कि भन्ने पो ठानेको थिएँ।

वि०—त्यस्ता जालीले पछुतो मान्लान् क्या अब ?

धौ०—त्यसोभए तपाईं यहाँ किन आउनुभेको ?

वि०—हरे शिव ! भनौं, छोरो दुर्योधनका हातमा सारा राज्य परिहाल्यो, अब उनलाई मसँगको के मतलब। कुरा बुझ्नुभो ?

धौ०— के उसोभए उनी मक्ख परेर वसेका छन् ?

वि०— किन पर्दैनथे भन्या ! मुसुमुसु हाँसेको देखेर मैले त साफ-सँग भनिदिएँ, 'के तपाईंलाई मर्नुपर्दैन ?' अनि उनले भने, 'जन्मेपछि मर्नु त अवश्य पर्छ। तर मर्नु पर्छ भन्दै राजनीतिलाई राजाले त्याग्न हुन्न।'

धौ०—तपाईंले त्यसको के जवाफ दिनुभो ?

वि०—यस्तो चाललाई त पिशाचनीति भन्छन्, बुझ्नुभो ? यदि राजनीतिमा चल्नुहुन्छभने युधिष्ठिरलाई ल्याएर राजगद्दीमा राख्नोस्, अनि अरू सारा भाइहरूलाई उनको अनुयायी वनाउनोस्, भनेर मैले भनेपछि उनले भने, 'तिमीले त धर्मनीतिका पो कुरा गर्‍यौ। हो, तिम्रो चित्त शुद्ध छ, सके युधिष्ठिर पनि त्यस्तै होलान्, तर के भीमसेन र अर्जुन पनि त्यस्तै छन् ? जानी जानी आफ्नो छोराको तालु म आफै कसरी खुइल्याऊँ? तिमी नै भन न।'

"धृतराष्ट्र त भित्र पनि वाहिर पनि अन्धा रहेछन्" भनेर धौम्यले रातो मुख लगाए।

आँखीभौं खुंच्याएर विदुरले भने, 'बुझ्नुभो धौम्य, त्यसपछि मैले साफ साफ भनिदिएँ— 'हिउँले पोल्ला कि भन्ने शंका गर्नु कहाँसम्मको मूर्खता हो। हुन त तपाईंजस्ता अन्धाहरूले वेलीको माला छुँदा सर्प भनेर तर्सिएको मैले देखेको छु।' मेरो कुरा सुन्नासाथ त दाज्यू आगो भैहाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



अनि उनले भने, 'भाते कहाँको ! खालि मेरो अन्न खाएर तँ यत्रो भइस् । आज मलाई अन्धो भन्ने तँ नै हैनस् के ? तँलाई मैले खास आफ्नो भाइ ठानेर मनपेट दिएको थिएँ तर तँ ब्वाँसोको बाजे रैछस्, दूध खाएर विष निकाल्ने सर्प रैछस् । आज पाण्डवहरूतिर लागेर मेरो सन्तानको सत्यानाश गर्न खोज्ने तँ कहाँसम्मको घुसघुसे ।'

विदुरले राता आँखा लगाउँदै हात लंकाएर धृतराष्ट्रको भाउ लाएको देखेर धौम्यले भने, 'दाज्यूको प्रचण्ड आकार देखी तपाईं जागेर आउनुभेको हो कि कसो ?'

तिनीसँग मलाई केको डर ? मैले झन् गडकेर भनिदिएँ 'बुझ्नुभो दाइ, म न पाण्डवसँग लाग्छु, न त कौरवतर्फ । म त न्यायको पक्ष लिन्छु, न्यायको ! अहिले या निर्धो देखियोस् या बलियो । परिणाममा न्यायीको नै जय हुन्छ भन्ने मलाई दृढ निश्चय छ । बुझ्नुभो, मूला काटिए झैं तपाईंका छोराहरू काटिनेछन् अनि स्वाद पाउनुहोला' भनेर मैले धृत-राष्ट्रलाई जवाफ दिएँ' भनी विदुर चुप लागे ।

उत्सुकताका साथ धौम्यले भने, 'तपाईंको कुरा सुनेर धृतराष्ट्रले के भने त ?'

मुखबाट थूकका छिटा निकाल्दै अलि छिटो छिटो विदुरले भने, 'कहाँ भन्नुहुन्छ, त्यत्तिकैमा दुर्योधन आइपुग्यो, अनि धृतराष्ट्रतिर फर्केर भन्यो, 'अब त विदुरलाई चिन्नुभो कि ! पाण्डवका गुप्त दूत हुन् भनेर त उहिल्यै बिन्ति गरेको हुँ । कसो रेछ ! अब पनि मेरो ज्ञानी भाइ भनेर ओड ढाक्नुभो भने त हाम्रो सत्यानाश हुन्छ ।' अनि मेरो कंसिरी तातिहाले त्यसपछि गर्जेर दुर्योधनलाई भनें– के कुरा गर्छस् कुलांगार ! आफ्नो आङको भैंसी नदेख्ने, फेरि अर्काको आङमा भने नभेको जुम्रा पनि छ कि भनेर शङ्का गर्ने ! हेर् यदि तँ नजन्मेको भए, अथवा जन्मनासाथ मरेकै भए ज्यादै वेश हुन्थ्यो, किनभने तँ अहिलेसम्म बाँचिरहेको हुनाले नै यो प्रल-याग्नि धुवाँइरहेको हो । हेर् तँ कस्तो कस्तो कुकर्ममा पनि पछि हटिनस् आफै संझी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



निर्दोष भीमसेनलाई विष खुवाएर खोलामा बगाइदिएको कुरा तैंले बिर्सिस होलास् । लाहाको घरमा आगो लगाइदिएर पाण्डवहरूलाई स्वाहा पार्न आँटेको कुरा याद छ ? यस्ता अपराध हजारौं तैंले गरेको छस् । साँच्चिकै भनौंभने प्रायश्चित्तका निम्ति बाह्र वर्षसम्म वनवास त तँलाई पो पठाउनु पर्ने ।'

'भन्नसम्म भन्नुभएछ' भनेर धौम्य खित्त हाँसे ।

'त्यस्ता उल्लुलाई म किन बाँकी राख्थें' भनी विदुरले फेरि उही वृत्तान्त शुरू गरे, 'दुर्योधनले भन्यो वाः आज हाम्रो राज्यमा बसेर हामीलाई नै जथाभावी भन्ने ? म काका साका भन्ने ह्वैन । मिति पुऱ्याइदिउँला ।'

मैले भनें, तैंले मलाई के गर्न सक्छस् र ? खूब गरे जा भन्लास् त्यत्ति न हो ! म अब तेरो घरमा त के तेरो राज्यैमा बस्दिनँ । बुझिस्, बरु ज्यान गए जाला अन्यायतिर त म लाग्दिनँ ।'

'क्याबात ! खूब हुनुहुँदो रहेछ । जन्मभरमा यसरी रन्केको पहिला दिन नै यही हो कि कसो ?' भनेर धौम्यले विदुरको मुख पुलुपुलु हेरे ।

खितिक्क हाँसेर विदुरले भने 'त्यसपछि लंकीझंकी गर्दै दुर्योधनले दाह्रा किटेको सुनेर मतिर फर्की धृतराष्ट्रले भने, तँलाई मैले निकै बुद्धिमान् ठह-ऱ्याएको थिएँ, तर यहाँसम्मको धूर्त रहिछस् । पाण्डवको पक्ष लाग्ने होभने ऐले नै निस्की जा, उनीहरूकै पछि-पछि लाग् ।' अनि त के खोज्छस् काना आँखा भने झैं मलाई भइहाल्यो, सरासर यतातिर आएँ ।'

लामो सुस्केरा हालेर धौम्यले भने— 'न्यायको पक्षको फल त तपाईं देश–निकाला पो पाउनुहुनेछ, तर हेर्नोस् सँगसँगै जाऔंला ।'

मनको वह धौम्यसँग पोखेपछि विदुरको आवेश अलि अलि शान्त भयो, अनि स्नान सन्ध्या सिध्याएर धौम्यसँग गुनगुन गर्दै आश्रमतिर हिंडे ।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# सैरन्ध्री

'सुन्दरी, एक एक पला गनेर तिमी आउने यो समयलाई मले पर्खिरहेको थिएँ आऊ, मेरी रानी बन। हदसेहद सुख दिएर तिमीलाई म राख्नेछु। यो महल, यो सम्पत्ति साराकी मालिक्नी तिमी नै हुनेछ्यौ। यी हारहरू तिम्रैं निम्ति तयार पारिराखेको हो, उः पलङ्मा गएर बस, अझ यो मत्स्यदेशमा तिम्रै राज्य चल्नेछ, किनभने महाराज भिनाज्यू बूढो भइसक्नुभो, भानिज केटाकेटी नै छन्। त्यसो हुँदा सबैतिर मैले नै हेर्नुपर्नेछ, फेरि अहिले पनि त सेनापतिको काम मैले नै गरिरहेछु। देवी, म तिम्रो दास बन्छु, जे भन्छ्यौ त्यो कुरा मान्छु। हेर, यो दुर्दशा किन तिमी भोगिरहन्छ्यौ ? खै, तिम्रो गन्धर्व भनाउँदा पतिहरूले के गरे ? यस्तो अवस्था हुँदा पनि तिम्रो वास्ता गर्दैनन् भने त्यस्ताको भरमा यसरी जिन्दगी बिताउनु बुद्धिमानी होइन। प्रकृतिले दिएको यो सौन्दर्य, यो जवानीलाई यसरी खेर फाल्नु केको धर्म हुन्थ्यो, बरु फजूलकै हठ हो। मौका चुकेपछि जन्मभर पछुताउनुपर्छ भन्ने कुरा तिमीलाई थाहा छैन कि कसो ?' भनेर कामी कीचकले किच्च दाँत देखायो।

अलि पर सरेर राता आँखाले हेर्दै सैरन्ध्रीले भनिन्, 'तपाईं कस्तो मूर्ख ! परस्त्रीमाथि यो अत्याचार गर्न खोज्नु के पुरुषत्व हो र ? के सेनापतिको चाल यही हो त ? के यस्तै सेनापतिबाट सेनाले न्यायको ज्योति देख्न पाउला ! अझ सारा राजकाज चलाउँछु भनेको सुन्दा त मलाई हाँसो उठ्छ। प्रकृतिबाट पाएको हीराको हार आफूसँग छ भन्दैमा कुकुरलाई चटाउनु दुरुपयोग गर्नु हो, बरु कीलामा टाँगेर राख्नु धेरै बेश। बुझ्नुभो ? फेरि अदृश्य मेरा गन्धर्वहरू असाध्य बलिया छन्। मलाई छुनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



भयो कि तपाईं माथि वज्र प्रहार पर्नेछ। याद गर्नुहोस्। आफ्नो निमित्त-बाट अरूको नाश नहोस भन्ने मेरो मनसाय छ।'

आसनबाट जुरुक्क उठेर कीचक कड्किन थाल्यो, 'फजूलको डर देखाउँदैमा हच्किने म त्यस्तो कातर होइन। लौ त, यहां आएर मलाई कसले के गर्न सक्दोरहेछ। हेरौं!, सैरन्ध्री, राम्रो मुखले आउने भए आइज, नत्र ताइँ नदेखाई छोड्दिनँ। अब मेरो पञ्जाबाट फुत्कने आश गर्नु-पर्दैन। हेर! यत्तिका निम्ति दिदीज्यू महारानीले तँलाई यो कचौरा लिएर यहाँ पठाइबक्सेको हो, फेरि हामी पुरुषलाई सुख दिलाउनाको लागि नै स्त्रीजातिको सृष्टि भएको हो भन्ने तँलाई थाहा छ? यदि बातले मान्दिनस् भने लात चखाउँछु।'

'लौ त मलाई छो, तेरो कुन गति हुँदो रहेछ। पतिव्रता स्त्रीमा व्यभिचारीलाई डढाउने गुप्त तेज हुन्छ भन्ने तँलाई थाहा रहेनछ। दमयन्ती-लाई हातपात गर्न खोज्ने व्याधाको कुन गति भयो? सती सीताको कामनाले रावणको कसरी नाश भयो? तँ आफैं संझी। कालले नकुतकुत्याएको भए यत्रो सेनापतिमा यो दुराग्रह अवश्यै आउने थिएन। स्त्रीजातिको महत्त्व नै नबुझेर विलासको साधन संझँदो रहेछ ए! कहाँसम्मको पामर। बुझिस्, हामीहरू गृहलक्ष्मी हौं, आर्यकलाका महल हौं, सौन्दर्यका अधिष्ठात्री हौं, बुद्धि र बहादुरीको खानी हौं। तँजस्तो नादान त आजन्म मैले देखेकी थिइनँ। अझ समय छ। मन समाल्, सदाचारको साँध ननाघ्।'

'कहाँसम्म चढेकी! लौ त, तेरो हुर्मत नलिई म छोड्दै छोड्दिनँ भनी कीचकले हात बढाएको देख्नासाथ सैरन्ध्री बनेर बसेकी द्रौपदीले मेख-लाभित्रबाट छुरा झिकेर भनिन्, 'लौ त मलाई छो, तेरो कुन गति हुँदो रहेछ!'

+ + +

राजा विराटको बैठकमा पासा गररर गुडिरहेका थिए। अझ 'मारा' को मादल बीचबीचमा बज्दथ्यो। कहिले विराटको दाउ लाग्थ्यो, कहिले भने कङ्कको। सभासद खेल हेर्नामा मस्त थिए। कसैलाई कुनै कुराको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



चिन्ता थिएन। खेलाडीको त कुरा गरेर साध्य नै छैन। उहीं चिच्याएको सम्म पनि उनीहरु सुन्दैनथे।

'महाराजकी दुहाई! गुहार! गुहार!' भन्ने आर्तनादको झट्को अचानक आयो। तर दुइपटकसम्म कसैले सुनेनन्। तेस्रो पटकमा वल्लतल्ल त्यो आर्तनादले सभासद्को कान छेड्यो। आँखा लगाउँदा उनीहरुले ढोकानेर थरथर काम्न लागेकी सैरन्ध्रीलाई देखे।

कसैले आवोचावो केही नगरेको देखेर सैरन्ध्रीको स्वर झन् चर्क्यो–'के यही हो, राजाको धर्म? ओहो सभासद भनाउँदा पनि कस्ता! यस्तो-लाई म कसरी न्याय-सभा भनूँ। यसरी गुहार माग्दा एक वचनसम्म कोही बोल्दैनन्! के रित्तै सभागृहमा आएर म रोएको छु र?'

गुरांसको थुँगोजस्तै मुख पारेर विराटले भने, 'वादी प्रतिवादी दुवैको कुरा नसुनी मुद्दा फैसला गर्न हुन्न। हेर, अहिले मेरो पासा लागेको वखत छ, उसैले एक छिन चुप लाग।'

स्यालले जिस्क्याएकी सिंहीको झैं सैरन्ध्रीको गर्जना झन वढ्यो, 'पासा खेल्नु पुरुषत्व होइन, रातदिन पासा गडगडाउनाको लागि परमेश्वरले हात र पुरुषत्व दिएका होइनन्। उसोभए पासाको सृष्टि किन भयो भन्ने प्रश्न उठ्ला यसमा म जवाफ दिन्छु—खालि मनोरञ्जनका लागि, अझ मनोरञ्जनमै यो टुंगिने ह्वैन। पतनको मूल नै यही बनेको पनि देखिन्छ। महाराज, अब म यौटा प्रश्न गर्छु, पुरुषत्व केको निति? के परस्त्रीलाई हातपात गर्नाको लागि, अथवा आफ्नी-सती पत्नीलाई दुर्जनले जबर्जस्ती गरेको थाहा पाई पाई पनि हात बाँधेर बस्नाको लागि?

विराट—दुवै ह्वैन।

सैरन्ध्री—उसोभए के त।

वि०—आफ्नी स्त्रीलाई शान्ति र सुख दिनाको लागि।

सै०—कुनै दुष्टले सती परस्त्रीलाई सताउन खोजेको थाहा पाएर पनि आँखा चिम्लनु पुरुषत्व हो कि ह्वैन नि?

वि०—खास आफ्नै आँखाको सामुन्नेको कुदृश्यमा हात बाँधेर बस्नुलाई कसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पुरुषत्व भनौं ।

सैं०–दुनियाँलाई देखाएर कसैले पाप गर्दैन । चोरले लुकेर नै चोर्छ । यसैको दोष हो भन्ने ठम्याएर उसलाई दण्ड गर्नाको लागि पुरुषत्व चाहिन्छ । अरू हजूरले त न्यायदण्ड हातमा लिइवक्सेको छ । आफूले प्रत्यक्ष देखेकालाई मात्र दण्ड गरिवक्सने होभने क्यालखानाका सारा कैदीलाई छोडिदिवक्योस्, किमभने एउटाले पनि हजूरको सामुन्ने अपराध गरेको हुँन होला ।

विराट अकमक्क परेको देखेर कङ्क वनेर वसेका युधिष्ठिरले भने, 'सैरन्ध्री, धन्धा नमान्नुहोस् । न्यायी महाराजवाट इन्साफ गरिवक्सिन्छ । महाराजका प्रतापले मत्स्यदेशमा कसैले कसैमाथि अन्याय गर्न पाएको छैन । अव पनि पाउने छैन । राजाका हजूरमा यसरी विन्तिभाउ गर्नुपर्छ भन्ने तपांईंलाई थाहा रहेनछ । यो आफन्त हो भनेर महाराज कहिले पनि पक्षपात गरिवक्सिन्न । झन् परदेशी आइमाईमाथि यस्तो अत्याचार हुन आँटेको रहेछ भने त के कुरा चाहियो र ! वरु तपाईं आफूलाई समाल्नोस्, बुझ्नुभो धैर्य र क्षमाजस्तो ठूलो अर्को केही छैन ।

सैं०— हो, सहनु धर्म हो तर सहनाको पनि हद छ ! सरासर आएर आततायीले लठ्ठी वजार्न खोज्दा आफ्नो शान्तिधाराले उसको मैलो हृदय धोइदिएर परिवर्तन गराउनु पुरुषत्व हो, कि त उसैलाई ठटाउनु । उसैको लट्ठी वर्संदा पनि 'ऐया वावा, मरें !' भन्दै भाग्नु ता नपुंसकत्व हो । प्रारब्धले पारेकोमा कसको के लाग्छ भन्नुभन्दा उसको रहस्य बुझ्नु धेरै वेश । जस्तोमुकै प्रारब्धीले पनि डोकोमा दूध दुह्योभने अडिदैन ।

सबै दिशामा फैलिएको किरण साँझमा पश्चिमतिर खिचिए झैं सारा सभाका दृष्टि सैरन्ध्रीमा एकटक भएर लागिरहेको थियो ।

सहानुभूति कसैले पनि नगरेको देखेर फेरि विराटतिर फर्की सैरन्ध्री झन् कड्किन थालिन्, 'आगोलाई कल्ले छुन सक्छ; उसैले पुरुषले पनि वल्नुपर्छ । जाडोले कठ्याङ्ग्रिएर लुसुक्क छुन नजीकै वस्न आउनेलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



तताउने र भिडिनेलाई खरानी बनाउन सक्ने हुनाले नै आगोमा पुरुषत्व छ। चहकिलो प्रकाश दिन नसकेका भए सूर्य र चन्द्रमामा कसले पुरुषत्व छ भन्थ्यो । उसो भए समुद्रमा पुरुषत्व किन आयो भन्ने कसैका मनमा शंका होला, तर अपार विशालताले र मर्यादाभंग नगर्ने हुनाले नै आयो भन्ने कुरा छर्लंग छ । अरू त के, उपकारी रूखहरूले पनि पुरुषत्व पाएका छन्, त्यसको कारण यदि जान्ने इच्छा छ भने रूखनेर नै जानू ।'

'जुङादाह्रीलाई म पुरुषत्व मान्दिनँ । पुरुषत्व त माझिएको हृदयमा सुनौला चहक फिजाएर झल्किरहेको हुन्छ । निराकार भए पनि उ साकार छ ।'

'महाराज, हजूरको सालो कीचकमा पुरुषत्वको लेश पनि छैन । हजूर के हेरिरहिबक्सिन्छ ? आज म गन्धर्वकी पतिव्रता पत्नीमाथि यसरी हातपात गर्न खोज्नु राक्षसत्व हो । म एकपल्ट हजुरलाई पनि जनाउ दिन्छु । यो दुष्टलाई रोकिबक्सेनभने पछि पछुताउनु पर्ला ।'

सारा सदस्यहरू वाल्ल परिरहेका थिए । एउटा वल्लव भन्ने चाहिं वल्न लागेको आगोजस्तै देखिएका थिए । उनी कहिले हात माड्थे कहिले दाह्रा किट्थे ।

\+ \+ \+

कीचकको महलबाहेक मत्स्यदेशमा खूब कुराकानी चलिरहेको थियो । सडकमा समेत जम्मा भएर मानिसहरू गफ हाँकिरहेका थिए । कोही भन्थे, 'परस्त्रीमा आँखा गाड्नेको कहिले भलो हुन्थ्यो ! हेर, सैरन्ध्रीलाई हातपात गर्न खोज्दा कीचक मर्‍यो ।' कसैको भनाइ थियो, 'सैरन्ध्रीका गन्धर्वहरू गजबका रहेछन् ए । तर उनीहरूले यस्ती सुन्दरी पत्नीलाई यहाँ किन राखेका होलान् ? केही बुझिएन ।'

आधारात भएपछि बल्ल सन्नाटा भयो । सैरन्ध्रीले कोठाको ढोका खोलिन् र बिरालाको चालमा भान्सानेर पुगिन् । भान्साभन्दा उत्तरपट्टि खान्सामा वल्लव बनेर बसेका भीमसेनको कोठा थियो । यहाँ पुगेर सैरन्ध्रीले बिस्तारै ढोका घचघच्याइन्—वल्लव, वल्लव सानो स्वरले बोलाइन पनि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



थाकेका वल्लवले बल्लतल्ल ढोका खोले। सैरन्ध्रीलाई देख्नासाथ भने 'ह्वँ न फेरि के भयो, किन आयौ ?'

सैरन्ध्रीले आफ्नो नेत्र-जलले वल्लवको पाउ धोइन्, अनि भन्न थालिन्, हजूर नभएको भए आज मेरो कुन गति हुँदो हो! मसाननेर पुग्दा त मलाई झन् डर लाग्यो। यताउति हेरें हजूरलाई देखिनँ अनि त मेरो जिन्दगी यत्तिकै रहेछ भन्ठानें। अग्ला अग्ला रूख लिएर हजूर सवारी हुँदा पनि मुटु भटचाकभटचाक गर्न थाल्यो। पछिबाट पो हजूरै हो भन्ने चिनें।'

लामो सास फेरेर वल्लवले भने, 'तिमी जस्ता राजकुमारीले यत्रो संकष्ट पाएको देख्दा मलाई साह्रै दिक्क लाग्छ, तर दाइ युधिष्ठिर मानिबक्सिन्नँ, नत्र तिमी सभामा आएकै दिन त्यो दुष्टलाई बिताउँथें। उहाँको चाल देख्दा मलाई त अचम्म लाग्छ। कस्तो सत्यको पक्षपात! यसै गनलि बाह्र वर्षसम्म वनवासको कष्ट भोग्नुपर्‍यो, अझ यो गुप्तवासको कष्ट बयान गरेर साध्य नै छैन। तैपनि सहू मात्र हुकुम हुन्छ। कति सहने। के यो क्षत्रियको धर्म हो र ? दुर्योधनदेखि उठेको रिसभन्दा मलाई उहाँको सहने बानि देखिन् बढ्ता दिक्क लाग्छ। छल गरेर जितेको जितेको ठहरिन्न भनेर अडिदिएको भए यो गत हुँदो हो त ?

"दुष्टसँग दुष्टचाइँ नै गर्नुपर्छ भन्ने उहाँलाई थाहा रहेनछ कि कसो! बितेको कुरामा त अफसोस गर्दिनँ तर हजूरले पकाएको र अर्जुनले परिया लाएको देख्ता मलाई साह्रै बाधा हुन्छ", भन्दै सैरन्ध्री घुँक्क घुँक्क गर्न थालिन्। अनि वल्लवले भने, 'धन्दा नमान, गुप्तवासको एक वर्षको अवधि पुग्न आँटचो, अब तिम्रो दुःख सिद्धियो, बरु अहिले गइहाल।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# पछुतो

पञ्च बोलाएर अधबैंसे अग्निशर्मा घरको आँगनमा आइपुगे । उसै त काला उसमाथि ठूलो कलंक लागेकोले उनको हिस्सी नपरेको मुख ज्यादै अँध्यारो थियो, भमरी परेको निधार, डेडे आँखा, चुच्चे नाक र दाह्रे दाँतले पनि उनको कुरूपतामा प्रमाण दिइरहेका थिए । सुइँखुट्टे शरीरमा धोती मात्र लाएका भए पनि उनी पसीनाले तर थिए । आँगनमा छरछिमेकीहरू जम्मा भएका पनि उनले कसैको मुख हेरेनन् । सरासर पत्नीको लाशनेर गई उनी टुक्रुक्क बसे ।

सुँक्क सुँक्क गर्दै आँसु वहाउने छिमेकिनीहरूको निकै खासखुस चलिरहेको थियो । त्यसको सारांश यस किसिमको थियो—यी अग्निशर्मा साँच्चिकै यमराज रहेछन् । हेर, यस्ती अप्सराजस्ती पत्नीको ज्यान लिएको ! फेरि पतिव्रता उस्तै थिइन् । हामीले त श्री कृष्णको दर्शनै गरेर आयौं, खैं पिटाइ खाएनौं । यस्ता कट्टर लोग्ने पाउनुभन्दा त वूढीकन्या भएर नै वस्नु वेश । एक त आफ्नी गृहलक्ष्मी, उसमाथि दोजिया । हरे शिव ! कसरी हात उठेको होला ।

पंचायत वस्यो । पंचमा वूढा कौडिन्य अग्निशर्माको सामुन्ने गएर वसे । छातीसम्म पुगेको सेतो दाह्रीले यिनी निकै बुज्रुक होलान् भन्ने सहजै अनुमान हुन्थ्यो । ठूलाठूला कान र आँखाले मुखमा शोभा झन् वढिरहेको थियो । त्रिशूल देखिने उनको ठूलो निधारमा विगुतका तीन रेखाहरू उत्तर भारतका हिमालयका तीन श्रेणीजस्तै देखिएका थिए । उनको मुखमा शान्तिरस वहाउने एउटा अलौकिक चहक देखिन्थ्यो ।

उनको दायाँतिर शाण्डिल्य र शाकटायन वसे, बायाँतिर चाहिं सोमशर्मा र शिवशर्मा । पंचायत वोलाउनाको कारण बुझिसकेपछि कौडिन्यले भन्ने, 'के पत्नीलाई आफैले मार्नुभएको ?'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



अ०—हो ।

कौ०—किन ?

अ०—मैले भनेको मानिनँ अनि के गरूँ।

कौ०—के मानिनन् ?

अ०—हामीले आंगीरस सत्र गर्न थालेको कुरा तपाईंलाई थाहा छँदैछ। म त्यसैमा दीक्षित भएर बसेको थिएँ। ऊ त मालपुवाको थाली बोकेर नन्दका छोराहरूलाई खुवाउन जान लागेकी रहिछ, अनि वायुवेगमा गई बाटो छेकेर मैले भनें, तिमी कहाँ जान लागेकी, फेरि योविधि मालपुवा किन लगेको ? ... ... ...।

कौ०—किन अडिनुभो ? भएका कुरा सरासर भन्दै जानोस् ।

अ०— अनि 'ऐले हतार छ, फर्केपछि सबै कुरा बताउँला' भनेर उनले भनिन् । सबै कुरा नवताई डेग चल्न पाइँदैन भनी म अकडिएँ।

'अरू ब्राह्मणीहरू सबै गइसके। के गरूँ, जीउ भद्दा हुनाले मचाहिं दगुर्न सकिनँ, अब मलाई मात्र यसरी रोक्नुभएको किन? भगवान् कृष्ण यहीं वनमा सवारी भएको छ रे। खालि उहाँको दर्शन गर्न जान लागेको न हुँ। बरु तपाईं पनि हिंड्नुहोस्' भनेर उनले हात जोरिन् ।

मैले भनें, 'हामी पुरुषहरू तिमीहरू जस्तो हाहामा दगुर्ने होइनौं। कृष्ण भगवान् हुन् भन्नामा के प्रमाण ? फेरि भगवान्ले अवतारै लिएका भए पनि ब्रह्मर्षि, राजर्षिको कुलमा जन्म लिनुपर्ने, फेरि जसको विहे उसैलाई खान नदे हैन के ? सत्रका ब्राह्मणहरूको लागि पकाएका चीज उनीहरूलाई देखनै नदिएर गोठालाहरूको पेट भर्नेतिर लागेंभने मलाई अरूले के भन्लान् ?'

त्यसो होभने म नै पुऱ्याएर आउँछु, भनेर उनले पाइला सार्न खोजिन् । अनि कड्किएँ, 'गर्भिणीले यसरी धेरै हिंड्न हुँदैन; फर्किहाल।'

'आजसम्म तपाईंले भनेको मैले जे पनि मानेकी छु, तर अहिले मेरो वचन राखिदिनोस्। श्रीकृष्णको दर्शन गरेर म फर्किहाल्छु । हरे शिव ! म ज्यादै पापिनी रहेछु क्या र ! उसैले यो विघ्न पर्न आयो' भनेर उनले गहभरि आँसु गरिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



झन् रन्किएर मैले भनें—'यो कस्तो जिद्दी गरेकी ? लोनेग्ले भनेको नमान्नु के स्वास्नीको धर्म हो र ?' त्यसपछि उनको स्वर पनि चर्कियो, 'लोग्नेले स्वास्नीलाई कैदी बनाएर राख्नु भन्ने पनि त शास्त्रमा लेखिएको ह्वैन होला । हो, पतिको आज्ञा मान्नुपर्छ, तर के सत्कर्म गर्न पाउन्नस् भनेर पतिले भन्दैमा आफू पापमा को डुब्छ ? या आज्ञा दिनोस् या नदिनोस् म त भगवान्को दर्शन नगरी छोड्दिन ।'

कुरा सुन्नासाथ मलाई झन् रन्का छुट्यो, अनि साफसँग झाँटेर भनें; 'लौ त फेरि बोल्, चुल्ठो समातेर लछार्दै लैजान्छ र थुनिदिन्छु ।' त्यसपछि गुराँसको थुंगोजस्तो मुख पारेर उनले भनिन् 'हुन्छ यो मेरो जीउलाई तपाई थुन्न, बाँध्न, पिट्न जे पनि गर्न पाउनुहुन्छ तर मेरो मनको मालिक उनै भगवान् हुनुहुन्छ । उहाँबाट जे गर् भन्नुहुन्छ उही गर्छु । तपाईंले डोरीले कसेर मलाई राख्नुभयोभने पनि हावा बनेर अरू सँगिनीहरूभन्दा चाँडै भगवान्को अगाडि पुगुँला भन्ने मलाई पूरा विश्वास छ ।'

'मैले ता आँखै देखिनँ, अनि परपुरुषसंग प्रेम गर्ने भएकी कहाँसम्मकी वदमाश ! लौ त कसरी पुग्दिरहिछस् ! भनेर मैले घोक्र्याएँ, अनि त्यही कोठामा विसार्दै ल्याएर थुनिदिएँ ।'

कौ०—त्यसपछि के के भयो ? सबै कुरा खुलस्तसँग भन्नुहोस् ।

अ०—अब भन्नुपर्ने कुरा केही छैन । मारें भनेर मैले मञ्जूर गरिसकेपछि फेरि खोजिनिती किन चाहियो ?

कौ०—त्यसो कैले हुन्थ्यो । मारें भनेपछि यसरी, यो बेला, यो कारणले मारें भनेर स्पष्टसँग भन्नैपर्छ, वरु मारिनँ भनेर भनेको भए यसरी सोध्नुपर्ने कारणै थिएन ।

अ०—उसोभए लट्ठीले चुटी चुटी मारें भनिदिन्छु भैगो नि ।

कौ०—जे मुखमा आयो उही भनीदिएर हुँदैन । यथार्थ कुरा पो भन्नुपर्छ ।

अ०—कंचटमा खूब मुक्की हानें । अँ, त्यसो ह्वैन । घाँटीमा समातेर खूबसँग ड्याची उनको टाउको भइँमा ठोकिदिएँ । अहँ ! त्यसो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पनि होइन। सुर्केनी पारेर उपर्नाले बेसरी घाँटी मस्काइदिएँ।

कौ०—यस्तो जथाभावी कुरा त भन्नु हुँदैन भँगो। अब पहिले यो कुराको जवाफ दिनोस्। कोठामा थुनेर गएपछि तपाईं फेरि आउनुभो कि आउनुभएन ?

अ०—आएँ, अनि ढोकाबाट चियाएँ।

कौ०—उनी के गर्न लागेकी रहिछन् त !

अ०—'हे स्वामी झलक्क देखा परेर तपाईं कहाँ भाग्नुभो के मेरो दिल सफा रहनेछ ? नत्र एक छिन पनि राज नहुने कारण के ? सक्के दिल पूरा नदिएको हुनाले नै यसरी त्याग गर्न खोज्नुभएको होला। हे प्रभु हुजुर-विना म एक छिन अड्न सक्तिनँ। यो गृहस्थी हुनु दुःखको खानी रहेछ भन्ने मलाई पूरा अनुभव भइसक्यो, अब प्रसन्न भएका हजूरसँग म एक ज्यान भएर वस्न पाऊँ। लौ, मेरो यो हात समातेर हजूरको धाममा लगिबक्स्योस्' इत्यादि गुनगुनाई हात जोडेर आँखाबाट आँसु बगाइरहेकी थिइन्। अनि मैले घ्यारक्क ढोका खोलें। उनी घुप्लुक्क परिन्। अनि अर्को कोही पनि नदेखेर फरक्क फर्कें।

कौ०—पछिबाट तपाईं आउँदा त चालचूल केही पनि सुन्नुभेन होला ह्वैन ?

अ०— हो।

कौ०—ढोका उघारेर तपाईं भित्र पस्दा त पत्नीको प्राण गइ-सकेको थियो होइन त ?

अ०—ह्वैन ; धुकधुकी बाँकी रहेछ। अनि दगुरेर शालिग्रामको जल र तुलसीपत्र ल्याएर उनको मुखमा हालिदिएँ, त्यसपछि त उभिनै सकिनँ, लडिहालें। पछि मूर्छाबाट व्यूझँदा त हेर्नै नसकिने अवस्था भइसकेको रहेछ। उसै त ठूलो जीउ, झन् त्यसमाथि यो अवस्था हुँदा ढोईजस्तै देखिएकी, आँखा टल्लं परेका, अनि घिसारेर लाश आँगनमा ल्याई उपर्नाले छोपेर तपाईंहरूलाई बोलाउन गएँ।

कौ०—अब मारें भनेर कसरी भन्नुहुन्छ त।

अ०—मैले नमारेको भए यिनको ज्यान कसले लियो ? लौ भन्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



होस् त, सर्पलाई समातेर माछो समातें भने झैं अहंकारलाई अँगालेर पुरुषत्व च्यापेको छु भन्ठानी उड्कने म, आफ्नी सहधर्मिणीका कमलो मुटुमा कीला ठोक्ने, पाषाणी कठोरतामा पतित्वको दावा गर्ने म, मनोविज्ञान नबुझी अबलाको लहलहाउँदो उत्सुक भावनामा बञ्चरो चलाउने म, प्रत्यक्ष देवतालाई लत्याएर अँध्यारामा छामछुम गर्ने म,प्रकृतिको अपहत्या गरी दानवतामा कुद्ने म, एक तानमा लागेको कोमल हृदयलाई दण्डले ठोकेर यमराज बनी प्राण चुस्ने म।

त्यसपछि एक स्वर गरेर पञ्चले भने, 'कुरा बुझियो, तपाईं एक चान्द्रायण गर्नोस्।'

अ—यौटा मात्र होइन बाह्रौटा चान्द्रायण म यहीं बसेर गर्दछु।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# सीमन्तिनीको दैनन्दिनी

दुर्मुख संवत्सर माघ कृष्ण त्रयोदशी

मेरो जन्मोत्सव भएकोले आज विहान सबेरै बुवाले एउटा ज्योतिषीलाई डाकेर हुकूम भयो– लौ, यो सीमन्तिनीको चिना हेर्नोस्।' 'पर्दैन, खालि बाहुली हेरेर म सबै कुरा विन्ती गर्छु!' भनी उनले मेरा हातका रेखा वर्काई फर्काई हेरे। अनि एकछिन पछि गुनगुन गरी उनले भने, 'महाराज, राजकुमारी बाह्र वर्ष पुगी तेह्र वर्ष लागिबक्सेछ। यो वर्ष राजकुमारीको दशा ज्यादै वेश छ। सके विहे पनि यही वर्षभित्र होला।' अनि बुवाले हुकूम भयो, 'अर्को वर्ष कस्तो छ नि?' एक छिन घोरिई हात जोरेर उनले भने, 'या असल होस् या नअसल होस् आफूले देखेको कुरा बिन्ती नगर्नु कसरी! जे भए पनि हामीले आफ्नो कर्तव्य छोड्नु हुँदैन। सुनिबक्सियोस्, अर्को वर्षमा राजकुमारीको वैधव्य योग परेको देखिन्छ,फेरि उहाँलाई किसिम किसिमका तकलीफ पनि पर्ला जस्तो लाग्छ। उसैले राम्ररी शान्ति स्वस्ति गराइदिबक्सेला। त्यो कुरा सुनेर बुवाले निन्याउरो मुख लाइबक्स्यो। मुमा र धाईले चाहिं सुँक्क सुँक्क गरे। सारा दरबारै अँध्यारो भयो।

दुर्मुख माघ शुक्ल पंचमी

मलाई राम्ररी निद्रा नपरेको ४।५ दिन भइसकेको थियो। आज त छर्लङ्गै रात काटें। ज्योतिषको अगुल्टोभन्दा पनि बल्दो वाक्यले पोलेको मेरो हृदय एकदम पाकेर आयो। डाहा सहन नसकेर विहान सूर्योदय नहुँदै बुवा मुमालाई बिन्ती गरी म गङ्गामा स्नान गर्न गएँ। अनि म याज्ञवल्क्य मुनिको आश्रममा गएँ।

उनकी पत्नी मैत्रेयीसँग मैले आफ्नो मनको वह पोखें। उनले मलाई सम्झाइन् बुझाइन् अनि भनिन्, 'प्रत्येक सोमवारको व्रत गरी शिवजीको मन्त्र जप्नू। लौ दिन पनि वेश छ, अहिले नै मन्त्र सुनाइदिन्छु।' उनको शिक्षालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



मैले पनि शिरोपर गरें।

हेमलंव संवत्सर वैशाख कृष्ण पंचमी

अचानक वृहद्व्रत ऋषि आए। उनले नलका नाति राजकुमार चित्रांगदको खूब वयान गरे। अरुहरूवाट पनि मैले कुरा सुनेकी थिएँ। बीचमा केही कष्ट देखिए तापनि राजकुमार शतायु छन् भन्ने कुरामा उनले जोड दिए। ऋषिको र ज्योतिषीको कुरा नमिलेर हो कि किन हो विहे गर्ने कि नगर्ने भनी बुवाले मलाई सोधिवक्स्यो। मचाहिं निहुरेर मात्र वसिरहें। त्यसपछि एकान्तमा लगेर मुमाले सम्झाइवक्स्यो,'हेर नानी,ऋषिले भन्नुभएको कुरा कहिल्यै फरक पर्दैन। तिमीले ऋषिलाई चिनेकी नै छैनौ।'त्यसपछि विहेको निधो गरेर बुवाले पठाइदिवक्स्यो। अनि त सँगिनीहरूले मलाई गिज्याउन थाले।

हेमलम्व वैशाख शुक्ल तृतीया

राजकुमार चित्रांगदको दर्शन मैले पाएँ। उहाँ लायकको होइवक्सिँदो रहेछ। पाणिग्रहण हुनुभन्दा अगाडि हाम्रा आँखा जुधे। अग्नि साक्षी राखेर हामीले प्रतिज्ञा पनि गर्‍यौं। विवाहको उत्सव धूमधामसँग भयो। तिम्रो नाउँ के राखुँ भनेर उहाँले मर्जी भयो। मचाहिं चूप लागिरहें। त्यसपछि वहाँले लाटी मर्जी भयो। त्यसपछि मुस्कयाएर मैले भनें, 'हजूरलाई म के भनौं नि?'

हेमलम्व वैशाख शुक्ल दशमी

वनविहार गर्न हामी विहानै गयौं। वृक्षहरूले हाम्रो स्वागत गरे, कोइलीहरूले गाना गाए, वसन्तलाई जिस्कयाउँदै नदीको किनारामा पुग्यौं। त्यहाँ मृगका भालेपोथी पानी खान लागेका रहेछन्। मैले रोक्दारोक्दै पनि राजकुमारले वाण छोडिवक्स्यो। वाण नलागे तापनि भाले एकातिर लाग्यो, पोथीचाहिं अर्कातिर। अनि त्यति पनि हान्न नसक्ने भनी मैले राजकुमारलाई गिज्याएँ। उहाँले रातो मुख लाइवक्स्यो। त्यसपछि जलक्रीडा भयो।

हेमलम्व श्रावण कृष्ण चतुर्दशी

विहानीपख मैले खराव सपना देखें। व्यूँझनासाथ मेरो मन खिन्न भयो। मुख मात्र देखाएर त्यसै लडिरहेकी थिएँ। दुई घडी दिन वितेपछि पानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पर्न छोड्यो, अनि शिकार खेल्न जान्छु भनी राजकुमारले मर्जी भयो। आज सवारी नहोस् भनी मैले करजोरी बिन्ती गरें। हामी दुवैले आफ्नो आफ्नो मनसायतर्फ ढिपी बढाउँदै गयौं। हुँदाहुँदै हाम्रो ठाकठुक पर्‍यो। अनि रन्केर धनुर्वाणहरू लिई राजकुमार सवारी भयो। मलाई पनि साह्रै दिक्क लाग्यो। रसिला आँखा पार्दा पार्दै दिन बिताएँ। साँझतिर स्वाँ स्वाँ गर्दै सेनापतिको छोरा र पुरोहित आएर भने, 'उर्लिएको भेलले गर्दा नाउ उल्टियो। राजकुमारको अत्तोपत्तो छैन। नदीमा डुवेर कति खोजिसक्यौं, केही लागेन, अब के गर्ने!' त्यो सुन्नासाथ मेरो होश हरायो।

हेमलम्ब श्रावण कृष्णामावास्या

शत्रुहरूको जाल हो कि अथवा मेरो मन राजकुमारले हेरिबक्सेको हो कि इत्यादि तर्क-वितर्क उठिरहेको बखतमा सती जानुपर्छ भन्ने कुरा कसैले उठाए। के गरूँ के गरूँ जस्तो द्विविधा मनमा लाग्यो। ससूराज्यूले कौडिन्य ऋषिकहाँ सोध्न पठाइबक्स्यो। यो त हुनै नसक्ने कुरा भनी एक छिन घोरिएर ऋषिले जवाफ दिएछन् 'सती जानुपर्दैन'। त्यसपछि 'दश क्रिया त नगरी हुँदैन' भनी पुरोहितले भने, भारदारहरूसँग सल्लाह गरी ससुराज्यूले पुरोहितको वचन मानिबक्स्यो।

विलम्ब आश्विन शुक्ल चतुर्दशी

दिग्दारीमा ससुराज्यूले राजकाज हेर्न छोडिबक्सँदा मन्त्रीहरूको परस्परमा मतभेद हुँदै आएको थियो। उसैले देशको बन्दोवस्तमा त्रुटि हुनु स्वाभाविकै हो। यही सुराक पत्ता लगाएर हो कि किन हो शत्रुहरूले हाम्रो निषध देशमाथि हमला गरे। यसरी चारैतिरवाट आक्रमण गरेको बखतमा हाम्रो दल पुग्दैन भनी सेनापतिले कराउँदा कराउँदै पनि ससुराज्यू होमिबक्सियो, हताश भएको फौज पुच्छर केलाएर आयो, अनि उनीहरूको उत्साह बढाउनाको लागि धनुर्वाण लिई रथमा चढेर निस्कें। मेरो चाल देखेर अरू क्षत्रियाणीहरू पनि पछि लागे। मरे पनि बाँचे पनि दुवै हातमा लड्डू छ भनी आफू पश्चिमतिर लागें। तर त्यत्रा फौजसंग मेरो के लाग्थ्यो? पार्श्ववर्तीहरू कता पुगे कता, सवार दुई टुक्रा भयो। चारौटै घोडा मरे!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



म घेरामा परें, अनि स्त्रीजातिलाई मानं हुन्न भनी पाता कसेर उनीहरूले मलाई लगे।

विलम्ब आश्विन शुक्ल पूर्णिमा

मेरो वहादुरी र सौन्दर्य देखेर मुग्ध भएका शत्रु राजाले एकान्त पारेर मलाई भने, 'महारानी तपाईं साँच्चिकै क्षत्रियाणी हुनुहुँदो रहेछ। तपाईंको कर्तव्य तथा वहादुरी देखेर म ज्यादै गद्गद भएको छु। चन्द्र सूर्य रहुन्जेल यी मातृभूमिले तपाईंको नाउँ वरावर जपिरहनेछन्। हारें भनेर तपाईंले दिक्कत हुने खण्डै छैन। वास्तवमा तपाईंले मलाई जित्नुभो। यसवारेमा तपाईंलाई म करोडौं धन्यवाद दिन्छु। तपाईंको सुनौला उत्साहको पछिपछि म पनि लाग्छु। तपाईं जे भन्नुहुन्छ त्यो म मान्छु पनि। तर यौटा विन्ति लागोस्। तपाईं दुवै देशकी पटरानी वन्नुहोस् मचाहिं तपाईंको सेवक वन्छु। तपाईंको भविष्य उज्ज्वल होस् भनेर नै मैले यो कुरा गरेको हुँ, उसैले स्वार्थी नसम्झनुहोला। धेरै के भनौं, तपाईं आफैं वुद्धिमती हुनुहुन्छ, यसैले मेरो विन्ति लाग्नेछ भन्ने निश्चय गरेको छु।'

कुरा सुन्दासुन्दै पनि मैले तोरीको फूल देखिहालें, अनि कड्केर भनें, 'म त महाराज चित्रवर्माकी छोरी तथा राजकुमार चित्राङ्गदकी पत्नी हुँ। के मलाई कुलटा सम्झनुभो, वुझनुभो तपाईंको जस्तो सैनिक शक्ति नभए तापनि मानसिक शक्ति ममा वढ्ता छ। जस्तोसुकै परे तापनि म आफ्नो कर्तव्यवाट डेग चल्दिनँ।पुरुष भए तापनि तपाईं औधी निर्धो गुण्डा हुनुहुँदो रहेछ। अव फेरि यस्तो कुरा मसँग नगर्नोस्। यदि पतिव्रता स्त्रीमाथी जवर्जस्ती गर्न खोज्नुहुन्छ भने त्यसको फल भोग्नुहोला। त्यसपछि राताराता आँखा पल्टाउँदै सेनापतिलाई डाकेर शत्रु विलासवर्माले भने, लडाइँको मूल कारण यही हो। यो नभएकी भए सहजै यो निपधप्रान्त हाम्रो मुठीको माखा हुन्थ्यो। यत्रो कष्टका साथ जितेर पनि यसलाई छोडिदियौंभने हामीलाई फेरि उही गोता हुन्छ। छुट्नासाथ यो सङ्गठन गर्न लागिहाल्छे। यसकारण वन्दोवस्तका साथ झ्यालखान हाल, दरवारकै वारुण भवनमा लगेर राख। अनि मैले गर्जेर भनें, 'यसमा त म राजी छँदै छु।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



प्वल कार्तिक कृष्ण प्रतिपदा

म क्यालखान परेको ३ वर्ष पुगी ४ वर्ष लाग्यो। शत्रुका दरवारको आग्नेय कुनामा एकान्तको सानो महलमा राखेको भए तापनि मैले आफूलाई पूरा कैदी सम्झेकी थिएँ। मेरो स्याहार गर्नाको लागि खटिएका सुसारेहरू-संग पनि बोलें। किनभने ३ वर्षको मौनव्रत अब पूरा भयो। आजसम्म त शिवजीको भजन गर्थें, अनि खालि फलफूल खान्थें। सोमवारको दिनचाहिं त निराहार बस्थें। शिवजीको पूजा सिध्याएर प्रसाद लाउन लाग्दा विलास-वर्मा खूब ठाँटका साथ आए। तिनी नआएको धेरै दिन भइसकेको थियो। हाडछाला मात्र बाँकी मेरो जीउ देखेर हो कि अथवा अर्को कुनै राजनैतिक कारणले हो, उनले भने, 'भैगो, यी रानीलाई छोडिदिनू।' देख्या नदेख्यै गरी आफ्नो नाकको टुप्पामा आँखा लगाएर मचाहिं बसिरहें।

शुभकृत् वसन्तपञ्चमी

यमुनामा मध्याह्नस्नान सिध्याएर म यौटा मनले जप गरिरहेकी थिएँ। तर मेरो अर्को मन र आँखाचाहिं अलि पर नुहाउन लागेका नौला पुरुषमाथि गइरहेका थिए। कति कोशिश गर्दा पनि मैले आँखा चिम्लेर हृदयाकाशमा शिवजीको ध्यान गर्न सकिनँ। यी तेजिलो चेहडा भएका तरुण तपस्वी को होलान् भन्ने तर्क-वितर्क मनमा लाग्यो। अग्लो नाक तथा लामा कान र ठूला निधार देख्ता चिनेजस्तो पनि लाग्यो। तपस्वीको नजीकै धनु र ठोक्रा नदेखेको भए पनि मलाई त्यस्तो अचम्म लाग्ने थिएन। पर-पुरुषलाई हेर्नु बिलकुल पाप हो भन्ने विचार कता हरायो कता। एकटक लगाएर म बसिरहें। सन्ध्या सिध्याएर उनी म भएतिरै आए, अनि भने, 'बृहद्व्रत ऋषिको आश्रम कतातिर हो?' स्वर सुन्नासाथ राजकुमार चित्राङ्गद भनेर मैले चिनें। बगाउँदै उर्लेको छालले अर्को देशमा पुऱ्याएदेखिका सारा कुरा उहाँले पनि बताइबक्स्यो। अनि मैले उहाँको पाउमा छाँद हालें। अनि मैले बिन्ती गरें। शत्रुको पञ्जाबाट छुटेपछि मन्त्रीहरूकहाँ खबर पठाएँ, तर उनीहरूले आवोचावो केही गरेनन्। अनि वैराग्य लाग्यो र तपस्या शुरू गरेकी हुँ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



शोभन ज्येष्ठ शुक्ल प्रतिपत्

अब के गर्ने भन्ने हाम्रो सल्लाह हुँदा तपस्या नै गर्ने विचार मैले प्रकट गरें। तिमीसँग विछोड हुँदा मैले यो बाटो पक्रेको थिएँ, अब त हुन्न भन्ने राय राजकुमारको भयो। अनि वृहद्व्रतकै आश्रममा बसी 'श्रीसूक्तको पुरश्चरण शुरू भयो। भक्तिपूर्वक एक हजार आवृत्ति पाठ र पूजा तथा होमसमेत राजकुमारले गरिबक्स्यो। अपराह्नमा हविष्य-भोजन गरी बसेका मात्र थियौं मन्त्रीहरू आइपुगे।

शोभन संवत्सर ज्येठ शुक्ल द्वादशी

पुरश्चरण सिद्धियो। प्रसाद पहिरेर राजकुमार पनि लड्न सवारी भयो। म पनि उही रथमा बसेर गएँ। घेरामा पारी विलासवर्मालाई हामीले पक्रियौं। अनि जुत्तै जुत्ताले राजकुमारले बाँदिबक्स्यो। राजकुमारको आज्ञामुताविक मैले पनि त्यसको मुखमा थुकिदिएँ। हात जोरेर उसले माफी माग्यो। निषधमा फेरि हाम्रो ध्वजा फर्फरायो। शंख, पटह तथा दुन्दुभिको आवाजले आकाश घन्कियो। सिन्दुरयात्रा गर्दै हामी राजधानीमा गयौं। पटवासले जहाँतहीं सुनौला रङ्ग छाइयो। दुनियाँ दङ्गादङ्ग भए।

प्रभव फाल्गुण कृष्ण चतुर्दशी

सारा राजपाठ छोराका हातमा सुम्पेर हामी दुवै दम्पती यो नैमिषारण्यमा आएर तपस्या गरिरहेका थियौं। आज विधवा भएकी हुनाले मैले सतीजाने निश्चय गरें।

☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# जङ्गी उर्दी

चंपक शहर शान्तिको घर भनिदिए हुन्थ्यो, तर त्यो दिन मिर्मिरे उज्यालो हुनासाथ अशान्तिको नाचघर वन्यो । शस्त्रास्त्रले सज्जित भएर सारा जङ्गीहरूले शहरवाहिर छाउनीमा हाजिर हुनू भन्ने ख्याली गिटिएकाले सारा वीरहरू कुदाकुद गरिरहेका थिए । वाटोमा पैदल सिपाही, घोड्चढी र महारथीहरूको घनघोर घुइँचो थियो ।

हतार भएकोले तँछाड–मछाड गरेर जाँदा पनि वीचवीचमा रोकिनु-पर्दा पछाडिकोले अगाडिकोलाई 'ए घोडा, के हेरिहेछस् ? ए हात्ती किन अडिएको ?' इत्यादि कुलिएको घ्याइँ घ्याइँले आकाश घन्किएको थियो, धूलो पनि उत्तिकै उडिरहेको थियो ।

राजा हंसध्वजका छोरा सुधन्वा पनि आफ्नो खोपीमा धमाधम कवच लगाउन लागेका थिए। पतिको त्यो चाल देखेर रानी प्रभावती सुँक्क सुँक्क गर्दै रुन लागिन् अनि सुधन्वाले भने, 'मङ्गलको वेलामा पनि यो के अमङ्गल गरेकी ?'

'अर्जुनजस्तो वीरसँग भिडिनु सानो कुरा होइन । जोसँग लड्दा कौरवको त्यत्रो दल स्वाहा भयो, जोसँग इन्द्रसमेत हार खाए। अव त्यस्तासँग लड्न सवारी हुन लागेको वेलामा म कसरी मन थामूँ" भनेर प्रभावतीले आँसु वहाइन् ।

सु०—तीभन्दा म के कम छु र ? मेरो वहादुरी अव तिमी प्रत्यक्ष देखौली । आत्मविश्वासी वीरले यस्ता हजारौं अर्जुनलाई उडाइदिन्छ भन्ने कुरा पक्का हो । फलानो भनी नामैले थरथरी काम्नु कमजोरीसिवाय केही होइन । यो अर्जुनलाई जित्यौंभने चंपकको राज्य समुद्रसम्म फैलिन्छ ।

प्र०—युधिष्ठिरको चाल देख्ता मलाई ज्यादै रन्का छुट्छ । अठार अक्षौहिणी फौज मराएर पनि नपुगेर तिनलाई अश्वमेधको आडम्बर गर्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पऱ्यो, हैन के ! हत्यामाथि झन् हत्या थपेर पनि कहीं प्रायश्चित्त होला ? यसरी भाइहरुद्वारा मनुष्यको नाश गर्नुभन्दा त फलफूल खाई जङ्गलमा बसेका भए धेरै बेश ।

सु०—क्षत्रियाणी भएर पनि यस्ता कुरा ! हेर, मुमाको जस्तो चाल यो लिनुपर्छ ।

प्र०—सामूज्यूले के गरिबक्स्यो र ?

सु०—म ऐले बिदा हुन जाँदा मुमाले मर्जी भएका कुरा सुन, 'कान्छा, अर्जुन र कृष्णलाई पाता फर्काएर यहाँ ल्याएस् । डराउनुपर्दैन । जा, खुब बहादुरी गरेर आइज । जस्तोसुकै भए पनि लडाइँमा विमुख नहुनू ! नत्र वीरकी आमा हुँ भन्ने मेरो नाक काटिन्छ ।'

प्र०—वीर छोरो पैदा गर्ने इच्छा मलाई पनि त छ-नि ।

सु०—तिमीलाई त्यस्तो इच्छा नै छैन भनेर मैले भनेको होइन । मेरो भनाइ त यो हो, पति लडाइँमा जान लागेको वखतमा वीरपत्नीले हाँसी हाँसी जयमाला लगाइदिनुपर्छ ।

प्र०—जयमाला लगाइदिने मात्र होइन, साथैमा गएर कैकेयीले जस्तै मद्दत दिनुपर्छ । अझ राम मूर्छा परेको वखतमा सीताले ऐरावणलाई मारे झैं शत्रुको संहार गर्नुपर्छ । लौ मलाई पनि लगिबक्स्योस्; जाँदा जाँदै सारथिको काम म गर्छु ।

सु०—तिमीलाई लिएर गएँभने मलाई कति खिसी गर्लान् । स्त्रीजातिलाई कसैले बाण हान्दैन भनेर आफ्नो बचाउको लागि स्वास्नी लिएर आएछ भनी हाहा गर्नेछन्, कुरा बुझ्यौ ?

प्र०—उसोभए मलाई पालमा लगेर राखिदिबक्स्योस् । चोटपटक लागेर आएकालाई म ओखती लगाइदिन्छु । त्यो पनि हुन्न मर्जी हुनेहोभने एक छिन पर्खिबक्स्योस् ।

'आठ घडी दिनै नचढ्दै शहरबाहिर लडाइँको मैदानमा हाजिर हुनू भन्ने उर्दी के तिमीले सुनेकी छैनौ ? फेरि बुवा यत्तिको कडा होइबक्सिन्छ भन्ने तिमीलाई थाहा छैन ? यदि उर्दीको समयमा पुग्न सकिनँभने मेरो कुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



गति होला । हरे शिव ! म न अर्जुनसँग लड्न पाउँछु, न त कृष्णलाई देख्न पाउँछु । धेरै दिनदेखिको मेरो इच्छामा विघ्न नपार' भनेर सुधन्वाले भने ।

'एकोहरो रोटी कहिले पाक्दैन । मेरो इच्छालाई पनि त हजुरले लत्याउनु हुँदैन नि' भनेर प्रभावतीले सुधन्वाको मुख हेरिन् ।

'खै, कुनै भाउज्यूले दाज्यूहरूलाई एक पला रोकेनन्, तिम्रो मात्र यस्तो चाल किन ?' भनेर सुधन्वाले राता राता आँखा लगाए ।

'जेठानीहरूलाई त जेठाज्यूहरूको प्रतिबिंबको मुख हेरेर मन बुझा-उने बाटो छ । म अभागिनीको खै ! लौ भँगो, सवारी हुने भए सवारी होस् । हजुरभन्दा अगिबाटै स्वर्ग पुगेर म हजूरलाई पर्खिराख्छु' भनी प्रभावतीले आँसु बहाइन् ।

सुधन्वाले भने, 'बिन्ती छ त्यसो नभन ! हेर, प्रभा ! तिम्रो अरू बानी सबै वेश छ, तर यो जिद्दी गर्ने बानी ज्यादै खराब ।'

'हजुरले त यो जिद्दी नगरिबक्सेको होला हैन ?' प्रभावतीले भनिन् । अलि च्याँट्ठिएर सुधन्वाले भने, 'तिमी कस्तो मूर्ख ?' ।

हात जोडेर प्रभावतीले भनिन्, 'मेरो मूर्ख्याइँ नसम्झिबक्स्योस्, किनभने पछिपरन्तुका लागि मैले यो भीक मागेकी हुँ !'

सुधन्वाले विचार गरे, 'स्वास्नीमानिस यस्ता हुँदा रहेछन् भनेर आज पो मैले चिनें । मलाई कस्तो धर्मसंकट परिआएको । कुनै वीर सहाय छौभने यो घोडालाई समात, नत्र यसको रक्षक भएर आएका महावीर अर्जुनको पाउमा पर भन्ने सुनको पातामा लेखी घोडाका निधारमा बाँधि-दिएको रहेछ । त्यो देख्ता एकदम मेरो कन्सिरी तात्यो । अनि त्यसलाई तबेलामा लगेर बाँध्न लगाएँ र सबै कुरा बुबालाई बिन्ति गरें । तर ऐले यो नै मेरो आपत्तिको बीउ हुन लाग्यो । यदि एक दिनपछि मात्र त्यो श्याम-कर्ण यो देशमा आइपुगेको भए यो टण्टा मलाई पर्दै पर्दैनथ्यो, वेलैमा म लडाइँको नाम राख्न पाउने भएँ भनी मलाई कति खुशी लागेको थियो । तर अभागीको त्यस्तो भाग्य कैले हुन्थ्यो !'

गहभरी आँसु गरी सुन्धवा टोलाएको देखेर प्रभावतीले मनमनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



भनिन्, 'हरे म कस्ती पिशाचिनी, पतिदेवलाई कामनाको ग्रन्थिले झेलेर आफ्नो स्वार्थ साध्न लागिरहेकी छु। यहाँको इस्पाती सुन्याइँमा खिया पारेर कालो कातरता दुनियाँलाई देखाउन आँटिरहेकी छु। तर के गरूँ, विवश छु। हुनत मेरो स्वार्थ मात्र यसमा छैन। कुल निर्मूल नहोस् र हामी दुवैको पिण्डपानी चलिरहोस् भन्नाको लागि मैले यो हठ गरेकी हुँ। बत्तीमा झुम्मिएको पुतली झैं अर्जुनका वाणाग्निमा यी अवश्य होमिने हुन्, फेरि हाम्रो भेट हुने आशा अवश्यै छैन।'

अलि कड्केर सुधन्वाले भने, 'बुझ्यो प्रभा, कुवेलामा भीक मागेर कसैले दिदैन। एकपल्ट उदाइरहेका सूर्यलाई हेर ! उनको चहकिलो ज्योतिले तिम्रो अँध्यारो विचारलाई स्थान दिदैन, बुझ्यौ ?'

घुँक्क घुक्क गर्दै प्रभावतीले भनिन्, 'यो आपत्काल हो। यसमा धर्मको जब्बर वन्धन समेत खुकुलो हुन्छ भन्ने हजुरलाई जाहेरै छ।'

आँखा चिम्लेर मास्तिर फर्की सुधन्वाले मनमनै भने 'भगवान् आपत्ति पर्दा तपाईंलाई सम्झनु स्वाभाविकै कुरा हो। तर म त रातदिन तपाईंको शरण परिरहेको छु। तैपनि यो अविश्वास, यो जाँच किन ? तपाईं जुन वाटोबाट जा भन्नुहुन्छ, म अवश्य त्यतैबाट हिड्दछु।'

सुधन्वाको पाउमा छाँद हालेर प्रभावतीले भनिन्, 'हातबाट गुमिसकेपछि सान गरेर अवश्य पाइँदैन। उसैले हजुरलाई म क्यै गरी पनि ऐलेछोड्दिनँ।'

स्त्रीको कामनालाई जित्न नसकिने रहेछ भन्ने विचार गरी सुधन्वाले लाइसकेको कवच र किरीट पनि फुकाले।

\+ \+ \+

लडाइँको मैदानमा हंसव्यूह तयार भइसकेपछि चुच्चोमा बसेका राजा हंसध्वजले ओढेको सेतो छाता उचाल्न लगाई हातको धनु हौदामा राखेर सेनातिर फर्की भने, 'वीरहो, आजसम्म तिमीहरूले कुनै लडाइँमा पिठ्यूँ फर्काएका छैनौ, अहिले पनि बहादुरीसाथ लडेर देशको इज्जत राख्नेछौ भन्ने मलाई पूरा विश्वास छ। संसारमा सबभन्दा ठूलो को भन्ने प्रश्न उठ्योभने देशभक्त वीर भनेर तुरुन्त जवाफ हामीले दिनुपर्छ, तर देश-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



भक्ति वनावटी, आडंवरी छ भने समयको कसीमा पित्तले ठाँडो हो भन्ने प्रत्यक्ष देखिन्छ। उसैले सुनौला देशभक्तिको नै म कदर गर्छु... ... ... ...

यत्तिकैमा वायुवेगले रथ दगुराएर सुधन्वा आइपुगे। उनलाई देख्नासाथ रन्कँदै हंसध्वजले भने,आठवडी बिताएर किन आइस् तैंले जंगी उर्दी सुनेको थिइनस्? सके अर्जुनसँग लड्नुपर्छ भनेर थरहरी भएको होलास्। डरछेरुवा कहाँको!'

आँखाभरी आँसु गरेर सुधन्वाले केही पनि नबोलेको देखी हंसध्वज झन् कड्किए, 'तँ मेरो छोरै होइनस्, बाबुको नाकमा विष्टा लगाइदिनेलाई पनि कसैले छोरो भन्छ ? कुलङ्गार कहाँको ?'

सुधन्वाले विराएँ भनेर हात जोडेपछि एक छिन घोरिएर पुरोहित शङ्खलाई नजीकै डाकी हंसध्वजले कानेखुसी गरे :

एक्कासि तातेर राता राता आँखा लगाउँदै शंखले भने, 'यो कस्तो पक्षपात, यदि अरू कुनै दुनियाँ यसै गरी उर्दी मिचेर आएको भए के तपाईं यस्तो दयाको कुरा गर्नु हुन्थ्यो ! मसँग यस्तो कुरा गर्नु तपाईंलाई के लाज लाग्दैन ? अब यस्ता अन्यायीको राज्यमा म एक पला पनि बस्दिन ।'

त्यत्रा तपस्वी पुरोहित त्यसरी सन्केर बाटो लागेको देखेपछि हंसध्वज नीलाकाला भए। उनको मुटु हल्लिन थाल्यो। गहभरी आँसु गरेर उनले सुधन्वाको मुख पुलुपुलु हेरिरहे।

बाबुको त्यो चाल देखेर सुधन्वाले भने 'बुबा, यसो किन ? हजूर जस्ताले प्रतिज्ञा भङ्ग गर्न खोज्नु ठीक होइन, या छोरा होस् या शत्रु होस्, अपराधीलाई दण्ड गर्नु राजाको काम हो। बाबुको शुद्ध चरित्रमा दाग नलाउनु छोराको कर्तव्य हो। उसैले खुशीसाथ यो दण्ड भोग्न तयार छु। यसमा हजूरले फिक्री मानिबक्सनुपर्दैन। पुरोहितको कुरा सत्य हुन्। राष्ट्रिय विषयमा पिता र पुत्रको सम्बन्धमा धौटा त्यान्द्रोबराबर पनि छैन। उसैले म अपराधीलाई हाँसी हाँसी सजाँ वक्स्योस्। म पनि खुशीसाथ भोग्दछु।'

यस्तो छोरालाई घोर प्राणदण्ड कसरी दिउँ। फेरि कान्छी बुहारीको मनले मलाई के भन्ला। अर्जुनलाई जितेंभने पनि ती बुहारीको मुख मैले कसरी हेरुं ? वास्तवमा यही कान्छोको आड लिएर अर्जुनसँग भिडिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



विचार मैले गरेको हुँ । तर के गरूँ घरेलु कुरा भए म माफ दिन सक्थें । यो त जङ्गी उर्दी । वास्तवमा यो पहाड जस्तै डेग चलाउन नसकिने तथा उत्तिकै सारपूर्ण र हदसे हद कडा पनि हुन पर्छ नत्र यसको के महत्त्व । हो, पुत्र-स्नेहले मलाई बगाउन खोजेको छ, तर म बग्दिनँ भन्ने मनमनै अठोट गरी हंसध्वजले मन्त्री सुमतिलाई डाकेर भने, 'म पुरोहितलाई फर्काउन जान्छु । तिमीले चाहिं यसलाई दण्ड देऊ ।'

हंसव्यूहमा खूब ग्याउँ ग्याउँ चल्यो । पुरोहितलाई कसैले झडङ्गी भने, कसैले चाहिं न्यायी । राजालाई कसैले पक्षपाती भने, कसैले चाहिं दयालु । यसै गरी सुधन्वाको पनि निन्दा र प्रशंसा हुन थाल्यो, र धेरैले क्षमाको पुकार गरे ।

अस्त्र, शस्त्र, कवच, कुण्डल सब फ्याँकेर खालि पिताम्बर र तुलसी-को माला लगाई सुधन्वाले सुमतिलाई भने, 'लौ मलाई तातेको तेलको कराहीमा हाल्नोस् ।'

आँसु बर्र खसालेर सुमतिले भने, 'म यमराजको दूत हैन । सय चूल्हो लगाई भकभकी पकाएको हजार पाथी तेलमा म देशका चहकिला मेरुदण्डलाई कसरी हालुँ । फेरि विनाकामले हजूर वेर गरिवक्सने मानिस होइन । फेरि हजूर भगवान्का अलौकिक भक्तलाई यो लौकिक सवालले छुँदैन । भजन गर्न लाग्दा समय वितेको थाहा नै भएन होला । वरु जस्तोसुकै खप्की आए पनि म नै सहन्छु ।'

'आफूले अपराध गरेर अर्कालाई तीतो फल चखाउन म चाहन्नँ । वरु आफै गएर तातो तेलमा पौडी खेल्छु' भनी अजङ्को कराहीतिर लम्केका सुधन्वालाई देखेर फौजतिर फर्की उच्च स्वरमा सुमतिले भने, वीर हो, राज-कुमारको चाल तिमीहरूले देखिहाल्यौ । अब यसमा तिमीहरूको के राय छ ? भन ।'

'यस्तो राक्षसी दण्ड हुन हामी दिंदैनौं' भनेर फौजको कोहोलो मच्चिदा पनि वास्तै नराखी तिखो– स्वरमा 'कृष्ण' 'कृष्ण' भन्दै सुधन्वाले पाइला चलाए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



जतिसुकै कराउँदा पनि सुधन्वाले आँखा चिम्लेको देखी हंसव्यूह एक्कासि कुद्यो अनि दगुरेर गई सुधन्वाको वाटो छेक्यो।

यत्तिकैमा हंसध्वजको रथ वायुवेगले आएको देखियो, रथमा बसेका राजा पुरोहित दुवै पर्ख पर्ख भनी चिच्याइरहेका थिए।

☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# क्षत्रियाणी ज्वाला

अर्जुनसंग सन्धिपत्र गरी आफ्नो दरवारको मूल ढोकामा आइपुग्ना-साथ ढोकेले राजा नीलध्वजका हातमा एउटा चिट्ठी दियो। उनले पनि उत्तिखेर चिट्ठी खोलेर हेरे। त्यसमा के लेखिएको रहेछ भन्ने कौतुक पाठक-हरूलाई लागेको भए त्यसको नेपाली यहाँ दिइएको छ। हेर्नु होस्—

"स्वस्ति श्री पूज्य पति महाराजका पाउमा,

हजूरले मेरो हात समातिवक्सेको २५ वर्ष भइसक्यो। मैले हजूरको एक वचन नाघेकी थिइनँ। के गरे हजूर खुशी होइबक्सिन्छ भन्ने मात्र मनमा लाग्थ्यो, अनि रातदिन हजूरकै सेवामा लागिपर्थें। कसरी हजूरको कल्याण हुन्छ भन्ने नै रातदिनको मेरो जप थियो। कुनै दिन अरू स्त्रीतिर नजर लगाउँदा पनि म देख्या नदेख्यै गर्थें। हुनत हजूरले पनि हिजोसम्म मलाई राम्ररी नै राखिवक्सेको थियो। तर आज वाण लागेकी वघिनी जस्तै भएँ। सावित्रीभन्दा पनि वढ्ता पतिव्रता छु भन्ने मेरो घमण्ड अरूले हेर्दा चकनाचूर भयो, तर मेरो विचारमा त धर्म छोडेकी जस्तो लाग्दैन, किनभने हजूरको कल्याणको लागि र यस्तो अवनति हेर्न नसकेर नै मैले हजूरको विरुद्ध वोलेकी हुँ।

स्वयंवरको दिनमा वीरपत्नी हुन पाएँ भनेर खुशी मात्र भएकी हैन, किन्तु अरू दिदी-वहिनीका अगाडि नाक पनि फुलाएँ। अझ कुनै कातर-पत्नीलाई गिज्याएँ, कुनैलाई चाहिं हियाएँ। मेरो त्यो चाल देखेर कति धाई-सुसारेहरूले आपसमा इशारा गरे-कानेखुसी गरे, तर वीरपत्नी हुँ भन्ने अभिमानले दश हात अग्ली भएकी मैले त्यसको वास्तै राखिनँ। आज त्यही आत्माभिमानलाई जरैदेखि उखेलेर निर्मूल पारिदिएपछि म कसरी टिकूँ। हजूर आफै विचार गरिवक्सियोस्।

आइमाई भए पनि क्षत्रियाणीको धर्म यो हो भन्ने मैले थाहा पाएकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



छ । यस विषयमा बुवा र मुमावाट मलाई वरावर शिक्षा वक्सिन्थ्यो । हाँक आएको वखतमा विधवा हुन्छु भन्ने डरले आफ्नां पतिलाई शत्रुको पाउमा पर्न लगाउनु अथवा कोठेमोचे बनाउनु क्षत्रियकुलमा कलङ्क लगाउनु होइन र ? क्षत्रियत्व त उत्साहको पुञ्ज हो सुर्‍याइँको समुद्र हो, वीरताको विश्व हो।

युधिष्ठिरको हाँक नसुनुञ्जेल उनीसँग लडाई गरिवक्सियोस् भनी के कुनै दिन विन्ति गरेकी थिएँ ? त्यो गर्नु पशुत्व हो भन्ने मलाई थाहा थिएन र ? अहिले उनको हाँकमा पनि हात बाँधेर बस्नु जडत्व जस्तो मलाई लाग्यो । लडाइँ बिलकुल असल हो भनेर म भन्दिनँ तर देशरक्षाको लागि लडाइँ गर्नैपर्छ । आफ्ना दुनियाँलाई शत्रुको हातमा सुम्पनु मर्नु हो।

युधिष्ठिरले छोडेको श्यामकर्ण घोडालाई ल्याउँदा छोरा प्रवीरलाई राजनीति नबुझ्ने भनी हजूरले साफ हप्काइवक्स्यो, अर्जुनको बहादुरीको वयान गरिवक्स्यो, अनि वलियासंग हामी जस्ता निर्धाले साम र दानकै प्रयोग गर्नुपर्छ भन्ने मर्जी भयो । जा, रक्षक भएर आएका अर्जुनको पाउमा परेर घोडा बुझा भन्ने सुनेपछि त वीर प्रवीरको मुख गुराँसको फूल जस्तै भयो, तर त्यसको विचार हजूरले गरिवक्सेन, वरु मैले गरें । आँखाभरी आँसु गरी उसले मेरो वीरपत्नीत्व र वीरमातृत्व कायम राख्नको लागि मैले बोलें—'शत्रुको गोडाको धूलोको टीका लगाउन क्षत्रियको सृष्टि भएको होइन, वरु हो असहायको सहायताको लागि र स्वदेशको शिर उठाउनको लागि ।'

कृष्णसँग लड्नुपर्छ भनेर पनि क्षत्रियले यसरी लड्नु हुन्छ ! शत्रुको सहाय भई चक्र उदाएर आएका कृष्णलाई त वीरता देखाएरै पो स्वागत गर्नुपर्छ । हालैको कुरा हो यिनै शत्रु अर्जुनले वाणैले पूजा गरेर शिवजी-लाई खुशी तुल्याएको कुरा विर्सिवक्स्यो ? इत्यादि उदाहरण दिएर आकाश पाताल देखाई हरेक किसिमवाट करजोरी विन्ति गर्दा वल्लतल्ल हजूरले मेरो प्रस्ताव मञ्जूर गरिवक्स्यो । खिया लागेको फलामलाई धारिलो तरवार बनाउन सकें भनी म ग्रौधी खुशी भएँ । कत्ति उत्साहका साथ मैले कवच, किरीट, ढाल तरवारहरू टक्र्याएँ, सुगन्धि माला पहिराएँ । बाजा बज्नासाथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



सारा सेनाले हजूरको जय मनाएको सुन्दा मेरो छाती आकाश जस्तो भयो। बङ्ग र कलिङ्गसंगको लडाइँमा मैले यस्तो पराक्रम गरें इत्यादि अगि बराबर मर्जी भएकोले यो पालि पनि जितेर सवारी फिर्छ भन्ने सपना मैले देखेर कति उर्लिरहेकी थिएँ । तर त्यो सबै मरुभूमिमा बीउ रोपे जस्तै मैले ठानें।

उत्साह दिएर जवान छोरालाई सेनापति बनाउनु त वेश कुरा हो, त्यसमा म क्यै भन्दिनँ। तर आफ्ना सामुन्नेमा पनि छोरालाई शत्रुका हातबाट बचाउन सकिबक्सेन। त्यो पनि दैवसंयोग, त्यस्तै हो भनौं। त्यसपछि शत्रुसंग भिडिन सवारी भएकोमा त म धन्यवाद दिन्छु। पछि मूर्छा परेपछि सारथिले भगाएर ल्याएकोमा पनि हजूरलाई दोष दिन्नँ । तर व्यूँतनासाथ तुरुन्तै लड्न जानुपर्नेमा अझ उल्टो खोपीमा सवारी भई रुन्कँदै मलाई भन्नु नभन्नु मर्जी भयो। हुनत हजूरले बिर्सिसकिबक्स्यो होला। तर संझाउनाको लागि केही यो पत्रमा दोहऱ्याएकी छु:—

स्वास्नीको बुद्धिमा लाग्ने बिग्रन्छ भनेको यही हो । हुन पनि विलासको पुतलीसँग केको सल्लाह? कहाँ अगाध राजनीति, फेरि त्यसमा उत्रेका फूलजस्ता आइमाई कहाँ! घरमा बसेर फूर्ति लायो, गडकियो, त्यहाँ भन्दा बढ्ता काम के छ र? अर्जुनको वाण तिमीहरूको छातीमा बज्रेको भए थाहा हुन्थ्यो, म त अहिले नै श्यामकर्ण सुम्पेर अर्जुनसंग सन्धि गर्छु ।

सुनका थालमा हीरा, मोती, पन्नाहरू हाली अर्जुनलाई नजराना चढाउन लान लाग्दा पनि यसरी सारा ढुकुटी रित्याउन ठीक होइन भनी मैले संझाउँदा त हजूर कन् आगो भइबक्स्यो, अनि मर्जी भयो, जान्ने हुन आउनुपर्दैन। बरु मन नपरे जहाँ मन लाग्छ जानू।'

जितेर आएको भए मैले जितें भनेर हजूर गंकिबक्सिन्थ्यो। तैंले जिताइस्, क्याबात! भनेर हजूर मर्जी हुन्थ्यो? बरु मलाई पनि लिएर लडाइँमा सवारी भएको भए अर्जुनसँग म भिडिन्थें, हजूरको रक्षा पनि गर्थें। स्वास्नी लिएर आउने कहाँसम्मको नामर्द रहेछ भन्छन् भनी मलाई सित्तै हड्किबक्स्यो। नपुंसकजस्तो भई रुन्चे हाँसोका साथ शत्रुको शरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पन जाँदा अहिले हजूरलाई कसले पुरुष भन्छ ? मलाई लड्न अनुमति बक्सेको भए देशको यो गति हुन म क्यै गरे पनि दिने थिइनँ । देशरक्षा गर्नु के स्त्रीजातिको कर्तव्य होइन र ? बखतमा काम लाग्छ भनेर नै मलाई बुबाले हतियार चलाउन सिकाइबक्सेको थियो । अभ्यास नटुटोस् भनेर नै हजूरसंग म शिकारमा जान्थें, नत्र ती बिचरा पशुपक्षीलाई म किन मारिरहन्थें ? इन्द्रका निम्ति इन्द्राणीले निशुम्भहरूसँग लडेको कुरा के हजूरलाई थाहा थिएन ?

म यसको पति हुँ, यसलाई जे भने पनि हुन्छ, जे गरे पनि हुन्छ भन्ने संझिबक्सेको होला, तर पत्नीको शुभेच्छालाई बीचैंमा निमोठ्नु पतित्व होइन ।

छोराको ज्यान गइसकेपछि कसका निम्ति यसरी लत्रिबक्सियो ? मैले केही बुझिनँ । आफ्नो वीर छोराको लाश गिद्धहरूले लुछ्न लागेको पनि वास्ता नराखेर शत्रुलाई राजधानीमा ल्याई सिंदुरजात्राका साथ स्वागत गर्नु के क्षत्रियलाई सुहाउने कुरा हो र ? सुहाउन त परै जाओस्, के मनले यसो गरिबक्स्यो ? म त्यसैमा ताजूब छु । छोरा आफ्नै, अर्को रूप हो भन्ने कुरा हजूरलाई थाहा रहेनछ कि, नत्र प्रेतात्माको प्यास हटाउनाको निम्ति तीन अँजुली दिन यसरी ढीलो किन गरिबक्सिन्थ्यो ? हुनत सूर्यमण्डलसम्म छिचोलेर जान सक्ने शक्ति भएको जीवलाई तिलाञ्जलिको के वास्ता ? पुत्रप्रतिको स्नेहलाई लिएर मात्र मैले कुरा गरेकी हुँ । ज्यान दिएर स्याहार सुसार गरी आफूले हुर्काएकी हुँदा मैले त आँसुका हजारौं अञ्जलि नदिई टिक्न सकिनँ ।

बुहारीको विलौनाले पनि मलाई यसरी उचालेको हो । छाती पिटेर उनी रोइन्, तर मेरो हृदयमा असह्य बाधा भयो । उनले अनन्त धारा आँसु बगाइन्, तर मैले आँखा देखिनँ । उनले हीरा मोतीका हारहरू फालिन्, मैले चाहिं वेदनाका हार लगाएँ । तरुणी बुहारीको विधवा भेष कसरी हेरूँ भनेर पनि मलाई यो पृथ्वीमा बस्न मन लागेन, एउटा नातिसम्म भएको भए पनि टिकिहाल्थें कि ! भुसको आगोमा घुस्रिएभन्दा बढ्ता पोलेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



त्यहाँबाट जुरुक्क उठी भाइ उल्मुककहाँ गएर मैले सहायता मागें। वीरको छोरो भएको हुनाले ऊ निकै दन्कला भन्ठानेको थिएँ । अर्जुनलाई पाता कसेर हजूरका अगाडि ल्याई नाक ठाडो पार्ने विचार थियो; तर भाइ झन् कातर रहेछ, धेरै वेरसम्म मण्टो ठाडो नै गरेन । अन्त्यमा भूईं कोर्दै उसले जवाफ दियो, 'अव के माइतीको पनि संहार गर्ने विचार आयो ? भीष्म, द्रोण, कर्णहरूले समेत निभाउन नसकेको अर्जुनको ज्वालामा म के पुतली बनूँ ?' त्यसपछि उसको मुखमा थुक्क थुकेर दाह्रा किट्तै मैले भनें 'नादान कहाँको' ।

अव के गरूँ भनेर छटपटिइरहेको वखतमा यी गङ्गाले मलाई वोलाइन् । म सरासर यहाँ आएँ । उसैले काललाई आफैं कृतकृत्याउने कहाँसम्मकी पापिनी भनेर मर्जी नहोला । एक त स्वधर्ममा रहेर नै पाप-प्रक्षालिनीका गर्भमा म पस्न आँटेकी छु । फेरि यो मेरो साहसले हजूरलाई खुस होलाजस्तो लागेको छ । विजयी अर्जुनसंगको मेलले अव हजूरको अकण्टक राज्य भइहाल्छ । उसैले अर्की भनेजस्ती कान्छी रानी विहे गरि-वक्स्योस । उनी हजूरको आशय विरुद्ध वोल्न सक्तै छैनन्, अनि हजूरलाई सुख-शान्ति हुनेछ ।

बुढ्याईले छोइहाल्यो, अव अर्काको पाउ मल्नुभन्दा त वरु जंगलमा तपस्या गरौं भनी पछि मैले विन्ति गरेकी थिएँ। हजूर जस्ता उत्साही राजालाई जोगी वनाउन खोज्ने म कहाँसम्मकी बेवकूफ । हजूर नभए यत्रो राज्य कल्ले चलाउला, यसरी देशको उन्नति कसले गर्ला इत्यादि कुराको विचार मैले गर्नै पर्ने । यसैवाट मेरो बुद्धि रहेनछ भन्ने हजूरलाई जाहेरै भयो । अव त्यस्ती म स्वास्नी वाँचेर हजुरलाई सुख हुने होइन । उसैले मेरो वारेमा अफसोस अव विलकुल नगरिवक्सेला ।

यो क्षणसम्म मैले जति भूल गरें जति मर्यादा नाघें ती सव अपराध हजूर जस्ता सहनशीलसँग क्षमाको भिक्षा माग्ने पत्नी ज्वालाको अन्तिम साष्टांग दण्डवत् ।"

☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# सौताको डाह

सूर्यले एक खुट्किला आकाश उक्लिसकेका थिए । उनका चहकिला किरणको प्रेरणाबाट हरेक व्यक्तिले आफ्नो आफ्नो काम समाइसकेको थियो। राजा चित्रकेतु पनि सभागृहमा बसेर दुनियाँको दर्द सुन्न लागेका थिए, जो-सुकैले भनेको कुरा पनि गौर गरेर दूधको दूध पानीको पानी नछुट्ट्याई उनको चित्त बुझ्दैनथ्यो । सकभर दुनियाँलाई मर्का नपार्ने उनको विचार थियो। यो समयमा जोसुकै पनि राजाको सामुन्ने आएर मनको वह पोख्न पाउँथ्यो। न्यायीको त कुरै छैन अन्यायीको समेत चित्त बुझाएर उनी पठाउँथे ।

लट्ठी ठ्याक ठ्याक गर्दै आएको एउटा लमकन्ना तथा कुप्रे बूढो अगि सऱ्यो । फुलेका रौं र चाउरी परेको मुखबाट सयको आसपासमा उ पुगिसकेको देखिन्थ्यो । रुन्चे स्वरमा उसले बिन्ती गऱ्यो, 'महाराज, हामी बूढाबूढी हलचल गर्न नसक्ने भइसक्यौं, सन्तानमा एउटी छोरी सिवाय अर्को कोही छैन । अब बूढीको दाइजो छोरीलाई दिन्छु भन्दा यी चारौटै भतिजा-हरू मञ्जूर गर्दैनन् । फेरि जुनसुकै पनि आफूलाई मात्र देऊ भन्छन् । उसैले जाहेर गर्न आएको छु । बूढीको जति छोरीलाई दिन पाऊँ ।''

प्राड्विवाकसँग सल्लाह गरी चित्रकेतुले भने, 'बूढा दाइ, धन्दा नमान । जल्लाई मन पर्छ उल्लाई आफ्नो दाइजो दिन पाइन्छ । अझ छोरी-लाई दिन त नपाउनु किन ? खास छोरै भए पनि त चूप लागेर बस्नुपर्थ्यो भने यी त भतिजा ।'

बूढाका भतिजातिर फर्की राजाले फेरि भने, 'हेर, तिमीहरूले कस्तो छ्यानविचार नगरेका । पुरुष भएपछि आफ्नो बाहुबलले कमाउनुपर्छ भन्ने के तिमीहरूलाई थाहा छैन ? अझ आइमाईको धनमा लोभलाल्चा गर्ने ? यसले त मानवतामा नै धक्का लागेको देखिन्छ । बाबुहो, आफै उद्योग गर । बरु चाहिन्छभने म मद्दत दिन्छु । वास्तवमा अल्छी हुनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



मर्नुबराबर हो ।'

दोस्रो व्यक्ति अगि सरेर करायो, 'सरकार, मैले ठाउँ ठाउँमा पाटी, पौवा, पाठशाला, वैद्यखानाहरू राखेको छु तर त्यसको हेरचाह गर्दिने कोही छैन । हामी अपूता बूढाबूढीको शक्ति हराउँदै गयो । त्यस कारण आइन्दाका लागि सरकारवाट नै त्यसको रेखदेख हुने बन्दोवस्त होस् । हामी मरेपछि सबै सर्वस्ववाट पनि तिनै पाटी पौवाहरूको राम्रोसँग सुधार होस् ।'

क्यास्स काँढो विझे जस्तो गरी राजाले नराम्रो मुख लाए, बल्ल हुन्छ भन्ने जवाफ दिए ।

\+ \+ \+

आफ्नो उमेर ढल्कियो, फेरि न छोरा छ न त छोरी, राती बत्ती नबालेको ठाउँ झैं जहाँ जाऊँ दिउँसै अँध्यारो छ । खै, किच्च हाँसेको, तारावाजी गरेको, बामे सरेको, टुकुटुकु हिंडेको, तोते बोली बोलेको देख्न पाएको । वीर पुत्र पैदा गर्न नै स्त्रीको जन्म भएको हो, तर के गर्नु ? अभागी रहिछु । फेरि यत्रो दरबारमा सबका सब बाँझी देख्ता त मलाई ज्यादै रुन मन लाग्छ' भनेर चित्रकेतुकी जेठी रानीले गहभरी आँसु गरिन् ।

ऐना हेर्दै सेता सेता जुङ्गदाह्रीमा ओखती लाउन लागेका चित्रकेतुले आफूलाई समालेर भने 'यसरी निराश हुने वेला भएको छैन । सकभर उद्योगतिर लाग्नु मानिसको काम हो । ऋषि मुनिले कृपा गरे भने पुत्रेष्टि यज्ञ गर्न सहजै सक्छौं । अनि हाम्रो इच्छा पूर्ण हुन के वेर ? फेरि हाम्रा छोरा यिनै दुनियाँ हुन् । यिनको हेरचाह नै हामीले ज्यानले भेटसम्म गर्नुपर्छ ।'

'राजाको सन्तान नभएपछि दुनियाँको के गति होला ? संझिबक्स्योस्, उनीहरूले कसका हातमा पर्नुपर्ने ? त्यो संझँदा त म मन थाम्नै सक्तिनँ' भनी घुप्लुक्क परिन् ।

\+ \+ \+

आज राजकुमारको छैंटी भन्दै सारा दुनियाँ दङादङ थिए । देशै झिलिमिली थियो । जेठी रानीको कोठा बयान गरेर त साध्य नै छैन । कतै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



वाजा वजिरहेको थियो, कतै नाचगान हुन लागेको थियो, कतै स्वस्तिवाचन घन्किएको थियो, कतै भने तृप्त भएका दीन दुःखीहरूले महाराज चित्रकेतुको जय मनाएको सुनिन्थ्यो ।

मुनि अंगिराको पाउमा परेर चित्रकेतुले भने, 'यहाँकै अनुग्रहवाट यो राज्यको भार विसाउन पाउने व्यक्तिको मुख मैले देख्न पाएँ धन्य मुनि !'

मुनिले भने, यो सवै हजूरको पुत्रेष्टिको फल हो ।

देवी षष्टिकाको पूजा सिध्याएर राजाले हजार गाई दान गरे त्यस-पछि 'जल्लाई जे चाहिन्छ माग !' भनेर हुकूम दिए, तर माग्ने को ?

+ + +

एक त कृष्णचतुर्दशी, उसमाथि आधा रात भएकोले अन्त जहाँतहीं चकमन्न भए पनि चित्रकेतुकी माहिली रानीको खोपीमा निक्कै खासखुस चलिरहेको थियो । जेठी महारानीवाहेक अरू सारा रानीहरू त्यहीं भेला भएका थिए । हुँदाहुँदै अलि चर्किएर एउटीले भनिन् 'लोग्ने मानिसको जात गजवको हुँदो रहेछ । खै हामीमाथि राजाको प्रेम कता गयो ? छोरो पाई भन्दैमा उनले जेठीकै दास हुनुपर्ने किन ? ओहो, जेठीको फूर्ती कत्रो नि ! अस्ति त छोराको जुत्ता बोक भन्दिरहिछ ए मलाई ? के हामी केटी हौं र ?'

'हिजो झन मलाई त उसले भन्नु नभन्नु भनी । विहान सवेरै हामी बाँझीको मुख देखियोभने उसलाई अपसगुन हुन्छ रे । कहाँसम्म बढेकी ए ! हरे शिव! यस्तो हेलाँ खपेर बाँच्नुभन्दा त मर्नु नै धेरै वेश' भनेर दोस्रीले गहभरी आंसु गरिन् ।

'कस्तो कुरा गरेकी वैनी, तिमीले, हामीले मर्ने किन ? वरु उसैलाई त्यसको स्वाद चखाउनुपर्छ । जस्तालाई तस्तै ढिंडालाई निस्तै भन्ने कुरा थाहा छैन ?' भनेर तेस्रीले उड्किइन् ।

लामो सुस्केरा हालेर चौथीले भनिन्, 'उसले राजालाई मूठीमा पारिसकी । एक किसिमले उसकै रजाइँ छभने हुन्छ । सारा भाइभारादारहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



उसकै इशारामा नाच्छन् । अचेल हामीलाई कसैले पुछ्छ र ? अब उसको शेखी झार्ने कसरी ?'

'छोरो ठूलो भएपछि त ढुङ्गाले हान्न सिकाउली, अझ हाम्रो बाहिरो-पाटै गराउने सुर छ कि ? महाराजको नजीकै हामी त जानै नहुने । एकदम आँखा तर्छ ए। पछिल्तिर त झन् भए नभएका कुरा लाउँदी हो' भनेर अर्कीले दाह्रा किटिन् ।

'यसरी पानीमरुवा बन्ने किन ? हामीमा पनि क्षत्रियको तातो रगत छ। त्यसको शेखी झार्न सकेनौंभने त बाँच्नु मर्नु हो' भनेर सौभापति माहिली रानी गर्जिइन् ।

जेठी रानीको शेखी झार्ने उद्देश्य लिएर सदस्यहरूमा कसैले राजालाई मार्ने प्रस्ताव पेश गरे, कसैले जेठी रानीलाई नै छुरी धस्ने, कसैले चाहिं युवराजलाई खुवाउने ओखतीमा सुटुक्क विष मिसाइदिने, अन्त्यमा सभापतिले टुङ्गो लगाइन् ।

\+ \+ \+

'नानी, खै आज नहाँसेको ? आऊ काखमा बस, तारावाजी अथवा अरू जे खेल्न मन लाग्छ भन, म खेलाइदिन्छु । हेर, यी तिम्री मुमा लडि-रहेकी । के तिमी यिनको वास्तै गर्दैनौ ? आमा बाबुको मन छोराछोरीमाथि छोराछोरीको मन ढुङ्गामाथि भनेको साँच्चिकै हो त ? मेरो प्राण, त्यसो नगर उठ। मैले अथवा तिम्री मुमाले केहीं बिराएको भए माफी देऊ । भन, तिमीले भनेमुताबिक म सबै तयार पारिदिन्छु ।' यस्तो बिलौना गर्दै चित्रकेतुले छोराको लाश काखमा राखे ।

अंगिरा—महाराज, यो के गरिबक्सेको ? अजान जस्तै भएर हजूरले नै यसो गरे महारानीबाट कसरी मन संझाइबक्सेला । मनै दुःखको मुल भन्ने पनि हजूरलाई जाहेरै छ, बूझ पचाउनु मूर्खता मात्र हुँन, किन्तु जडता पनि हो। जन्मेपछि अवश्य मर्नु पर्छ, अब त्यसमा रुने किन ?

'हो, बूढो मरेको भए म रुने थिइनँ। बालक मर्नु त प्राकृतिक हुँदै हुँन । वास्तवमा आमाबाबु भनाउँदाको बेहोशीले नै छोराछोरी मर्ने रहेछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



यस्तामा प्रारब्ध भनेर कसरी चित्त बुझाऊँ । यदि प्रारब्धै मान्ने होभने छोरो जन्मदा पनि हामीले हाँस्ने किन ? उसैले आफ्नै वेहोशीको फल हो भनी म रोइरहेछु, मुनि, म त अब अड्न सक्तिनँ । यही युवराजका साथसाथै चितामा चढ्छु' भनेर छोराको लाशलाई चित्रकेतुले अंगालो हाले, अनि फेरि विलाप गर्न थाले, 'बाबा, स्वर्ग, मर्त्य, पाताल तिमी जहाँ गए पनि म छोड्ने हैन । बुवा के गर्दो रहेछ भनेर तिमीले छल गरेका हौ कि कसो हो ? उठ, आफू हाँस, मलाई पनि हँसाऊ । हरे शिव कुनचाहि पिशाचले तिम्रो यो गत गरायो । त्यति मात्र भनिदेऊ अनि म त्यसैको रगतले तिमीलाई तिलाञ्जलि दिन्छु ।'

थरथर काम्दै हात जोरेकी माहिली रानीले भनिन्, 'महराज, मूल पिशाचिनी अगाडि नै छ, चाँडै नै मेरो रगत झिकीबक्स्योस् । मैले यो पाप लुकाऊँ भनेर कति उपाय गरें तर हुँदै भएन । हजार सूर्यको भन्दा पनि बढ्ता तापले मलाई पोल्यो, उकुसमुकुस भयो; भकुण्डै जस्तो गरेर मेरो मुटु उफ्रिन थाल्यो । अब यस्ती पापिनीले यस्ती समझदार पृथ्वीमा बस्नु योग्य छैन । मलाई अब भूसको आगोमा पोलिबक्स्योस्, अथवा विष्ठाका कुण्डमा गाडिदिबक्स्योस् ।'

☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# तरुना जोगी

द्वारका शहरको वाहिर वनमा एउटा पट्ठा जोगी आएर वसेको धेरै दिन भइसकेको थियो, जटा पालेर खरानी घसेका उनको मुखमा गजवको चहक थियो। कौपीनसिवाय उनको अरू केही थिएन, खाने कुराचाहि कन्दमूल थियो, यिनको यो तपस्या एक कान दुइ कान मैदान हुंदाहुँदै द्वारका शहरभर फैलियो।

द्वारकावासीहरू मेवा-मिष्टान्न लिदै नयाँ जोगीकहाँ जान थाले। दिनँपीछे भीड वढ्दै गयो। उनी हरेक किसिमको रोगको ग्रोखती गर्ने हुनाले नै मानिसहरू यसरी वँरिन थालेका हुन्। उनको प्रभाव पनि गजवको थियो। उनले दिएको विगुत लाउँदा र मन्त्रेको जल खानासाथ विरामीको जीउ हलौं भइहाल्थ्यो।

कृष्णकी वहिनी सुभद्रा विरामी भएकी धेरै नै भइसकेको थियो। उनलाई भोक र निद्रा पटक्क थिएन, विहान उठ्दा तकिया निथ्रुक्क हुन्थ्यो, दिनहुं दुब्लाउँदै गएकी थिइन्। मणि हराए झैं उनको मुख निन्याउरो थियो। कहिलेकहीं मुटु हल्लियो भनी उनी लस्त हुन्थिन्। वाहिर देख्ता अरू रोगभने केही थिएन। फेरि रोगको कारण यो हो भन्ने कुनै वैद्यले पत्ता लगाउन सकेका थिएनन्।

जस्तोसुकै व्यथा पनि निको तुल्याइदिने तपस्वी हाल द्वारकामा आएका छन् भन्ने खवर सुभद्राकी मुमा देवकीले थाहा पाइन्। अनि यिनकै आज्ञावाट नयाँ तपस्वीलाई वलरामले दरवारमा ल्याए। तपस्वीको ठूलो स्वागत भयो।

तपस्वीले मंत्रेको विगुत लगाइदिनासाथ सुभद्राको जीउ हलौं भइ-हाल्यो। कसले नदेख्ने गरी उनले तपस्वीको मुख पुलुक्क हेरिन्। त्यसै वखतमा आँखा जुधे। लाज माने जस्तो गरी सुभद्रा निहुरिन्, तर यो कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



कृष्णसिवाय अरू त्यहाँ बसेका कसैले पत्तो पाएनन् ।

तीन चार पटक तपस्वी दरबारमा आए । सुभद्रा निको भएकीले उनको मान झन् बढ्दै गयो । एक दिन आफ्नै खोपीमा लगेर कृष्णले समेत एकान्त गरे । त्यो खबर थाहा पाएपछि त दुनियाँले तपस्वीलाई झन् मान्न थाल्यो । दिनहुँ द्वारकावासी तपस्वीको कुटीमा जान थाले । त्यो भीड देखेर 'अब १०।१५। दिन कोही-पनि यहाँ नआउनू', भन्ने आज्ञा तपस्वीले दिए ।

सुभद्राले शुक्लाष्टमीको व्रत लिएकी थिइन्, उसैले उनी रथमा चढेर साँझमा भगवतीको दर्शन गर्न गएकी थिइन् । फर्कन लाग्दा त यौटा जवान व्यक्ति स्वाट्ट उनको रथमा चढ्यो अनि सुभद्राका सवार, सयस र आठपहरियाहरूलाई एकदम गलहत्ती दियो, त्यसपछि रथ पनि आफैले हाँकेर दौडायो ।

द्वारकामा ठूलो खलबल मच्चियो । कोही भन्थे, 'कस्तो आँटिलो व्यक्ति रहेछ, कृष्णकी बहिनीलाईसम्म आँट्न सक्ने ए !' कोही भन्थे, 'यो बदमाशी जरासन्धहरूकै हो नत्र अरूको के तागत !' कोही भन्थे, 'यिनै ओखती गर्ने तपस्वीले पो लगेका रे ! ।'

खबर सुन्नासाथ बलरामले फौज जम्मा गर्ने आज्ञा दिए । तुरुन्तै फौज सामेल हुने भेरी बज्यो । क्या हो, क्या हो भन्दै सारा वीरहरू छाउनीमा हाजिर हुन थाले ।

हलो हातमा लिएर उफ्रँदै कृष्णतिर फर्की बलरामले भने, 'हेर भाइ त्यो तपस्वी कहाँसम्मको गुन्डो, कहाँसम्मको धूर्त, कहाँसम्मको बदमाश ! आज हाम्री बहिनीलाई उडाएर लैजान सक्ने ए ! अब त्यल्लाई नमारीकन हुँदै हुँदैन ।'

'खालि उसको मात्र जबर्जस्ती भएको भए दाइको विचार बिलकुल ठीक हो तर यसमा बहिनीको पनि सल्लाह भएजस्तो मलाई लाग्छ । अब उसलाई मार्नु त बहिनीको दुर्दशा गराउनु मात्र हो, फेरि बहिनी हामीले दुर्योधनलाई दिन आँटेका थियौं । त्यो कुरा थाहा पाएदेखि नै बहिनी बिरामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



भइन् । अन्त्यमा त्यसलाई देखेपछि उनको रोग निको भयो । वहिनी नाबालख छैनन् । अब उनले जीवनभरको साथी आफैं छान्दा हामीले रिसाउनु किन ? हामीले स्वयम्वर गराइदिएको भए यो कुरै उठ्ने थिएन ।'

(खूब गम्भीरताका साथ कृष्णले भने)

\+ \+ \+

उहीं धूमधामसंग विहेको उत्सव भइरहेको थियो । अर्जुन र सुभद्रा अग्निकुण्डमा लावा होम गरिरहेका थिए । त्यो देखेर हेर्नेहरूले कानेखुशी गरे, 'त्यस्ता जटावाल तपस्वी वैद्य त दुलहा बनेर पो बसेछन् ए ! हेर प्रेमको ओखती प्रेमीले मात्र गर्न जान्दो रहेछ !'

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# साधु चोर

आधा रातँदेखि माण्डव्य समाधिको समाधिमैं हुन्थे, अझ धेरैजसो त रातभरी नैं । कहिले कहीं त भोलिपल्ट मध्यान्हसम्म पनि उही चाल रहन्थ्यो । बाहिरी विषयको उनलाई केही अत्तोपत्तो हुँदैनथ्यो । ढुंगोमूढो जस्तै उनी हलनचल भएर बसेका हुन्थे, पद्मासन बाँधिएर अकडिएका उनको मुटुका प्रगतिहरूले मात्र ज्यूँदै छन् भन्ने अनुमान हुन्थ्यो । सङ्गबाट दुःख बढ्छ भन्ने उनको सिद्धान्त थियो । यसैले एकान्त वनमा उनको कुटी थियो । कम्मरसम्म लर्केका कैला जटाले र मुखको अलौकिक तेजले तपस्विताको पूरा प्रमाण दिन्थ्यो । अपरान्हतिर उस्तै भक्तहरू मान्डव्यको दर्शन गर्न आउँथे, फलफूलहरू अगाडि ल्याएर राखिदिन्थे; तर उनलाई त्यसको केही परवाह थिएन । ब्रह्मरन्ध्रबाट तप्केको अमृतले नैं सधैं उनी तृप्त हुन्थे । मौनव्रत लिएका हुनाले उनसँग कसैको पनि बोलचाल हुँदैनथ्यो । दाहिने हात सूर्यलाई चढाएका हुँदा खालि बाँया हातले उनी इशारा गर्थे, त्यो पनि शरण परेका भक्तहरूलाई उपदेश दिनपर्‍योभने मात्र । उपदेशको सारांशचाहिं यस किसिम-को हुन्थ्यो, 'सारा दुःखहरू आफ्नै कुकर्मका फल हुन् उसैले सत्कर्म गर्ने गर । बरु पश्चिमबाट सूर्य उदाउलान् धर्मात्मालई दुःख त अवश्य पर्दैन ।'

आकाशमा करोड़ौं बत्तीहरू झल्किरहेका थिए तर पृथ्वीमा भने जहाँतहीं अँध्यारो र चकमन्न मिलेर एकलौटी राज्य गरिरहेका थिए । शान्ति-भंग गर्न खोज्ने खालि लाटाकोसेराहरूको आवाज मात्र सुनिन्थ्यो । पूर्व दिशाले भने मुखमा लाली लगाउन शुरू गरिसकेको थियो । यही बेला माण्डव्यका आश्रममा पोका बोकेका आठ जना मानिस पसे । त्यही जंगलको बीचमा घर थियो, हतार र डरको आवेशमा उनीहरू कुटीभित्र पसे, अनि बिस्तारै एउटाले भन्यो, 'त्यसो होइन, यो पछिपछि लागेर आएका सिपाहीका आँखामा छारो नहालिहुँदैन, नत्र यिनीहरूले हामीलाई अवश्य पक्रेर लैजान्छन् । अब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



फट्टै लुगा फुकालेर धुनीको खरानी घसो मुनिको वरिपरि हामीहरू वसौं ।

+ + +

प्रतिष्ठान शहरमा धमाधम झ्याली पिटिन लागेको थियो । केको झ्याली हो भनी दुनियाँ चारैतिरबाट वेरिएको थियो । झ्याली पिट्नेको पछाडि बीचमा आठ जना नाङ्गा नाङ्गा तरवार लिएका सिपाहीहरूको घेरा थियो, बीचमा नौ जना जोगीहरू । आकाशतिर सुकेको हात ठडयाएका एउटा जटावाल जोगीलाई चाहिं खटौलीमा बोकेका थिए । पछिल्तिरचाहिं लुगाको पोको बोकेको अर्को मानिस थियो ! झ्याली पिट्नेचाहिं बीचबीचमा यस्तो फलाक्थ्यो, 'चोर्नु मानवतादेखि धेरै तलको सिंढीमा ओर्लनु हो । चोर र छाडा साँढे एकैनास हुन् । अझ साधुको भेषबाट पाप छिपाउन खोज्ने त बिरालो हो । उसमाथि आफ्नो देशको संपत्तिमा हात हाल्नु सारा देशवासीको हत्या गर्नु हो । यी चोरहरूलाई पनि न्यायी महाराजबाट शूली चढाउनू भन्ने हुकुम भएको छ । हेर, यिनीहरूले आफ्नो योग्य कर्ममा रही उद्योग गरेका भए न चोर्नुपर्थ्यो, न त यो दशा भोग्नुपर्थ्यो । यो कुराको याद गरेर तिमीहरू पनि कर्तव्यमा पाइला बढाउँदै देशको उन्नतितिर लाग नत्र तिमीहरूको पनि यही गति हुनेछ ।'

ठाउँठाउँ चोरहरूलाई थुक्न थाले । हेर, मुखमा रामराम बगलीमा छुरा भनेको यही हो । कहाँसम्मका वदमाशहरू ! अशरफीका थैला र आफ्ना लुगा त बनावटी कुटीभित्र लगेर राखेका रे आफूहरूचाहिं आएर [illegible] पद्मासन बाँधेर मौनी बाबा बनेका रे । लौ, सिपाहीहरूले घेरा हालीकन पक्रेर ल्याएछन् । यो चोरको सरदारको चाल देख्ता पो हाँसो उठ्छ । कहाँसम्मको वदमाश । राती वेसरी कदाफरगाफ उडाउँदो [illegible] अनि किन नमाटाध्यान । दिउँसो अरूले देख्ने गरी त फलफूल पनि [illegible] कि । मनको कुरा कसरी जान्नु ? अझ खरानी र जटाले छोपिदिए[illegible] पाप पनि छिप्दो रहेछ, तर यसले दाहिने हात सुकाएको [illegible] लाग्छ । हरे शिव, यो क्षुद्र फलमा किन लाग्यो होला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



बरु साँचिकै तपस्या गरेको भए कस्तो हुन्थ्यो । जुन चोरका सरदारको यस्तो दुर्नाम चलिरहेको थियो उसको मुखभने एकजात मलिन थिएन । त्यसरी पाता कसेर ल्याउँदा पनि त्यो छटा देखेर कुनै व्यक्तिहरू जिल्ल पर्थे । बाहिर दुनियाँको कुरा सुन्दा उसको मुखमा मुस्कान देखिएको हो कि अथवा अर्कै कारणले ? यो रहस्य बुझ्ने को ? दिव्यदृष्टि नभईकन अर्काको हृदयभित्रको कुरा जान्नु पनि कसरी ।

आदिदेखि अन्त्यसम्म सबै थाहा पाएका चोरहरूमध्ये एउटाले खूब चिच्याएर भन्यो, 'ए सिपाहीहो, तिमीहरूलाई भन्दा भन्दा म थाकिसकें, तैपनि म अब एकपल्ट भन्दछु सुन, तिमीहरूको बुद्धि नपुग्दा कत्रो अन्धेरनगरी हुन लागिरहेछ, तैपनि खूब गर्‍यौं भन्ठानेर जुँगामा ताउ लगाइरहेछौ ! काममा विचार पुर्‍याएनभने ठूलो धोका हुन्छ । अझ पनि बिग्रिसकेको छैन । हो हामी चोरहरू देशका कलंक हौं, राक्षसका पछौटे हौं, बानरका सजाति हौं । हामीलाई दण्ड गर्नु मनासिबै छ तर दश जना अपराधीलाई दण्ड नगरेर त्यसै छोडिदिनुभन्दा एउटा निर्दोषीलाई दण्ड गर्नु दश गुना बढ्ता खराब हो । हेर यी त ठूला तपस्वी पो हुन् । यस्तालाई बिनाकसूरमा शूली चढाउने तिमी-हरूको कुन गति होला । चोरको सरदार त म पो हुँ । बरु झट्ट गएर राजा-लाई बिन्ती गर । भूल गरेकोमा यी माडण्व्य मुनिसंग माफी माग । मुद्दा छिन्ने हाकिमलाई भन्दा तिमीहरूलाई यसमा म बढ्ता दोष दिन्छु, तर उनीहरूले पनि खूबसंग केलाउँदै जगसम्म पुग्नुपर्ने । हुनत १० वर्षअगाडि म थानाको हाकिम हुँदा पनि यसै गर्थें । को कपाल दुखाइन्होस् ? मुद्दाभित्र जति गडेर पस्यो उति कष्ट हुने । तर अधिकार पाएको व्यक्तिले हेलचेक्र्याइँ गर्दा यस्तो अनर्थ हुन्छ भन्ने राम्ररी थाहा पाएको भए म खूब गढ्ने थिएँ । अलिकति त बूझ पचाएको पनि हुँ । एक त विलासी थिएँ, उसमाथि हाकि-मीको घमंडले उर्ल्याएको थियो ; त्यही विलासिताले भनौं कि अथवा परिस्थितिले भनौं पछि म चोरमाथि चकार गर्ने भएँ । दशौटी स्वास्नीमा मेरा पचास छोराछोरी भए । जागीरले नस हाल्न पुगेन अनि डाँकाहरूसँग मिलेर चोर्न लगाई उसबाट मोज लिन थालें । पाप तुरुन्तै करायो । घुस्याहा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



भनेर खोसिएँ, अनि साँच्चिकै डाँकू वनें। कुरा यही हो, लौ जे गर्छौ गर, तर यी मुनिको यत्रो तपस्याले यसरी चूपचाप लागेको देख्ता भने मलाई ज्यादै अचम्म लागिरहेछ। ... ... ... ...

आफ्नो सरदारलाई फुत्काउने कोशिश हो भन्ने सिपहीहरूले ठाने। मर्न आँटे भन्ने आतसले यसको मगज सड्किएछ भनेर कति दुनियाँ हाँसे। त्यसरी चिच्याउँदा पनि चोरको सरदारको पुकार कुनै व्यक्तिको हृदयमा पस्न सकेन, खालि आकाशमा कता विलायो कता।

\+ \+ \+

यत्रा महात्मालाई शूली चढाउन आज्ञा दिने म कहाँसम्मको अपराधी ? रिसाएर सराप दिएभने मेरो कुन गति होला ? दूधको दूध पानीको पानी छुट्टयाउँछु भन्ने मलाई ठूलो शेखी थियो हरे शिव, यस्ता मुद्दामा कति अनर्थ भइसक्यो होला ! अन्यायमा पर्दा दिल दुखेका ती मुद्दावालहरूले मलाई कति सरापे होलान्। राजालाई यस्ता यस्ता संकट पर्दा रहेछन् भन्ने कुरा त अहिले पो वुझें। यौटालाई दान गरेर अर्काको दिलको दर्द अवश्य घट्ने होइन। ओहो, अव मैले नरकको यातना कसरी सहने ? खालि हाकिमहरूका भरमा पर्दा यही दुर्गति हुँदो रहेछ। कुनै दिन यही नै विनाशको सिंढी पनि वन्न सक्छ। सर्वैतिर आफैं दृष्टि पुऱ्याउँछु भनेर साध्य पनि नहुने। वास्तवमा कुरा के होभने खटिएको व्यक्तिले बुद्धि पुऱ्याएनभने खटाउनेको पनि दोष टर्हिंदो रहेछ। तर त्यसै डराएर पछि हट्नु ठीक होइन। अच्युत एउटै मात्र भएपछि अल्पच्युत त हामी सहजै वन्न सक्छौं, नत्र राजगद्दीमा के नाकले वस्ने ? सज्जनको रक्षा र दुर्जनलाई दण्ड गर्नाले नै राजाको महत्त्व झल्किन्छ। तर अव म राज्य गर्न चाहन्नँ। जिन्दगी रहुन्जेल यिनै मुनिको टहल गर्छु। प्रत्यक्ष भगवान्लाई छोडेर अन्त अन्तै छामछुम गर्नु किन ? इत्यादि वडवडाउँदै राजा शूलीवाट ओह्लालेका माण्डव्यका पाउमा परे, अनि 'आँसु वहाएर घुँक्क घुँक्क गर्दै, 'महर्षि, विराएँ, माफ पाऊँ' भने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



शान्तिका साथ माण्डव्यले भने, 'तपाईंलाई दोष दिन्नँ । यो सब मेरो प्रारब्धको भोग हो' ।

असल वैद्यलाई डाक्न पठाएर राजाले तुरुन्तै माण्डव्यको ओखती गराए, अनि दिनहुँ उनको सेवा गर्न थाले ।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# पतन

'यसरी जमातका जमात भएर तपाइँहरू किन आउनुभो ?'

दध्यङ्ङाथर्वणले दाह्री फट्कारेर भने, 'महराजसंग केही कुराकानी गरौं भनेर।'

हडबडाएजस्तो गरेर वेनले भने, 'दश पलाभन्दा बढ्ता समय दिन सक्दिनँ, त्यतिमा सबै कुरा सिध्याउनोस् !'

द०—त्यो त तपाईंको हातमा छ, एक पलामा सिध्याउन पनि सक्नुहुन्छ अथवा १०य पलामा पनि सिध्याउन सक्नुहुन्न किनभने अगि पनि २।३ बाजि आएर म र पिप्पलायनले तपाईंलाई संझाइसकेका छौं ।

वे०—तपाइँहरूले भनेमुताबिक मैले गरिरहेकै छु । तर के गर्नुहुन्छ, यत्रो देशको बन्दोबस्त दुई चार दिनैमा हुनसक्ने कुरा पनि होइन । फेरि मैले मात्र गरेर हुने कुरा पनि होइन । राज्यको सारा बन्दोबस्त मैले गरेको छु । चोर तथा डांकूलाई देखें कि वितांइदिन्छु, बिराला र बकुल्ला जस्ता ढोंगीलाई सिध्याइदिन्छु । अनि मेरो वेदजस्तो शासन नमान्नेलाई उडाइदिन्छु, बुझ्नुभो ?

द०—कुरा सुन्दा तपाइँको दण्डनीति उभिण्डिएजस्तै हामीलाई लाग्छ । भैगो, त्यस बारेमा पछि कुरा गरौंला । अहिले दुनियांको उजूर माथिदेखि सुन्नोस् ! स्वकर्ममा चलिरहेका ब्राह्मणहरूलाई रोकटोक गर्नु र विद्वान्ले तपाइँ जस्ता अधम क्षत्रियको चाकरी गर्नुपर्ने किन ? कस्तो विपरीत कुरा ?

वे०—राजा द्यौता हो भन्ने वचन बिर्सनुभो ? अब मेरो सेवा गर्नु कसरी विपरीत ठहरिन्छ ? वास्तवमा राजाको वचनै वेद हो । तपाइँहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पनि त्यहीमुताबिक चल्नुपर्छ।

द०—राजधर्ममा रहनुभएको भए त केही भन्न सुहाउँथ्यो ! हेर्नोस् क्षत्रियहरू झन् तपाईंदेखि ब्रह्मणभन्दा पनि मुर्मुरिएका छन्। खास तपाईंका वीर सैनिकहरू भन्छन्, निरपराध तथा निःशस्त्र दुनियाँमाथि 'शस्त्र चला !' भनेर राजा आज्ञा दिन्छन्। त्यसमा अलिकति अल्याङमल्याङ गर्‍योभने मात्र पनि उत्नीखेरै आफ्नो घाँटीमाथि तरवार आइलाग्छ। हाय ! रक्षकको रूपमा भक्षक बनेर हिँड्नुपरिरहेछ। यहाँभन्दा दुर्गति के ?'

वे०–आदेश नमान्ने विरोधीहरूले ममाथि षड्यन्त्र गर्न खोजेका कुरा ती भेडा सैनिकलाई के पत्ता ? कुनचाहि बदमाश हो त्यो ? अहिले मलाई देखाइदिनोस्, त्यसको टाउको नफोरी कहाँ छोड्छु ?

दध्याङ्ङाथवर्णले मनमनै विचार गरे,

'यौटाले मात्र भन्या हो र ? सारा सैनिकले आश्रममा गएर गुहार मागेपछि पो हामी यहाँ आएका ! फेरि खेतीवालालाई उत्तिकै दुःख दिइ-रहेछ। खेतीपाती यसरी गर्नुपर्छ भनेर शिक्षा दिँदैन। मदत दिनुचाहि कता हो कता। अरु उल्टो मालपोत बढाएर खेतीवालको रगत चुस्छ। खेतीको उन्नति चाँडै नै गर्छु भनेर प्रतिज्ञा गरेको थियो, तर खै ! उहाँ भने मालपोत बुझाउन २ दिन ढीलो भयो भने बिचराहरूलाई झ्यालखान हालिदिन्छ, जग्गा लिलाम गराइदिन्छ, अझ हतियारसमेत देखाउँछ। यसरी जनसंख्या बढ्दै आएपछि पनि वर्षभरको एक बालीले कहीं काम चल्ला ? फेरि भन्सार बढाएर व्यापारीहरूबाट उत्तिकै पैसा थुतिरहेछ, सोझाको ढाड भाँच्दै घुसको प्रथा चलाइरहेछ। कोशमा धन बढाइदिएको भए अथवा पाटी पौवा अस्पतालहरू बनाइदिएको भए पनि भैगो भन्न हुन्थ्यो। दुनियाँलाई चुसेको पैसा खालि बिलासमा उडाइरहेछ। संझाऔं भनेर आउँदाचाहि यो झन् रन्कन्छ।'

'गुप्ती पुलीसहरूबाट धेरै कुरा मैले सुनेको छु, हामीले बनाएको राजा न हो त्यो भनी यिनीहरू उड्कन्छन रे। मेरो बाहुबल नभएको भए यिनीहरूले अभिषेक गर्दैमा राजा हुने थिएँ र ? निर्धो भएपछि बलियाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



वशमा वस्नुपर्छ भन्ने यिनीहरूलाई थाहा रहेनछ कि कसो ? फेरि आफू जे खान्छस् सारा दुनियाँलाई त्यही चीज खुवा भनी यिनीहरू भन्दछन् । त्यो के साध्य हुने हो र ? यिनीहरू खालि आदर्शवादी छन् । तर राजा भएका बखतमा मोजमजा नगरे कहिले गर्ने ? यिनीहरू भने फुकेको हान्ने राँगोजस्तै भएर आएका छन् । अब यिनीहरूमाथि साम, दान, भेद दण्डहरूमध्ये कुन नीतिको प्रयोग गरूँ ? वास्तवमा प्रभुशक्तिको महत्त्व यिनीहरूलाई थाहा रहेनछ इत्यादि कुरा मनसँग गरी वेनले रवाफका साथ भने, 'राजा दश दिक्पालको अंश हो' भन्ने मनुको वचनलाई तपाईंहरूले बिर्सनुभो ? यो तरवार खेलौना हो भन्ने तपाईंहरू नसंझनोस् ।'

अलि अगि सरेर राता आँखा पिलिक्क पल्टाउँदै पिप्पलायनले भने, मूडेबलको कुरा नगर्नोस् महाराज, सारा दुनियाँ नै विरोधी भएपछि हतियारले तपाईं कसरी राज्य गर्नुहुन्छ ? तपाईंको बदमाशीले वाक्क भएर बुबा अङ्ग महाराज अलप भएपछि गणतन्त्र बनाऔं भनी दुनियाँले त भनेका हुन् । खालि हाम्रो करले तपाईंलाई राजा बनाएका थियौं । आफ्नो शिरमा राज्यको भार परेपछि तपाईं सप्रनुहुन्छ कि भन्ने हामीलाई आशा थियो । तर तपाईं झन् झन् मदमत्त हुँदै जानुभो । साधुलाई निमोठेर फटाहालाई न्यायालयको अध्यक्ष बनाउनुभो, जी हजूर गर्ने धूर्तहरूको कुरामा बहकिएर सत्यको बाटो देखाउनेलाई कैदी बनाउनुभो। जहाँ हेर्‍यो उहीं अन्याय छ । यस्ता राजा राखेर के काम ? अब त गणतन्त्र नै गराउनुपर्छ ।'

खुट्टा ठटाउँदै वेनले भने 'गणतन्त्र भनेको के हो ? फेरि गणतन्त्रका लागि यस्तो दुनियाँ चाहिन्छ र यस किसिमको व्यवस्था हुनुपर्छ तथा गणतन्त्रमा यति किसिमका विघ्न छन् भन्ने के तिमीहरूलाई थाहा छ ? जुन गोरुको सीङ छैन उसैको नाउँ तीखे ? राजनीति यो हो भनेर के जान्या छ !'

'तिमीलाई त खूब थाहा रहेछ। यस्तै ढङ्गले राजकाज चल्ला अब । राज्य छोडिदेऊ !, हामी नै बन्दोबस्त गर्छौं ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पिप्पलायनले कुर्लेर भने—

गुराँसको थुँगोजस्तो मुख पारी दाह्रा किटेर वेनले भने, 'असभ्य कहींका। राजालाई राज्य छोड! भन्ने तिमी को ? यसै गरी अब पनि बढ्ता बोल्यौभने झ्यालखानको बास होला।'

निकै कड्केर पिप्पलायनले भने, हामीलाई झ्यालखानमा हाल्ने तँ अधम हैनस् के ? बुझिस्, हामी त फुमन्तरको वाचा गरेर तँलाई उडाइदिन सक्छौं। त्याग र तपस्यामा यति शक्ति हुन्छ भन्ने तँजस्ता पटमूर्खलाई के थाहा ? फेरि सारा दुनियाँको प्रतिनिधि बनेर हामी आएका छौं। जनमतबाट नै राजाको सृष्टि भएको हो र हुन्छ भन्ने पनि निश्चय छ। बरु ज्यान जोगाउन इच्छा छ—भने माफी माग् !'

सिंहासनमा थचक्क बसेर वेनले भने, 'तिमीहरू जस्ता जङ्गलीसँग मैले माफी माग्ने ! बरु बाँच्ने इच्छा भए फरक्क फर्केर जाओ र मैले बनाएको ऐन पढ। त्यसमा राजाको महत्त्व र शक्ति तथा नागरिकको कर्तव्य लेखिदिएको छ। त्यहीअनुसार चल, जाओ ! अब पनि फेरि यसै गरी आयौभने यही तवरले दुई दुई टुक्रा पारिदिनेछु।'

'ताकत भए लौ अहिले नै हान् !' भनेर पिप्पलायनले घाँटी थापे। एक छिन्सम्म सारा व्यक्ति तसवीरमा लेखिएजस्तै भए। अन्त्यमा वेनको हातबाट फुत्त तरवार खोसेर ऋषिहरूतिर फर्की मौढगल्यले भने, 'ऋषिहो, तपाइँहरूले यो राजा भनाउँदो कर्मचण्डालको चाल देखि हाल्नुभो। मेरो विचारमा त यस्तालाई सिंहासनमा राखेर शान्ति होला भन्ने आशा गर्नै पर्दैन। अब तपाइँहरू आफ्नो आफ्नो राय प्रकट गर्नोस्।'

सारले एकै स्वरमा भने, 'पतन गराइदिनुपर्छ पतन ! पतन!!,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# इनारको शरण

"के गरूँ वैनी, मलाई त मार् मार् हियामार् भइरेछ। भनौं कल्लाई भनौं। आङ कन्याएर छारो उडाउनु मात्र हो। नभनौंभने पनि भित्र त्यसै उकुसमुकुस भएर आउँछ।"

तपाईंको दुःख हटाउने कोशिश गरिनँभने म बाँचेको के सार भो र ! यस्तो अदाक्ष सम्पत्ति हुँदाहुँदै पनि तपाईंलाई त्यस्तो के दुःख पऱ्यो दिदी ? भन्नोस् !"

"भो भन्दिनँ, आफू त पीरमा परें परें, अब तिमीलाई पनि सित्तैं किन... ।"

"'दिदीले मलाई पराई सम्झनुभेको रेछ' भनेर वैनीले पिलपिलाउँदो मुख लगाइन्। दिदीका घरमा जाउँला, मनको वह पोखुँला, दिदीको मन पगालेर केही धन हात लागाउँला, अनि घरको गर्ज टारौंला भनेर उनी आएकी थिइन्। उसै त सेप्रो गाला भएको उनको चुच्चो मुख, उसमाथि दिदीको त्यो चालले गर्दा उनको मुखको कान्ति नैराश्यको कालो बादलले डम्मै छोपिदियो। झन् गडेका आँखाबाट वृष्टिसमेत हुँदा उनी करुणाको मूर्ति जस्तै देखिइन्।"

दिदीको नाउँ धुन्धुली हो। उनको चेप्टो मुखलाई कमलपाते आँखाले निक्कै शोभा दिएका थिए। रगत चुहिएलाजस्ता गालामा कानको गहनाको टक परेको थियो। घाँटीदेखि मनि त झन् रेशमी वस्त्र र गहनै गहनाले उनी छाएकी थिइन्। अलि होचो कदकी भए तापनि उनलाई पुड्की भन्न हुँदैनथ्यो। अलि तीखो स्वरमा उनले भनिन्, "पराई ठानेकी हैन। वरु तिमीबाट उपाय हुन नसक्ने कुरामा सित्तैं किन दुःख दिनु भन्ठा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



नेकी तैपनि इच्छा भए लौ सुन त ! तिम्रो भिनाज्यूको चाल अर्कै छ, उहाँलाई कैले छोराको मुख देखुँलाजस्तो छ। त्यसैका निम्ति कति जप पाठ गर्नुहुन्छ, कति दीनदुःखीलाई डाकी खुवाउनुहुन्छ, तर त्यो कुरा मलाई मन पर्दैन।"

बै–किन दिदी ?

दि–हरे शिव ! त्यति पनि तिमीलाई थाहा छैन ?

बै–अहँ !

दि–कस्तो 'अहँ !' नि ? दुई तीनौटा छोराछोरी पाइसक्यौ, पेट बोक्दा कत्रो कत्रो भुक्तमान काटिसक्यौ, फेरि सुत्केरी हुँदा तिम्रो दुर्दशा देखेर त म यसरी तर्सें कि ?"

बै–सुत्केरी हुनु त हाम्रो कालै हो दिदी।

दि–हो त नि ! हाम्रो छिमेकी देवदासकी स्वास्नी अस्ति मात्रै साल नखसेर मरी। अनि त्यस दिनदेखिन् त 'पेट बोक्नु आफैं कालको पाशोमा पर्नु हो' भन्ने मैले विचार गरें।

बै–ठीक हो दिदी, तर के गर्नु ?

दि–कस्तो के गर्नु नि ! तिम्रो पछाडि बुद्धि छ। हेर, हामी स्त्रीजाती के मानिस होइनौं र ! हामी मात्र छोराछोरीको मलमूत्रमा डुब्नुपर्ने किन ! अस्ति नै माइत गएका बखतमा भाउज्यूको काखैमा सानी छोरीले दिसा-पिसाप गरिदिई। मलाई भने घिन लागेर वाक्क वाक्क आयो ! झन् भाउज्यू त 'नन्दलाई के भो ?' भनेर बेसार घस्दै नजीकै आइन्, अनि त मैले बेसरी झपारिदिएँ। बुझ्यौ बैनी ?

बै–तपाईं भएर पो उनी चुमुक्क परिन्।

दि–म त कसैदेखि पनि डराउन्न। तिम्रो भिनाज्यू त मसँग बोल्न सक्नुहुन्न-भने अरूको के कुरा।

बै–भिनाज्यू ज्यादै असल हुनुहुन्छ। यत्रो सम्पत्ति हुँदा पनि यौटीकै भर परेर बस्नु धन्य हो ?

मुख नचाउँदै गर्जेर दिदीले भनिन्, "कस्तो कुरा गर्छ्यौ तिमी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



छोराछोरी पाउन अलि ढिला भो भन्दैमा सौता हाल्न पाइन्छ ? त्यस्तो हुतिहारा भयौंभने त नाश भैगो नि। अबदेखि यस्तो कुरा मेरो अगाडि नगरे !"

चौटा खान आएको संधी झोलमा डुबे झैं बैनी नीली काली भइन्। यत्तिकैमा दिदीले भनिन्, "तिमी किन यसरी गुत्थिएकी हौ ? के तिमीलाई मेरो बानी थाहा छैन र ? हेर, छोराछोरी हुर्काउन त ज्यादै गाह्रो पो हुन्छ। हुन त तिमी आफै अनुभवी छ्यौ। मैले त त्यो आँट गर्न सकिनँ, किनभने सूतिकावायु बिग्रेपछि जीउ त गइहाल्छ। मभन्दा तिमी दशखण्ड बूढी देखिइसक्यौ। यो कुरा के तिमीले विचार गरेकी छैनौ ?"

'हो, मलाई पनि छोराछोरी नजन्मुन्जेल यस्तै लाग्थ्यो, तर मुख देख्नासाथ मायाले छोपिहाल्दो रेछ। आजकल त एक दिन छोराछोरी कतै गए भने पनि च्याउँतो लाग्छ, क्यै भो कि भनेर मन भुटभुटिन्छ, अनि कहिले घरभित्र पस्लान् जस्तो लाग्छ।' (बैनीले निहुरेर भनिन्।)

खित्त हाँसेर दिदीले भनिन्, 'पछि छोराछोरीले पाल्लान् पोस्लान् भन्ने दुराशाले के तिम्रो बुद्धि छोपिएको छ ? अहँ, यो कुरा फाल्तू हो। हेर, आफूसँग पैसा छ भने दुनियाँ नै आफ्नो छोरा ! कुरा बुझिनौ ? यही अठोट गरेकी हुनाले दुई तीन महीना नाघ्यो कि कुभिण्डोसुभिण्डो इत्यादि बेसरी गुताछु। अझ वैद्यसँग कुरा मिलाएर ओखती खाइदिन्छु। तर त्यो कुरा तिम्रा सोझा भिनाज्यू पत्तै पाउँदैनन्। तर यो कुरा कसैसँग नगरे नि !!'

'भिन्नरुचिर्हि लोकः' भन्ने उक्ति सत्य छ। तन मन, धन, चढाउँदा पनि सन्तानको मुख देख्न नपाएर पाखोमा परेको माछो झैं छटपटाउने मानिस यही संसारमा पाइन्छन्। छोराछोरीको तोतेबोली सुनेर अमृतको स्वादसँग तुलना गर्ने मनुष्यको यहाँ कमी छैन। 'सन्तति-निरोध नै सुखको साधन हो' भन्ने व्यक्तिहरूको गर्जना पनि जहाँतहीं सुनिन्छ।'

भइँतिर हेरी निधारमा गाँठो पारेर बैनीले भनिन्, 'तर, अब पनि त्यसै गर्नुभए भैगो नि। अनि किन पीर मान्नुभएको त ?'

निन्याउरो मुख लाएर दिदीले भनिन्, 'के गर्छौ बैनी ! हेर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



त्यो पेटारोमा राखिछोडेको फलले पो मलाई पिऱ्यो, तिम्रा भिनाज्यूलाई यीटा ठूला सिद्धले दिएको रे । त्यो खानासाथ गर्भ रहन्छ रे । अब खानालाई पो के गर्ने ! ओखतीसोखती खाएर यल्लाई पत्ता लाग्ने हैन ।'

दिदीले आँखाभरी आंसु गरेको देखेर यताउति पल्याकपुलुक हेरी कानेखुसी गर्दै वैनीले भनिन्, 'त्यो फल लगेर गाईलाई खान दिनोस् ! अनि खाएँ भनिदिनोस् !' भैगो नि । फेरि फल खाँदैमा गर्भ रहन्छ भन्न सकिन्छ र ?'

स्वास्नीमानिसमा यति बठ्याइँ हुन्छ भन्न सकिदैन । छाले पार्नामा उनीहरूलाई न विद्वान्ले जित्न सक्छन्, न वीरले । जस्तोसुकै पुरुषलाई पनि आइमाईहरू थाङ्नामा सुताइदिन्छन् । उनीहरूलाई यस्ता कला कसैले सिकाउनुपर्दैन । पुरुषका आँखामा छारो हालेर उत्तिखेरै सुनलाई पित्तल र पित्तललाई सुन पार्ने शक्ति उनीहरूमा नै हुन्छ ।

वैनीलाई धाप मार्दै दिदीले भनिन्, 'क्याबात ! नानी, ठीक कुरा भन्यौ, तर गर्भ रहन्न अनि फल के गरी, कसो गरी भनेर पक्रिहाल्छन् नि । तिम्रा भिनाज्यू हुनिका छन् र ! सानोतिनो कुरामा रिसाउँदैनन्, तर रिसाएपछि भने चाहिं आगो हुन्छन्, अनि उनको अगाडि पर्ने को ?'

दिदीसँग कानेखुशी गर्दै वैनीले भनिन्, 'म रजस्वला नभेको २ महीना भइसक्यो । अवश्य नै गर्भ रहेको हो । त्यस्तो भएपछि काम पट्याउन के गाह्रो भो र ! तर यो माया रच्नाको लागि तपाईंको जुवाइँलाई हात नलिई हुँदैन । उहाँको हातमा दुई चार सय रुपियाँ हालिदिनुभयो भने यो काम फत्ते भइहाल्छ । हेर्नोस् दिदी, मलाई लोभिनी नभन्ठान्नोस् नि । मबाट मात्रै यो काम हुने भए कानाकौडीको कुरा गर्ने थिइनँ । के गर्नु, लोग्नेमान्छेहरू त्यसै फक्किदैनन् ।'

दङ्ग परेर दिदीले भनिन्, 'वैनी, दुई चार सय त के कुरा दुई चार हजार पनि खर्च गर्न म तयार छु । आफ्नो ज्यान जस्तो धन हो र ! लौ अहिले यही हीराको औंठी लिएर गई जुवाइँसँग कुरा मिलाऊ ! काम फत्ते भएपछि त जुवाइँको चित्त म बुझाइदिहाल्छु नि ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



'यो काममा एक दुइओटा नोकर चाकरलाई पनि हात लिनुपर्छ दिदी, नत्र त छिपाको घ्याम्पो फुटे झैं छताछुल्ल हुन जान्छ' भनेर बैनी जुरुक्क उठिन्।

× × ×

आत्मदेवको घरमा छोराको न्वारान भएकोले धूमधाम उत्सव थियो। आउने जाने मानिसको गिन्ती थिएन! नक्षत्रअनुसार धुन्धुकारी भन्ने नाउँ राखेर आत्मदेवले छोरालाई सूर्यको दर्शन गराए। फलक्क झुल्केको घाममा छोराको अनुहार हेर्न उनलाई ज्यादै मन लागेको थियो। आफ्नो इच्छा पूर्ण भएकोमा उनी ज्यादै गद्गद थिए। अनि फल दिने महात्माको आशीर्वाद हो भनेर आएका इष्टमित्रहरूलाई उनी पूर्व वृतान्त बताउँथे।

लोग्नेमानिसहरू त आत्मदेवसँग कुरा गर्थे; उनको हर्षले उद्वेग देखेर दङ्ग पर्दै जान्थे। स्वास्नीमानिसहरूचाहिं त कोसँग भेटून्, किनभने बिरामीसँग बोल्नुहुन्न भनेकोले सुत्केरीको मुख देख्न पाउदैनथे। सुत्केरी-कोठामा उनकी बैनी बसेकी थिइन्। उनकै घरबाट ल्याएकी यौटी नोकर्नी-सिवाय कोही पस्न पाउँदैनथ्यो। उसैले बाहिरपट्टि ल्याएर बालकलाई देखाइदिन्थी।

'खाने मुख त आमाकै जस्तो रहेछ' भनेर कोही भन्थे। 'आँखा पनि उस्तै छन्' भन्ने कसैको भनाइ थियो। 'नाक' चाहिं त बाबुको जस्तो छ ए' भनेर कसैले भने। 'एघारै दिनमा कति ठूलो देखिएको' भनेर यौटीले भनी। 'आमाचाहिंले त भेटै दिइनन् ए! कहाँसम्म बढेकी! सके हामी-लाई बोक्सी भन्ठानेकी होली' भन्ने खासखुस पनि चल्यो। यौटा न यौटा ठोस लगाएर कुरा काट्दै धुन्धुलीका नन्द, आमाज्यू, फुपूसासूहरू गए। साँझ परेपछि धुन्धुलीले बल्ल सास फेरिन्।

'मेरो पटक्कै दूध आउँदैन, गाई भर्खर बिहाएकी भए पनि यहाँ घर व्यवहार गर्दिने कोही छैन। उसैले एक दुई महिना बैनी यहीं बसून!' भनेर धुन्धुलीले आत्मदेवलाई भनिन्। उनले पनि पत्नीको त्यो प्रस्तावलाई मञ्जूर गरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



छोराको पास्नी भइसकेपछि वैनीलाई अब के दिएर फर्काऊँ भन्ने धुन्धुलीको मनमा लाग्यो, अनि नजिकै डाकेर उनले भनिन् । "वैनी, तिमी नभएकी भए म मरिसक्ने थिएँ । हेर, अब तिम्रो यत्रो भारा कसरी टारूँ ? साँच्चिकै भनौंभने हजार अशरफी दिए पनि थोरै हुन्छ । यो त खालि हातको शोभा गराएकी मात्र हुँ ।"

आफूले पाएको छोरा दिदीलाई सुम्पेर आफ्नो गर्भ तुहियो भन्ने बहना गरी त्यत्रो काण्ड सिद्ध गराउँदा पनि खालि दुई अशरफी मात्र पाएकीले गुत्थ परेकी वैनी भोलीपल्टै घर गइन् । कम्ती पनि पाँच हजार त ल्याउँला भनी उनले लोग्नेसंग गर्जेर आएकी थिइन् ।

× × ×

विशाल गगनतलमा शुक्लपक्षका चन्द्रमा झैं आत्मदेवको घरमा धुन्धुकारी बढ्दै गए, तर गुणमा भने विरोध देखिंदै आयो । चहकिलो देखिंदै जानुपर्नेमा यी त झन् ग्रँध्यारा हुँदै आए । छोराको प्रचण्डता बढ्दै आएको देखेर ग्रात्मदेवका मनमा भुक्तवैराग्यको पहाड खडा भयो ।

शान्त पति आत्मदेवलाई फस्ल्याङफुस्लुङ पारेजस्तो धुन्धुलीलाई कहिले हुन्थ्यो । उसैले छोराको अत्याचार बढेको देखेर विरक्त भई विदेशिएका पतिलाई उनी बराबर संझन लागिन् । सित्तैं त्यसरी ऋषिमुनिजस्ता पतिदेवलाई छकाइछु भन्ने पछुतो उनलाई बढ्दै गयो । मरिसकेकी वैनीदेखि पनि उनी रिसले चूर हुन थालिन् । धुन्धुकारीचाहिं बोली साध्य नहुँदै आयो। उसले दुइटी रण्डी घरमा ल्याउञ्जेल पनि धुन्धुलीले सहेकै थिइन् । तेस्री पातर्नी ल्याएको देखेर त उनलाई असह्य भयो, अनि दाह्रा किट्दै भन्न थालिन्, वदमाश कहाँको ! आजदेखि मेरो घरमा बस्नुपर्दैन । मेरो घरमा तँ श्यालको रजाइँ ह्वँन के ! जा, तेरै जन्माउने आमाको घरमा । मेरो जेथा त गोकर्णलाई दिन्छु । जे भए पनि ऊ आफ्नो गोठमा जन्मेको त हो कि । फेरि पैसा पनि सत्कर्ममा लाग्दछ । वेश्याहरूलाई पोस्न मेरा पतिदेवले पसीना बगाउनुभेको हैन, बुझिस् !'

मदिराले मत्त भएको धुन्धुकारीले आँखै देखेन । उसलाई कुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



आमा, कुन अरू । सरासर गएर चुल्टोमा समात्यो र लछार्दै घिसार्न थाल्यो। धुन्धुलीचाहिं "मान्यो वावा !' भन्दै चिच्याउन थालिन् । उसले झन् झन् झकुर्न थाल्यो, उनी मूर्छा परिन् । अनि तीनतिरवाट तिनौटी बुहारीले समातेर झ्याँइँकुटी पार्दै गोठमा लगेर लडाइदिए ।

धुन्धुली व्युँझदा आकाशमा लाखौं धिपधिपे वत्तीहरू बलिसकेका थिए; तर उनी सुतेको ठाउँमा विलकुल अँध्यारो थियो । 'म कहाँ छु' भन्नेसम्म उनलाई थाहा भएन । छामछुम गर्दा बल्ल गोठ हो भनेर उनले पत्ता लगाइन् । अनि घरतिर फर्केर नोकर्नीलाई बोलाइन्, तर कल्ले सुन्थ्यो र ! किनभने उहाँ भारी गानावजाना चलिरहेको थियो ।

तिर्खा ज्यादै लागेकोले सकी नसकी धुन्धुली इनारतिर गइन् । कति गर्दा पनि इनारवाट पानी झिक्न उनले सकिनन् । उनलाई वेदना बढ्दै गयो, अनि उनले आकाशतिर फर्केर भनिन्, 'हे तारा हो, काँढैकाँढा भएको यो भूतलमा म वस्न सक्दिनँ । हुनत मैले जस्तो वीउ रोपेकी थिएँ उस्तै फल पाएकी छु । उसेले म कसैलाई पनि दोष दिन्नँ ।'

'हे चहकिला ज्योतिहो, तिमीहरू विचार गरौला, 'यो कस्ती मुर्ख रहिछ, कालको अँध्यारो मुखभित्र सुरुसुरु आफैं कोही जाला ? तर त्यसो होइन । ढोका घचघच्याएर निम्ता दिई गएको कालकहाँ जान मलाई केको डर ? वरु यहाँवाट उछिट्टिएकी मलाई दया गरेर तिमीहरूले त्यो लहरमा राखे, जहाँ मेरा पतिदेव हुनुहुन्छ ।'

"तिमीहरू भनौला, 'तँ के हामीजस्तै कर्तव्यमा चलेकी थिइस् र, यति माथि आउन खोज्छेस् ?' म हो, कर्तव्यमा चलेकी थिइनँ तर अव तिमीहरूकहाँ आएपछि कर्तव्यवाट डेग चल्नेछैन । तिमीहरूलाई गुरु थापेर पतिदेवलाई भगवान्जस्तै मान्नेछु ।"

सकेसम्म ठूल्ठूला ढुङ्गा खोजी धुन्धुलीले धोतीमा वाँधिन्, त्यसपछि तलतिर फर्केर उनले भनिन्—"वरुणजी, म हजूरको शरण पर्दछु, यो भृगुपतनवाट मेरा आजसम्मका सारा पाप चूर्ण होऊन् ।"

कसैले आत्महत्या महापाप हो भनेजस्तै झट्को धुन्धलीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



लाग्यो। उनी टक्क अडिइन् । चून लगाएको आफ्नो घरतिर फर्केर उनले पुलुक्क हेरिन्, तर चालचुल केही सुनिएन ।

आफूले गर्न लागेको काम ठीक हो कि होइन भन्ने द्विविधा धुन्धुलीलाई लाग्यो। छोरासँग छुट्टिएर वसें भनेदेखि त ज्यान फाल्नै पर्दैन, फेरि यत्तिको वदनाम पनि हुँदैन भन्ने एक मन भयो। अझ पनि के हेरिरहन्छेस्। छोराको चटकन खान अझ मन लाग्दैछ ? भनेर अर्को मनले भन्यो।

एकछिन चकमन्न भयो। त्यसपछि इनारमा केही खसेंजस्तो च्वाप्लांग आवाज आयो।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

# चितामा आहुति

उत्सुकताका साथ शल्यको मुख हेरेर अम्बाले भनिन्,—

"यतातिर बहेको आन्तरिक धाराले उहाँ टिक्नै दिएको थिएन, तैपनि भीष्मको भीषण गर्जनाको पिंजडाले मलाई होइन, मेरो शरीरलाई रोकिरहेकी थियो। खोरमा परेकी सिंहिनीले झैं पुरुषसिंह हजूरकै नाउँ मैले जपिरहेको थिएँ। छिया छिया भएको मनमा मलहमपट्टी लगाइदिन पाल्नुहोस् भनी खबर पठाउने कोशिश पनि गरेकी हुँ, तर के गरूँ? परतन्त्रको रापमा पिल्सिरहेकी थिएँ। यत्तिकैमा सरासर आएर सत्यवतीले भनिन् "लौ, मेरो छोरालाई, स्वयंवर गर्न हिंड। आजदेखि तिमीहरू तिनौटी नै मेरी बुहारी हुने भयौ।"

मेरो त एकदम कन्सिरीका रौं ताते, अनि साफसाफ भनि-दिएँ। के स्वयंवर भनेको पनि यस्तै हुन्छ? के मैले आफै वरण गर्न आँटेकी छु र? खै, राजमण्डलीका बीचमा मलाई, इच्छामुताबिक वरण गर्न दिएको? परेवालाई वाजले जस्तै एक्कासी झंटेर ल्याई तिनौटीलाई एउटै हाँगामा कुण्डिएर बस भन्नु स्वयंवर हो र? यो त खास राक्षसी प्रणाली हो। अब यसमा यी दुइ बहिनीहरू जे गर्छन् गरून्, तर म त तपाईंकी बुहारी वन्न चाहन्नँ। तपाईं पनि आइमाई नै हो, यसै गरी हामीलाई जस्तै तीन चारौटीका साथमा महाराज शन्तनुका हातमा सुम्पेको भए तपाईंलाई कति अप्ठ्यारो लाग्दो हो। अरू बाबुआमाका करकापमा तपाईं बूढाका हातमा पर्नुभयो। उसै हुँदा यो वैधव्यको आँधीमा चक्कर खानुभइरहेछ। आफैं संझनुहोस्'। त्यति सुन्नासाथ रातो मुख लाएर उनी फर्किन्। यति भनेर शल्यको मुखतिर हेरी अंबा मुसुक्क हाँसिन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



शल्यका आँखा भने टल्ल परिरहेका थिए। उनमा न रागको लेश देखिएको थियो न त द्वेषको। किन हो कुन्नि, शल्यमा स्तब्धता बढ्दै गएको थियो। तर त्यो कुराको ख्यालै नराखी आफ्नै भावावेशमा उन्मुक्त भएर अंबाले फेरि आफ्नो भाषण शुरू गरिन्,– 'त्यसपछि राजसभामा गएर भीष्मका सामुन्ने मैले भनें, आइमाई हुँदैमा आफ्नो जीवनभरको सँगी छान्न पनि हामीले नपाउनु किन ? हो, यहाँलि सारा राजालाई जितेर हामीलाई ल्याउनुभयो, तिमीहरू राजी छौ कि छैनौ भनेर हामीलाई एक वचन त सोध्नै पर्ने, आर्यनारीलाई यसरी भेंडा, बाख्रा झैं जता मन लाग्छ उतै धपाउन खोज्नु कतिसम्मको बुद्धिमानी हो त्यो कुरा आफै विचार गर्नहोस्। फेरि हरेर ल्याउने वीर तपाईंलाई नै वरण गर्ने भए अर्कै कुरा। यदि स्वयंवरको सत्य अर्थ छिपाउन चाहनु हुन्न र मलाई विदा दिनुहुन्छ भने यतावाट सरासर गएर महाराज शल्यलाई नै वरण गर्दछु, यसमा तपाईंको जो दया। यति मेरो कुरा सुनेपछि एक छिन घोरिएर भीष्मले मलाई यहाँ हजूरकहाँ जाने आज्ञा दिएँ।''

'अँ' सिवाय शल्यले केही बोलेनन्। एकछिनसम्म उनले क्वार-क्वारती अंबाको मुख हेरिरहे। अब यिनी के भन्ने हुन् भनी अंबाको मन तुलबुलिइरहेको थियो। कहिले उनी बूढीऔंलाले भइँ कोर्दथिन्, कहिले भने अनिमेष दृष्टिले शल्यको मुख हेर्दथिन्। अन्त्यमा शल्यको गहिराइमा माथिमाथि उत्रिएकी अंबाले भनिन्, यहाँलाई यो स्तब्धताले किन अंगालेको हो, केही बुझिनँ।'

शल्य– राजकुमारीले हातमा परेको लड्डु गुमाएको देख्ता मलाई दुःख लाग्यो। भीष्मको बाहुबलले चहकिएको हस्तिनापुरको त्यस्तो बडामहा-रानीको पद त्याग्नु भारी मूर्खता हो। हुनत यस्तो त्यागीलाई धन्यवाद दिनु-पर्ने, हो, तर म दिन्नँ किनभने त्यसले यहाँलाई संकट मात्र दिन्छ कि जस्तो लाग्छ। बरु तुरुन्तै फर्किहाल्नोस्; बहिनीहरूको विहे हुन नपाउँदै पुग्नुभयो भने भनसुन गरे लाग्ला। भीष्मले पनि आइमाई भनेर एकपटक माफी देलान्। उनी मजस्तै निठुर अवश्य छैनन्। जानुहोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



अंबा– अब म कहीं जान्नँ । मनको सुनौला मन्दिरमा मैले यहाँको पूजा गर्न थालेको कति भइसक्यो । त्यो सबै यहाँलाई जाहेरै छ । त्यही भजन सफल भई प्रत्यक्ष दर्शन पाएको वखतमा छोडेर जाने त्यस्तो हरिलठ्ठक म छैन । वास्तवमा अब अलग रहेर टिक्ने शक्ति ममा छँदैछैन, फेरि यस्तो परीक्षामा रङमङिन म चाहन्नँ ।

शल्य– परस्त्रीको परीक्षा गर्न मलाई के चासो ? तहतहको पर्दाले छोप्नु पाप हो भन्ने सम्झी मैले त हृदय खोलेर देखाइदिइसकें ।

अंबा– हृदयदेव, म परस्त्री होइन, वरु पुजारिनी हुँ । उसैले प्रेमाश्रुले पाउ धोई यो जीवनमय पुष्प चढाउन पाऊँ । मेरो मनको धोको यत्ति हो। यहाँसँग अलख जगाउने कुनै व्यक्ति पनि आजसम्म विमुख भएको छैन भन्ने मलाई पूरा थाहा छ ।

शल्य– पूजा त्यसको गर्नुपर्छ जसवाट आफ्नो इष्टसिद्धि हुन्छ । म जस्तो हरुवाको पछि लागेर केही फाइदा छैन । जानुहोस्, विजयी भीष्मकै सेवा गर्नुहोस् ।

अंबा– उहाँ जानेभए किन छोडेर आउँथें । त्यतैवाट मेरो हृदय थाहा भइहाल्यो । उस वखतमा पनि म रुँदैरुँदै गएकी थिएँ । फेरि यहाँ जस्ता व्यक्तिले शरणको मरण गर्नुहोलाजस्तो मलाई लागेको थिएन । त्यो पनि प्रेमकी पुतलीमाथि । के यही हो त पुरुपको धर्म ?

शल्य–मैले तपाईंलाई कुनै तकलीफ दिइनँ । पाहुनाको रूपमा सकेसम्म सत्कार गरें, फेरि जसले वहादुरीद्वारा तपाईंलाई किन्यो, घरमा लगेर राख्यो, उही वहादुरकहाँ जानोस् भन्दा शरणको मरण कसरी हुने ? अर्कोले गरेको शिकारमा कुनै सिंहले आँखा लाउँदैन भन्ने कुरा प्रकृतिवाटै सिद्ध छ । क्षत्रियको धर्म शिरीषभन्दा हजार गुना मुलायम र फलामभन्दा करोड गुना कडा हुन्छ भन्ने तपाईंजस्तो राजकुमारीलाई थाहा हुनुपर्ने हो ।

अंबा– त्यही थाहा भएर नै मैले यसो गरेकी हुँ प्रकृतिले आफसेआफ फुलाएको प्रेम भन्ने सुगन्धी सुनौला फूललाई चटक्क चुँडालेर नकलीको वशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पर्नु क्षत्रियको धर्म होइन । वास्तवमा सक्ली प्रेम अजरामर छ, उसलाई जति छिमल्न खोज्यो उति बढेर आउँछ । आकाश, पाताल जहाँ पनि उ पुग्न सक्छ। आजसम्म उसलाई कसैले रोक्न सकेको छैन । जतिसुकै ढीलो होस् तापनि नग्रँगाली ऊ अडिदैन, उसैले उडाएर मलाई यहाँ ल्याइपुऱ्यायो, नत्र कसको के तागत ?

शल्य– यदि त्यसो होभने भीष्मले हर्न लाग्दैमा किन मुखमा ठेडी जाकेर बसेको ? उस वखतमा भने भीष्म पति पाएँ भनेर दङ्दास हुने, भीष्माश्रित बिचित्रवीर्यसँग बिहे हुन लाग्दाभने यता आउने । आइमाईहरू धूर्त्याईंका खानी, रूपका दासी, बिलासका पुतली, चाञ्चल्यका मूल, झगडाका वीउ हुँदा रहेछन् भन्ने कुरा मैले थाहा पाइसकें । भैगो, अब एक पला पनि यहाँ बस्नुपर्दैन, नत्र मेरो क्रोधाग्निले पोल्ला ।

अंबा– म पनि यस्ताका अगाडि बस्न चाहन्नँ, तर पित्तललाई सुन सम्झने मेरो बुद्धिलाई पनि धिक्कार छ । पुरुषहरू अंहकारका पोका, निष्ठुरताका राश, चेतनाका मरुभूमि, स्वार्थका कमारा हुँदा रहेछन् भन्ने मलाई पनि अनुभव भयो । भैगो, यसरी मर्मभेदी वञ्चरोले मेरो हृदय छिया-छिया पारेको फल कुनै दिन चाख्नुपर्नेछ। बिदा ।

× × ×

गौंथलीहरूको खल्याङ्वल्याङ सुनेर पश्चिमपट्टि पाखा लाग्न लागेका सूर्यलाई औंल्याउँदै राजर्षि होत्रवाहनले भने, 'नानी अंबा, हेर,यही तिम्रा हठ देखेर वाक्क भएका सूर्य क्षितिज पार हुन लागिसके। तिमीलाई संझाउँदा संझाउँदा मेरो पनि गालाको पाटा दुखिसक्यो । स्नान सन्ध्याको समयसमेत वित्न आँटेयो । तिम्रै निम्ति मैले परशुरामलाई समेत गुहारें । तर के गर्नु, वीर भीष्मसँग उहाँसमेत हार खानुभयो। तिमीले नै गर्दा एक्काईसपटक विजयको माला लगाउने उहाँलाई हरुवा भन्ने टाटो लाग्यो, यो के कम वेइज्जतीको कुरा हो र ? तिमी त आफ्नो दुःख मात्र ठूलो देख्दिरहिछौ । उद्योग सफल नभएपछि प्रारब्धको अपेक्षा हामीले गर्नैपर्छ भने यस्तो दुराग्रह किन ? वास्तवमा जान्छ भन्ने तिमीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



अंबा– अब म कहीं जान्नँ । मनको सुनौला मन्दिरमा मैले यहाँको पूजा गर्न थालेको कति भइसक्यो । त्यो सबै यहाँलाई जाहेरै छ । त्यही भजन सफल भई प्रत्यक्ष दर्शन पाएको वखतमा छोडेर जाने त्यस्तो हरि-लठ्ठक म छैन । वास्तवमा अव अलग रहेर टिक्ने शक्ति ममा छँदैछैन, फेरि यस्तो परीक्षामा रङमङ्गिन म चाहन्नँ ।

शल्य– परस्त्रीको परीक्षा गर्न मलाई के चासो ? तहतहको पर्दाले छोप्नु पाप हो भन्ने सम्झी मैले त हृदय खोलेर देखाइदिइसकें ।

अंबा– हृदयदेव, म परस्त्री होइन, वरु पुजारिनी हुँ । उसैले प्रेमाश्रुले पाउ धोई यो जीवनमय पुष्प चढाउन पाऊँ । मेरो मनको धोको यत्ति हो । यहाँसँग अलख जगाउने कुनै व्यक्ति पनि आजसम्म विमुख भएको छैन भन्ने मलाई पूरा थाहा छ ।

शल्य– पूजा त्यसको गर्नुपर्छ जसवाट आफ्नो इष्टसिद्धि हुन्छ । म जस्तो हरुवाको पछि लागेर केही फाइदा छैन । जानुहोस्, विजयी भीष्मकै सेवा गर्नुहोस् ।

अंबा– उहाँ जानेभए किन छोडेर आउँथें । त्यतैवाट मेरो हृदय थाहा भइहाल्यो । उस वखतमा पनि म रुँदैरुँदै गएकी थिएँ । फेरि यहाँ जस्ता व्यक्तिले शरणको मरण गर्नुहोलाजस्तो मलाई लागेको थिएन । त्यो पनि प्रेमकी पुतलीमाथि । के यही हो त पुरुषको धर्म ?

शल्य–मैले तपाईंलाई कुनै तकलीफ दिइनँ । पाहुनाको रूपमा सकेसम्म सत्कार गरे, फेरि जसले वहादुरीद्वारा तपाईंलाई किन्यो, घरमा लगेर राख्यो, उही वहादुरकहाँ जानोस् भन्दा शरणको मरण कसरी हुने ? अर्कोले गरेको शिकारमा कुनै सिंहले आँखा लाउँदैन भन्ने कुरा प्रकृतिवाटै सिद्ध छ । क्षत्रियको धर्म शिरीषभन्दा हजार गुना मुलायम र फलामभन्दा करोड गुना कडा हुन्छ भन्ने तपाईंजस्तो राजकुमारीलाई थाहा हुनुपर्ने हो ।

अंबा– त्यही थाहा भएर नै मैले यसो गरेकी हुँ प्रकृतिले आफसेआफ फुलाएको प्रेम भन्ने सुगन्धी सुनौला फूललाई चटक्क चुँडालेर नकलीको वशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पर्नु क्षत्रियको धर्म होइन । वास्तवमा सक्ली प्रेम अजरामर छ, उसलाई जति छिमल्न खोज्यो उति बढेर आउँछ । आकाश, पाताल जहाँ पनि उ पुग्न सक्छ। आजसम्म उसलाई कसैले रोक्न सकेको छैन । जतिसुकै ढीलो होस् तापनि नग्रँगाली ऊ अडिदैन, उसैले उडाएर मलाई यहाँ ल्याइपुऱ्यायो, नत्र कसको के तागत ?

शल्य– यदि त्यसो होभने भीष्मले हर्न लाग्दैमा किन मुखमा ठेडी जाकेर बसेको ? उस वखतमा भने भीष्म पति पाएँ भनेर दङ्दास हुने, भीष्माश्रित बिचित्रवीर्यसँग बिहे हुन लाग्दाभने यता आउने । आइमाईहरू धूर्त्याईंका खानी, रूपका दासी, बिलासका पुतली, चाञ्चल्यका मूल, झगडाका बीउ हुँदा रहेछन् भन्ने कुरा मैले थाहा पाइसकें । भैगो, अब एक पला पनि यहाँ वस्नुपर्दैन, नत्र मेरो क्रोधाग्निले पोल्ला ।

अंबा– म पनि यस्ताका अगाडि वस्न चाहन्नँ, तर पित्तललाई सुन सम्झने मेरो बुद्धिलाई पनि धिक्कार छ । पुरुषहरू अंहकारका पोका, निष्ठुरताका राश, चेतनाका मरुभूमि, स्वार्थका कमारा हुँदा रहेछन् भन्ने मलाई पनि अनुभव भयो । भैगो, यसरी मर्मभेदी वञ्चरोले मेरो हृदय छिया-छिया पारेको फल कुनै दिन चाख्नुपर्नेछ। बिदा ।

× × ×

गौंथलीहरूको खल्याङ्खल्याङ सुनेर पश्चिमपट्टि पाखा लाग्न लागेका सूर्यलाई ग्रौंल्याउँदै राजर्षि होत्रवाहनले भने, 'नानी अंबा, हेर,यही तिम्रा हठ देखेर वाक्क भएका सूर्य क्षितिज पार हुन लागिसके। तिमीलाई संझाउँदा संझाउंदा मेरो पनि गालाको पाटा दुखिसक्यो । स्नान सन्ध्याको समयसमेत बित्न आँटेंचो । तिम्रै निम्ति मैले परशुरामलाई समेत गुहारें । तर के गर्नु, वीर भीष्मसँग उहाँसमेत हार खानुभयो। तिमीले नै गर्दा एक्काईसपटक विजयको माला लगाउने उहाँलाई हरुवा भन्ने टाटो लाग्यो, यो के कम बेइज्जतीको कुरा हो र ? तिमी त आफ्नो दुःख मात्र ठूलो देख्दिरहिछौ । उद्योग सफल नभएर्पाछ प्रारब्धको अपेक्षा हामीले गर्नैपर्छ भने यस्तो दुराग्रह किन ? वास्तवमा जान्छ भन्ने तिमीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

... किन ? मेरो भनाइ ठीक होइन त अकृतव्रणजी ?

अकृतव्रण– विलकुल ठीक हो । वास्तवमा म पनि त्यही कुरा दोहऱ्याउँछु, दु:खसाध्य देखियुञ्जेल पनि हामीले अनुमति दिएकै हौं । उपाय पनि वताइदिएकै हो । अब ता असाध्य भइसक्यो, फेरि यस्तो पवित्र यमुनाको तीरमा बसेर अभिचार गर्ने, त्यो पनि निर्दोष आवाल ब्रह्मचारीमाथि । यस्तो दुस्साहसलाई पनि कसैले तपस्या भन्ला ? कहाँ त्यो शान्तिरस, कहाँ त्यो दुराग्रह । अमृतमा विष मिसाए जस्तै न भो, फेरि यति ठूलो अनुष्ठान त्यस्तो क्षुद्र कुराको निति !

अंबा– जसलाई रोग लागेको हुन्छ, उसलाई नै वेदनाको अनुभव हुन्छ। अरूलाई के पत्तो ? यदि तपाईंहरूलाई यस्तो चोट लागेको भए यसो भन्नुहुने थिएन । वास्तवमा घातलाई शमन गर्ने प्रतिघात नै हो । हृदयमा वाण लागेको कुनै व्यक्ति पनि शान्ति लिन सक्तैन। वाण छोड्ने व्याधाको हृदय छियाछिया पार्ने उद्योग नगरेर त मुर्दा मात्र वस्दछ । मेरो मंजूरी नैं नलिई हरेर लैजाने भीष्मको दोष छैन भनेर कसरी म मानूँ ।

भो, अब हामी यो मरुभूमिमा सदुपदेशका बीउ छरेर यो सन्ध्या समय खेर नफालौं भनेर होत्रवाहनहरू गएपछि अंबाले यमुनाको भेल बढ्ने गरी आँखाबाट खोलो वगाइन् र दाउरा ल्य एर चिता तयार गरिन् अनि प्रलयाग्निको आवाहन गरी हात जोरेर भनिन्' ... ... ... ...अग्निदेव, सती र सीताजस्ती म होइन । मलाई त तुरुन्तै खरानी बन्ने उत्कट इच्छा छ । मेरो हृदयको सारा सन्ताप नासो लिइराख र पछि त्यसैले भीष्म र शल्यलाई पोल । अझ अनुग्रह गर्छौं भने अर्को जन्ममा पनि मुटु छियाछिया पार्ने शक्ति मलाई देऊ । अन्तिम प्रार्थना के हो भने, अब म आइमाई भएर नजन्मूँ । यदि पुरुष वनायौ भने म त कुनै आइमाई माथि अत्याचार गर्नेछैन । हे हुतभुक् ! तिमीले अनन्त प्राणीलाई चपाइसक्यौ, तर मजस्तो पिरो त कोही पनि होइन होला । तर जे भए पनि अब मलाई शान्ति देऊ ।'

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Acc. No. 121908
Class No 891.49301 Book No BHA
Author भट्टराय बद्रीनाथ
Title पौराणीक कहानी

| Due on | Borrower's Name | Returned on |
| --- | --- | --- |
| | | |

891.49301
BHA
92955

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

## अरू पनि केही कथा-साहित्य

| | | |
|---|---|---|
| अवान्तर | ४।७० | भवानी भिक्षु |
| अँध्यारो द्वीपमा | ६।८० | ध्रुवचन्द्र गौतम |
| आँखीझ्याल | ४।८० | पोषण पाण्डे |
| कथा-संग्रह | २।६५ | गोविन्द गोठाले |
| चँ चँ | ९।५० | केशवराज पिडाली |
| फूलभित्रको मान्छे | ३।९५ | दुर्लभलाल सिंह |
| गालाको लाली | ६।३० | दौलतविक्रम विष्ट |
| झ्यालबाट | २२।४० | सं. ईश्वर बराल |
| बाईस-धारा | ५।५० | शरद् क्षेत्री |
| बाबुछोरा | ८।३४ | श्रीकृष्ण गौतम |
| लक्ष्मी कथा संग्रह | ६।८० | |
| सोधाइ र जवाफ | ६।८५ | |

सा प्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu